# नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए.
दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


शोधार्थी

**दलबहादुर पौडेल**

नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

२०६९

शोध–निर्देशक

प्रा.डा. मोतीलाल पराजुली

# नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए.

दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधार्थी

दलबहादुर पौडेल

नेपाली केन्द्रीय विभाग

**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौं**
**२०६९**

# त्रिभुवन विश्वविद्यालय

## नेपाली केन्द्रीय विभाग

## कीर्तिपुर, काठमाडौं

## शोधनिर्देशकको सिफारिस

नेपाली एम्.ए. दोस्रो वर्षका छात्र दलबहादुर पौडेलले **नेपाली लोकसाहित्यको अन्वेषणमा धर्मराज थापाको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको यस शोधकार्यसँग म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०६९/०४/१७

..............................

प्रा.डा. मोतीलाल पराजुली

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय

## नेपाली केन्द्रीय विभाग

## कीर्तिपुर, काठमाडौं

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र दलबहादुर पौडेलले स्नातकोत्तर दोस्रो वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको योगदान** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

| शोध-मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| १. विभागीय प्रमुख : प्रा. डा. देवी प्रसाद गौतम | ............................ |
| २. शोध निर्देशक : प्रा.डा. मोतीलाल पराजुली | ............................ |
| ३. बाह्य परीक्षकः उप.प्रा. शेषनाथ पौडेल | ............................ |

मितिः २०६९/०४/२४

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको यस शोधपत्र तयार पार्न विभिन्न व्यक्तिको सहयोग प्राप्त भएको छ ।

सर्वप्रथम प्रस्तुत शोधपत्र तयार पार्न अनुमति दिनुभएकोमा यस विभागका विभागीय प्रमुख प्रा. डा.देवीप्रसाद गौतम प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु । उहाँको त्यो अनुमतिविना प्रस्तुत अनुसन्धान सम्भव हुने नै थिएन । मैले मेरा श्रद्धेय गुरु प्रा.डा. मोतीलाल पराजुलीको प्राज्ञिक निर्देशनमा यो शोधपत्र तयार पारेको छु । उहाँको प्रोत्साहन, निर्देशन र सम्पादनविना शोधकार्यले यो स्वरूप प्राप्त गर्ने थिएन । त्यसैले उहाँप्रति विशेष धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष र परोक्षरुपमा थुप्रै समस्याहरूमा छलफल गरी समाधानका लागि प्रेरित गर्ने मेरा आदरणीय गुरूहरू प्रति उहाँहरूको प्राज्ञिक सुझाव एवम् सहयोगका लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

यस शोधपत्र तयार पार्ने क्रममा हौसला प्रदान गरी प्रेरित गर्नुहुने बुबा नरबहादुर पौडेल, दाजु रूद्र पौडेल साथै आफ्नो ज्ञान, बुद्धि र समय खर्चगरी सहयोग गर्नुहुने दाइ राजन कार्की, दिदी पवित्रा कार्की र श्रीमती चन्द्रकला पौडेल तथा कम्प्युटर कार्यमा सहयोग गर्नुहुने एभरेष्ट कम्प्युटर कीर्तिपुरका केशव अधिकारीलाई पनि सहयोगका लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, सहयोग गर्नुहुने तर यस कृतज्ञता ज्ञापनभित्र स्थानाभावको कारण सूचीवद्ध गर्न नसकिएका सम्पूर्ण शुभेच्छुक एवं मित्रजनहरूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

दलबहादुर पौडेल

परीक्षा रोल नं.: २८१५४७

त्रि.वि. दर्ता नं. ६-१-२०१-४६-२०००

नेपाली केन्द्रीय विभाग

त्रि.वि.कीर्तिपुर

मिति-२०६९/०४/१७

## विषय सूची

पेज नं.

### परिच्छेद – एक

## शोध परिचय


१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको विवरण ३

१.५ अध्ययनको महत्त्व र औचित्य ८

१.६ शोधक्षेत्र तथा सीमा ८

१.७ शोधविधि ९

१.७.१ सामग्री सङ्कलन ९

१.७.२ सामग्री विश्लेषण ९

१.८ शोधपत्रको रूपरेखा ९


### परिच्छेद – दुई

## धर्मराज थापाको सङ्क्षिप्त जीवनी


२.१ जन्म र बाल्यकाल १०

२.२ शिक्षा ११

२.३ पारिवारिक पृष्ठभूमि ११

२.४ प्रभाव र प्रेरणा १२

२.५ कार्यक्षेत्र १३

२.६ राजनैतिक संलग्नता १५

२.७ सम्मान तथा पुरस्कार १५

२.८ भ्रमण १६

२.९ निष्कर्ष १७

## परिच्छेद – तीन

# धर्मराज थापाको लोक साहित्य अन्वेषण यात्रा


३.१ नेपाली साहित्यमा धर्मराज थापाको आगमन १९

३.२ नेपाली लोक साहित्यमा धर्मराज थापा २०

३.३ धर्मराज थापाको लेखनको विकासक्रम २१

३.४ धर्मराज थापाका प्रकाशित पुस्तकाकार कृतिको सूची २५

३.४ निष्कर्ष २७


## परिच्छेद – चार

# लोक साहित्यको विधागत अध्ययन


४.१ लोक साहित्य : परिचय र परिभाषा २८

४.२ लोक साहित्यको विधा विभाजन ३१

४.२.१ लोकगीत ३२

४.२.२ लोककथा ३२

४.२.३ लोकनाटक ३३

४.२.४ लोकगाथा ३४

४.२.५ उखान र टुक्का ३४

४.२.६ गाउँखाने कथा ३५

४.३ निष्कर्ष ३६


## परिच्छेद – पाँच

# लोक साहित्यको विधागत अन्वेषणमा धर्मराज थापा


५.१ विधागत अन्वेषण ३८

५.१.१ नेपाली लोकगीतका अन्वेषकका रूपमा धर्मराज थापा ३८

५.१.२ लोककथाको अन्वेषणमा धर्मराज थापा ४६

५.१.३ लोकगाथाको अन्वेषणमा धर्मराज थापा ४७

५.१.४ लोकनाटकको अन्वेषणमा धर्मराज थापा ४९

५.१.५ नेपाली उखान, टुक्का र गाउँखाने कथाको अन्वेषणमा धर्मराज थापा ५५

५.२ सम्पादनको क्षेत्रमा धर्मराज थापा ५८

५.४ निष्कर्ष ६०

**परिच्छेद – छ**

## धर्मराज थापाको योगदान

६.१ खोज अन्वेषण तथा सङ्कलन र धर्मराज थापा ६१

६.१.१ मेरो नेपाल भ्रमण (२०१६) ६३

६.१.२ हाम्रो लोकगीत (२०२०) ६५

६.१.३ गण्डकीका सुसेली (२०३०) ६७

६.१.४ लामिछाने थापाको वंशावली (२०३९) ६९

६.१.५ लोक संस्कृतिको घेरामा लमजुङ्ग (२०४१) ७१

६.१.६ नेपाली लोक साहित्यको विवेचना (२०४१) ७२

६.१.७ सगरमाथाको सेरोफेरो (२०४४) ७३

६.१.८ चितवन दर्पण (२०५०) ७५

६.२ धर्मराज थापाको योगदानको मूल्याङ्कन ७७

६.२.१ मेचीदेखि महाकालीसम्म स्थलगत भ्रमण गरी सामग्री सङ्कलन गर्ने पहिलो अध्येता ७७

६.२.२ सामग्री सङ्कलनमा आधिकारिकता दिने प्रयास ७८

६.२.३ पछिल्ला अन्वेषकका लागि आधार सामाग्री प्रदान ७८

६.२.४ कुनै पेशा, व्यवसाय नअङ्गालिकन स्वतन्त्र रूपमा लोक साहित्यको सङ्कलनमा समर्पित व्यक्तित्व ७९

६.३ निष्कर्ष ७९

**परिच्छेद – सात**

## शोध निष्कर्ष

७.१ शोधसार ८१

७.२ निष्कर्ष ८४

**सन्दर्भ सामग्री सूची** ८६

## सङ्क्षेपीकृत – सूची

| | | |
|---|---|---|
| क्र.सं. | - | क्रम सङ्ख्या |
| चौ.सं. | - | चौथो संस्करण |
| डा. | - | डाक्टर |
| ते.सं. | - | तेस्रो संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पृ. | - | पृष्ठ सङ्ख्या |
| प्र.सं. | - | प्रथम संस्करण |
| प्रा. | - | प्राध्यापक |
| भा.रु. | - | भारतीय रूपैयाँ |
| वि.सं. | - | विक्रम सम्वत् |
| सम्पा. | - | सम्पादक |
| ... | - | केही अंश वा पङ्क्ति छोडिएको |
| / | - | अथवा |

## परिच्छेद - एक

# शोध परिचय

### १.१ विषय परिचय

धर्मराज थापाको जन्म वि.सं. १९८१ मा पोखराको बाटुले चौरमा भएको हो । उनको वास्तविक नाम भुवनबहादुर थापा हो । बालककालदेखि नै भजनकीर्तन, लोकगीत र भजन चुट्का दोहोरी गाउन आफैं सरिक हुने थापा सानैदेखि धार्मिक प्रवृत्तिका थिए । साधारण लेखपढ गर्न जान्ने भएपछि उनको रुचि नेपाली साहित्यतर्फ बढ्यो । वि.सं १९९६ शतवीज छर्नेका पछि लागेर काठमाडौं मा आएपछि तीनधारा पाठशालाबाट नेपाली प्रथम र मध्यमा उत्तीर्ण पछि अध्ययनको क्रम रोकियो । कुनै विद्यालय र महाविद्यालय भन्दा उनले प्रकृतिको विद्यालयमा जीवन शिक्षकसँग शिक्षा लिन बेस ठाने । साहित्य र सामाजिक सेवामा आफ्नो समय खर्चने थापाले काठमाडौंभित्र जागरणका गीतहरू रचेर गाउन तथा नाटकमा अभिनय गर्ने काम गरे । उनले स्वदेश तथा विदेशका विभिन्न ठाउँहरू डुल्दै नेपालीका पीर, दुःख, व्यथा र वेदनाले भरीएका जीवनकथा तथा लोक संस्कृतिहरू सङ्कलन गरी जनसमक्ष ल्याउने काम गरे । धर्मराज थापाले प्रज्ञा-प्रतिष्ठान, रेडियो नेपाल लगायतका विभिन्न क्षेत्रमा रहेर पनि लोक साहित्यको सङ्कलन, संवर्द्धन अन्वेषण, सम्पादन आदि गरेको पाइन्छ ।

नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको विशिष्ट योगदान रहेको छ । उनले लोक साहित्यका विभिन्न क्षेत्रमा कलम चलाएका छन् । उनी गायक, कवि, गीतकार, खण्डकाव्यकार, सम्पादक, खोज-अन्वेषक तथा सङ्कलक व्यक्तिका रूपमा चिनिन्छन् । खोज अन्वेषण तथा सङ्कलनका क्षेत्रमा थापाको व्यक्तित्व उच्च रहेको छ । उनले नेपालका चौध अञ्चल नै घुमेर विभिन्न ठाउँको लोक संस्कृतिको अन्वेषणात्मक सङ्कलन प्रस्तुत गरेका छन् । **मेरो नेपाल भ्रमण** (२०१६) **हाम्रो लोकगीत** (२०२०) **गण्डकीका सुसेली** (२०३०) **लोक संस्कृतिको घेरामा लमजुङ** (२०४१) **नेपाली लोक साहित्यको विवेचना** (सहलेखन) (२०४१), **सगरमाथाको सेरोफेरो** (२०४४) **चितवन दर्पण** (२०५०) जस्ता कृतिबाट धर्मराज थापाले नेपाली

तथा स्थानीय लोकगीत र लोक संस्कृतिको खोज अन्वेषण, सङ्कलन तथा प्रकाशन गरेर नेपाली लोक साहित्यलाई ठूलो गुन लगाएका छन् । त्यसैले यस शोधपत्रमा थापाले लोक साहित्यको अन्वेषण, सङ्कलन र सम्पादन क्षेत्रमा दिएको योगदानको बारेमा उल्लेख गरिएको छ ।

## **१.२ समस्या कथन**

लोक संस्कृतिको सङ्कलनका क्षेत्रमा प्रखर थापाका अनेकौं फुटकर रचनाका अतिरिक्त, गीतिकविता सङ्ग्रह, काव्य, खण्डकाव्य, अन्वेषणात्मक ग्रन्थहरू ३ दर्जन भन्दा बढी पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । यस्ता लोक साहित्यका सिर्जनशील प्रतिभा थापाका बारेमा विभिन्न लेख रचनाहरू, पुस्तक, शोधपत्र आदि प्रकाशित भइसके तापनि उनले लोक साहित्यको अन्वेषणमा गरेको प्रयासहरूको चर्चा गर्नका लागि प्रस्तुत शोधपत्रको विषय छनौट गरिएको छ । धर्मराज थापाले नेपाली लोक साहित्यको अन्वेषणमा के कस्तो योगदान दिएका छन् ? प्रस्तुत अध्ययनको मूल समस्या यही नै हो । यस समस्यालाई निम्नानुसारका उपसमस्याका रूपमा स्थापना गरिएको छ :

शोध समस्या :

१. धर्मराज थापाले नेपाली लोक साहित्यका कुन-कुन विधामा योगदान दिएका छन् ?

२. उनले लोक साहित्य संरक्षण  र सम्बर्द्धनमा के कति गरेका छन् ?

३. नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको के-कस्तो योगदान रहेको छ?

यिनै आधारभूत समस्यालाई लिएर शोधपत्र तयार गरिएको छ ।

## **१.३ उद्देश्य**

धर्मराज थापाले नेपाली लोक साहित्यका सम्पूर्ण विधामा योगदान दिएका छन् । लोकगीत गायन, सङ्कलन तथा लेखनका त्रिवेणी थापा मेचीदेखि महाकालीसम्म मात्र नभएर विदेशमा समेत भ्रमण गरी लोकगीत, संस्कृतिको सङ्कलन तथा अन्वेषण गरेका छन् । उनले विभिन्न लेखहरू, पुस्तक तथा पत्रपत्रिकाहरू प्रकाशित गरी नेपाली साहित्यलाई जनसमक्ष प्रस्तुत गरेका छन् । नेपाली लोक साहित्यको अन्वेषणमा उनको

योगदानको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको मूल उद्देश्य हो । यही मूल उद्देश्यमा केन्द्रित रहेर निम्नानुसारका सहायक उद्देश्यहरू राखिएको छ :

१. धर्मराज थापाले लोक साहित्यका विधामा दिएको योगदानको निर्क्यौल गर्ने ।

२. उनले नेपाली लोक साहित्यको संरक्षण तथा संवर्द्धनमा गरेका कार्यको सर्वेक्षण गर्ने ।

३. धर्मराज थापाले नेपाली लोक साहित्यको अन्वेषणमा दिएको योगदानको मूल्याङ्कन गर्ने ।

## १.४ पूर्वकार्यको विवरण

धर्मराज थापाको लोक साहित्य अन्वेषणको समष्टि चर्चा गरिएको पाइँदैन तापनि फाटफुट रूपमा उनको बारेमा भएका विभिन्न विषयगत चर्चाहरू तल प्रस्तुत गरिएको छ । जसले गर्दा लोक साहित्यको अन्वेषणमा उनको योगदानलाई बुझ्न सहयोग पुऱ्याएको छ ।

वालकृष्ण समले 'एक नेपाली कवि' शीर्षक राखी **डाँफेचरी** (२०१०) पत्रिकामा धर्मराज थापालाई एक नेपाली कवि भनेर चिनाएको पाइन्छ । धर्मराज थापामा भएको चौतर्फी ज्ञानको उल्लेख गर्दै समले कविका रूपमा चिनाएका छन् । समले गायक वा कवि, झ्याउरेमा सर्वाङ्ग सुन्दर तथा अदभूत प्रतिभाशाली कवि भनेका छन् । सुरिलो स्वर भएका परिश्रम गर्ने शक्ति, जनताको वेदना र पुकार व्यक्त गर्ने यथार्थवादी जनकवि भनेर समले प्रसंसा गरेको पाइन्छ ।

उत्तम कुँवरले आफ्नो पुस्तक **स्रष्टा र साहित्य** (२०२३) मा धर्मराज थापा रेडियो नेपालमा लोकगीत प्रबन्धक भएको कुरा उल्लेख गरेका छन् । थापा लेखनमा मात्र हैन, गायनमा पनि अझ भन्ने हो भने एक समय ताका निकै बढी लोकप्रिय हुनु भएको थियो । उहाँले आफ्ना ४४ गीतका २२ रेकर्ड भर्नुभएको छ । 'आजकाल स्वतन्त्र जीवनयापन गर्न निकै कठिन भएको छ, तर पनि जन साहित्यको विकासका लागि आफूले कोरेको गोरेटोलाई पक्की सडक बनाउन नसके तापनि केही ढुङ्गासम्म ओछ्याई खाल्टाखुल्टी पुर्न बढी अध्ययन र कर्ममा सङ्लग्न छु' भन्नु भएको कुरा कुँवरले उल्लेख गरेका छन् । धर्मराज थापा सामान्यतः संघर्षरत नेपाली साहित्यकारले भोग्नु परेको यथार्थलाई सरल रूपमा व्यक्त गर्न सिपालु हुनुभएको तथा नेपाली साहित्यका दुःख पूर्ण स्थितिबाट उम्कन नसक्नुभएको कुरा कुँवरले उल्लेख गरेका छन् ।

यसैगरी कुँवरले धर्मराज थापाले नेपाली लोकगीतको सङ्ग्रह गर्नमा एक क्रान्ति नै ल्याइदिएको तथा भारतमा रहेका प्रवासी  नेपालीको दुःख बटुल्न पनि उहाँ पछि पर्नु भएको छैन भन्दै नेपाली साधारण जनतामा भिज्ने कविमा उहाँको स्थान विशिष्ट छ भन्ने कुरा उक्तपुस्तकमा बताएका छन् ।

रामकृष्ण शर्माले **दश गोर्खा** (२०२६) मा महानन्द र धर्मराज थापामा रहेको देशप्रेमको तुलनात्मक अध्ययन गरेका छन् । शर्माका अनुसार हाम्रो नेपाली साहित्यमा यस्तै ढङ्गले लेखिएका प्रेमको निमित्त नभएर देशको निम्ति बलिदान गर्ने पुस्तकको ज्यादै अभाव छ, धर्मराज थापा भन्दछन् भने महानन्द 'देशको निम्ति जीवन बलिदान' भन्ने कुरामा चासो राख्छन् । त्यसैले धर्मराज थापा र महानन्द सापकोटा दुवै देशप्रेमी, जातिप्रेमी कवि हुन् भन्नु पर्दछ भन्ने शर्माले बताएका छन् । वास्तवमा यी दुवै कविलाई एउटै रथका दुईपाङ्ग्रा सम्झन्छु भनेर शर्माले उल्लेख गरेका छन् । आफ्नो ध्येय पूर्ति गर्न झ्याउरे गीतद्वारा देशबासी र आफ्नो जातिको मन खिँची पुरानो लयमा नयाँ विचार हाली आफ्नो जातिको आँखा उघारौं, ज्ञानभण्डार विस्तीर्ण पारौं भन्ने कार्यमा धर्मराज थापा संलग्न छन् । उत्तापट्टि 'झ्याउरे' लयमा मनलहरी लेखी जातिको खर्चालु स्वभाव हटाउन, देशप्रेम र जातित्व प्रेमका छन्दोबद्ध र लयशील कविता लेखी निरन्तर जोड दिइरहेका छन् महानन्द सापकोटा, भन्ने कुरा शर्माले  उक्त पुस्तकमा प्रष्ट्याएका छन् ।

राममणि रिसालको **नेपाली काव्य र कवि** (२०३१) मा गीतिकाव्यकार धर्मराज थापा शीर्षकमा उनलाई लोकगीतका अन्वेषक, प्रसिद्ध गायक आदि भनेर उल्लेख गरिएको छ । धर्मराज थापा पहिले गीतलाई हृदयको सारङ्गीमा रेटेर उजिल्याउँछन् अनि मात्र कलमले कोरेर बाहिर प्रकाशमा ल्याउँछन् । प्रस्तुतिमा उनलाई कवि देवकोटासँग दाँजेर अध्ययन गरेको पाइन्छ । नेपाली लोक जीवनमा अधिक भिजेका थापा लोक सामिप्य हुन्छन् । हाम्रा सामाजिक गर्भमा लुकेर बसेका व्यथित मनोभावनालाई काव्यात्मक रूप दिनमा थापा सशक्त छन् । उनले पहाड पहाड घुमी वल्लो डाँडा र पल्लो डाँडामा पोखिएका गीतलाई नेपाली साहित्यमा समेटेर उठाइदिएका छन् । सुरिलो स्वरमा गाएर श्रुति मधुरता दिएका थापा उल्लेखनीय गायक तथा अन्वेषक

गीतिकवि हुन् भनेर उल्लेख गरिएको पाइन्छ । स्वदेशबाट विदेशमा गएर मट्टी बिसाउने नेपालीहरू अधिक भएको तथा दुर्व्यसनको शिकार हुनुपरेको, आफ्ना पतिहरूलाई बर्षौं वर्ष घरको दैलोमा कुरिरहनुपर्ने नेपाली नारीको व्यथा आदिलाई उल्लेख गर्दै उनको रत्नजुनेली, वन-चरो मंगली कुसुम, आँसु आदिको परिचय उक्त पुस्तकमा दिएको पाइन्छ ।

रामशरण दर्नालले **नेपाली सङ्गीत साधक** (२०३८) मा धर्मराज थापाका बारेमा छोटो चर्चा गरेका छन् । उनले धर्मराज थापाले आफ्नो जीवनकालमा नेपाली लोक संस्कृतिमा पर्याप्त काम गरेको कुरा उल्लेख गरेका छन् । लोक सङ्गीत सम्बन्धी उहाँका १७ वटा कृतिहरू छन् । मुखियासाहेव, लोकगीत गायक, लोकगीत प्रचारक, कवि, लेखक, साहित्यकार, गीतकार र अनुसन्धानकर्ताको संयुक्त नाम हो धर्मराज थापा । नेपाली लोक संस्कृति र लोक सङ्गीतमा उहाँ सधैँ व्यापक रहनु भएको छ । जबसम्म लोक साहित्य र लोक संस्कृति जीवित रहन्छ, तबसम्म धर्मराज थापाको नाम अमर रहिरहने छ भन्ने कुरा उल्लेख भएको पाइन्छ ।

दामोदर पन्तले 'नेपाली लोकगीतको सम्बर्द्धनमा धर्मराज थापाको योगदान' (२०३८) शीर्षक राखी स्नातकोत्तर शोधपत्र तयार गरेका छन् । उनले उक्त शोधपत्रमा विभिन्न शीर्षक अन्तरगत धर्मराज थापाले लोकगीत क्षेत्रमा दिएको योगदानको उल्लेख गरेका छन् । उनको गायनकला तथा प्रतिभा र उनले गाएका गीतहरूको रेकर्ड सूचीकरण गर्नुका साथै धर्मराज थापाले दिलोज्यान लगाएर नेपाली गीत संगीत तथा गायन र लोक संस्कृतिका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । उनले धर्मराज थापाले लोकगीत सङ्कलन र सम्बर्द्धनमा गरेका प्रयासहरू तथा सङ्कलन र सम्बर्द्धन गरेका कुराहरूको बारेमा प्रष्ट्याएका छन् ।

घटराज भट्टराईले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (२०४०) मा धर्मराज थापाको खोजपूर्ण जीवनीमूलक चिनारी दिएका छन् । सृजना कलमले मात्र गर्दैन, वाणीले पनि गर्छ, प्रतिभाले मात्र सफलता पाइने हुँदैन, साधनले पनि सफलता प्राप्त गर्न सकिन्छ । लोकगीत सङ्कलन र गायनका क्षेत्रमा एकै साधकका रूपमा धर्मराज

थापालाई  चिनिन्छ । सङ्क्षिप्तमा थापाका कृतिगत मूल्य मान्यतालाई नेपाली लोक संस्कृति विज्ञता, राष्ट्रिय भाव प्रधानता, गीत रचना र सफल गायन गरेर प्राथमिकता क्रममा उल्लेख गर्न सकिन्छ । प्रकृतिलाई नचाएर होस कि लोक संस्कृतिलाई अँगालेर होस, गीति शैलीलाई पछ्याएर होस कि कोकिल कण्ठले श्रोताहरूलाई मुग्ध  बनाएर होस् धर्मराजले केही गरे । शिष्ट र मिलनसार व्यक्तित्व देखाएर नेपाली वाङ्मयका लागि नेपाली संस्कृतिका लागि र नेपाली गीत जगतका लागि जे गरे, जतिगरे, जसरी गरे त्यो प्रशंसनीय रहेको छ । कुनै पदमा नरहँदा र रहँदा पनि लोक साहित्यमा चुर्लुम्म डुबेर थापाले केही गरेका छन् र गरिरहेका छन् भन्ने कुरा उक्त पुस्तकमा उल्लेख गरिएको पाइन्छ ।

कृष्णप्रसाद ओझाले ‘धर्मराज थापा र लोक साहित्यमा उनको योगदान’ (२०४१) शीर्षकमा रत्नराज्य लक्ष्मी क्याम्पसबाट मूल नेपाली दोस्रो पत्रको ऐच्छिक ( ख) समूहको प्रयोजनका लागि ५० पूर्णाङ्क स्नातक शोधपत्र प्रस्तुत गरेका छन् । ओझाले जनकविकेशरी उपाधि प्राप्त पश्चात् नेपाली लोक साहित्यमा निकै योगदान दिएको कुरा उल्लेख गरेका छन् । उनले धर्मराज थापा र सत्यमोहन जोशी, लक्ष्मण लोहनी र पूर्वोत्तर केही लोक साहित्यकारहरूको तुलनात्मक अध्ययन गर्दै लोक साहित्यका सम्पूर्ण विधामा धर्मराज थापाको योगदान भएको उल्लेख गरेका छन् । उनले थापाको कार्यक्षेत्र लोक साहित्यको अध्ययन, अनुसन्धान सङ्कलन तथा प्रचार प्रसार रहेको र लेखनाथ पौड्यालजस्ता साहित्यकार पनि प्रभावित भएको कुरा उल्लेख गरेका छन् ।

ईश्वर बरालले **हिमचुली** (२०४३) को भूमिकामा धर्मराज थापा झ्याउरेमा प्रसिद्ध भएको र उहाँको झ्याउरे माधवप्रसाद घिमिरेबाट प्रभावित भएको उल्लेख गरेका छन् । धर्मराज थापाको झ्याउरेले जनजीवनका भावना व्यक्त गरिने शैली परिदर्शन आदि पाउन बाँकी भएको र वाक्य संयोजनको व्याकरणिक त्रुटि ठाउँठाउँमा फेला परेको उल्लेख गरेका छन् । उहाँमा ग्राम्य सारल्य छ र त्यसैले काव्यात्मक उच्छ्वासलाई उहाँ प्रशस्त प्रसादगुणले रमणीय पारिदिनु हुन्छ । नेपाली जनजीवनलाई उद्भासित गर्ने केही कविता यता उहाँका देखिएका छन् भनेर उल्लेख गरेको पाइन्छ ।

उक्त हिमचुली ग्रन्थमा धर्मराज थापाका वसन्त, आमासँग, धुरुधुरु नरोउ आमा, नेपालीले माया मार्‍यो बरिलै, हाम्रो लोकगीत जस्ता रचनाहरू प्रस्तुत गरिएका छन् ।

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचय कोश** (२०५१) मा प्रकाशित गरी धर्मराज थापाका बारेमा उल्लेख गरेका छन् । थापा देशका कुना-कुना धाएर होस कि गाएर होस लक्षित उद्देश्यमा खटेर होस कि डटेर होस् नेपाली भाकाका नेपाली गीतलाई बटुलेर आफ्नै पाराले प्रस्तुत गरी नेपाली वाङ्मय फाँटमा गहकिलो योगदान गर्नेमा पर्दछन् । कविता र गीत पनि लेख्छन् । उनको विशिष्ट योगदान चाँहि लोकगीतको सङ्कलन र प्रस्तुति नै हो ।

विष्णुप्रसाद सापकोटाले 'धर्मराज थापाको जीवनी, व्यक्तित्व र कृतित्व' (२०५४) मा स्नातकोत्तर त्रि.वि. शोधपत्र तयार गरेका छन् । उनले धर्मराज थापाको वाल्यकाल, रूचि, शिक्षादीक्षा, उनको व्यक्तित्व कवि, गीतकार, गायक आदि उल्लेख गरेको पाइन्छ । ४ अध्यायमा समेटिएको उक्त शोधपत्रमा थापाका कृतिहरूको सङ्क्षिप्त अध्ययन गरी परिचय दिएको र विशेषगरी लोकगीतसँग सम्बन्धित पुस्तकहरूको सामान्य परिचय दिएको पाइन्छ ।

खुमलाल पौडेलले **पोखरेली समालोचना** (२०६५) मा 'धर्मराज थापाको साहित्यिक यात्राको संक्षिप्त रेखाङ्कन' शीर्षकको लेखमा धर्मराज थापा नेपाली साहित्यमा लोकगायक र लोक साहित्यको क्षेत्रमा अध्ययन र सङ्कलन गर्ने विशिष्ट साधकका रूपमा चिनिन्छन् भनेर उल्लेख गरेका छन् । सरलता, सरसता र सहजता उनको शैलीगत विशेषता भएको पाइन्छ । उनी समय अनुसार प्रगतिशील, स्तुतिवादी, यथास्थितिवादी आदि बन्न सक्ने कवि तथा गीतकार हुन भनेको पाइन्छ । आफ्नै धर्तीलाई खानीखोस्री स्वर्ग बनाउन सक्ने उत्कृष्ट विचार बोकेका कवि थापाका गीत, कविता यस्तै प्रगतिवादी विचारले ओतप्रोत भएको उक्त लेखमा पाइन्छ ।

## १.५ अध्ययनको महत्त्व र औचित्य

नेपाली लोक साहित्यको क्षेत्रमा धर्मराज थापाको योगदान महत्त्वपूर्ण रहेको छ । उनले लोक साहित्यमा प्रवेश गर्दा प्रायः बाँझो जस्तो देखिने लोक साहित्यको फाँटलाई मलजल गरी उर्वर बनाउने काम सर्वप्रथम थापाले नै गरेका हुन् । यस्ता लोक साहित्यका स्रष्टाले खोज अन्वेषणका क्षेत्रमा गरेको योगदानको चर्चा हुनु महत्त्वपूर्ण हुन्छ ।

नेपाली लोक साहित्यको खोज अन्वेषणमा निरन्तर लागेका धर्मराज थापाको यस क्षेत्रमा छुट्टै मूल्य मान्यता तथा पहिचान रहेको छ । उनका हालसम्म नेपाली लोक साहित्य विधाका पुस्तकहरू अढाईदर्जन जति तथा अनेकौं फुटकर रचनाहरू प्रकाशित भइसकेका छन् भने थापा गायन क्षेत्रमा, मौलिक लेखन तथा रचनामा पनि त्यतिकै पोख्त छन् । थापाले विभिन्न समयमा स्वदेश तथा विदेशमा गएर लोक साहित्यको खोज अन्वेषण गरी विभिन्न सङ्कलन प्रस्तुत गरेका छन् । यिनै विविध आधारमा पनि उनको साहित्यिक योगदान बारे अध्ययन-अनुसन्धान हुनु औचित्यपूर्ण हुन्छ ।

## १.६ शोधक्षेत्र तथा सीमा

प्रस्तुत शोध पत्रमा नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको योगदानको चर्चा गरिएको छ । तापनि उनका जीवनका सम्पूर्ण आयामलाई समावेश गरिएको छैन । सम्पूर्ण प्रकाशित कृतिहरू, लेखरचना, सम्पादित पुस्तकहरू, पत्रपत्रिकाहरू समावेश तथा विश्लेषण गर्नु प्रस्तुत शोधपत्रको क्षेत्र हुनेछ भने एउटा शोधपत्रमा उनका सम्पूर्ण जीवनी र कृतिहरूको विश्लेषण र समग्र जीवनका उतार चढावहरूलाई ध्यान नदिई लोक साहित्य अन्वेषणमा धर्मराज थापाको योगदानको बारेमा अध्ययन मात्र गर्नु प्रस्तुत शोध पत्रको सीमा रहेको छ ।

### १.७ शोधविधि

शोधविधि अर्न्तगत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधि पर्दछन् :

#### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आवश्यक पुस्तक तथा पत्रपत्रिकाहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस्ता सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएको छ । यस्ता सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययन तथा धर्मराज थापासँग सम्बन्धित लेखरचनाबाट पनि टिपोट गरिएको छ । थापाका लेख रचना भएका पत्रपत्रिका सङ्कलन पनि पुस्तकालयीय कार्यबाट गरिएको छ ।

#### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्य विश्लेषणात्मक विधिमा आधारित छ । धर्मराज थापाले लोक साहित्यमा दिएको योगदानको विश्लेषण गर्ने क्रममा निगमनात्मक विधिबाट लोकसाहित्यको विधागत अध्ययन गरिएको छ भने जीवनी लेख्ता जीवनीपरक समालोचना पद्धतिलाई उपयोग गरिएको छ । तसर्थ, प्रस्तुत शोधपत्रमा मिश्रित पद्धतिको प्रयोग गरिएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित सात परिच्छेदमा विभाजन गर्दै त्यसभित्र उपशीर्षकहरू राखी संगठित र व्यवस्थित तुल्याइएको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद | शोध परिचय |
| दोस्रो परिच्छेद | धर्मराज थापाको सङ्क्षिप्त जीवनी |
| तेस्रो परिच्छेद | धर्मराज थापाको नेपाली लोक साहित्यको अन्वेषण यात्रा |
| चौथो परिच्छेद | लोक साहित्यको विधागत अध्ययन |
| पाँचौं परिच्छेद | लोक साहित्यको विधागत अन्वेषणमा धर्मराज थापा |
| छैटौं परिच्छेद | धर्मराज थापाको योगदान |
| सातौं परिच्छेद | शोध निष्कर्ष |

## परिच्छेद – दुई

# धर्मराज थापाको सङ्क्षिप्त जीवनी

### २.१ जन्म र बाल्यकाल

धर्मराज थापाको जन्म वि.सं. १९८१ साल अषाढ शुक्ल चतुदर्शीको दिन पोखराको बाटुलेचौर[१] भन्ने ठाउँमा भएको हो । उनको वास्तविक नाम भुवनबहादुर थापा हो भने साहित्यिक नाम धर्मराज थापा हो । उनको पिताको नाम हर्कबहादुर थापा र माताको नाम मनमाया थापा हो ।

धर्मराज थापाका पिता सैनिक थिए र पहिलो विश्व युद्धबाट बाँचेर फर्केका थिए ।[२] यिनका बाबु सुवेदार माहिलाका नाउँले गाउँमा प्रख्यात थिए उनको स्वभाव अन्याय नसहने थियो । आमा चाँहि नारी सुलभ करुण हृदयकी थिइन् । बाबु हर्कबहादुर थापाका चारवटी श्रीमती मध्ये माहिली श्रीमती मनमाया थापाको एक मात्र सन्तानका रूपमा धर्मराज थापाको जन्म भएको थियो । उनी सानैदेखि धार्मिक प्रवृत्तिका थिए र उनको यस्तो प्रवृत्ति देखेर गाउँलेहरूले उनको नाम धर्मराज राखेका थिए, जुन नाम उनले स्वीकार गरेर त्यसै नामबाट उनी प्रख्यात बन्न पुगे ।[३]

थापाले आफ्नो बाल्यकाल पोखरामा नै बिताएका थिए । उनले पाँच वर्षमा मातृवियोग सहनु परेको थियो[४] र त्यसपछि बाबुको रेखदेखमा उनको बाल्यकाल हुर्कन थाल्यो । उनलाई सौतेनी आमाको रेखदेख प्राप्त भए तापनि विशेष पालनपोषण मावलीतर्फको हजुरआमाबाट हुन्थ्यो ।[५] बाल्यकालदेखि नै भजन कीर्तन, लोकगीत,

---

[१] धर्मराज थापा, **सङ्क्षिप्त परिचय** जनकविकेशरी धर्मराज सावित्री थापा गुठी, काठमाडौं : पृ. ४ ।

[२] दामोदर पन्त, "नेपाली लोकसाहित्यको सम्बर्द्धनमा धर्मराज थापाको योगदान" अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर २०३८ पृ. २८ ।

[३] **ऐजन** ।

[४] धर्मराज थापा, **पूर्ववत्** ।

[५] विष्णु प्रसाद सापकोटा, "धर्मराज थापाको जीवनी, व्यक्तित्व र कृतित्व" अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर २०५४ पृ. ७।

लोकगाथा, नृत्य आदिमा अनुरक्त रहेका एवम् गाउँबेसीका वन पाखाहरूका लोकगीत, भजन, चुट्का, दोहोरी गाउन स्वयम् सरिक[६] हुने धर्मराज थापा सानैदेखि धार्मिक प्रवृत्तिका थिए ।

## २.२ शिक्षा

धर्मराज थापाले घरायसी वातावरणमा बाह्रखरी पढ्न सुरु गरे भने उनको औपचारिक शिक्षा पाँच वर्षको उमेरबाट भएको थियो । उनी बाटुलेचौरमा नै नेपाल भाषा पाठशालामा भर्ना भएर पढ्न सुरु गरे । साधारण लेखपढ गर्न जान्ने भए पछि उनको रूचि नेपाली साहित्यतर्फ पनि बढ्न थाल्यो । उनी भानुभक्त, मोतीराम, लेखनाथ, शम्भुप्रसाद आदिका कृतिहरू चाख लिएर पढ्दथे ।[७] १९९६ सालमा काठमाडौंमा सतवीज छर्नेका पछि लागेर आएका थापाले काठमाडौं स्थित तीनधारा पाठशालामा भर्ना भइ अध्ययन गरे । उनले २००० सम्ममा उक्त पाठशालाबाट निजामती मध्यमा परीक्षामा सर्वप्रथम स्थान प्राप्त गरेको पाइन्छ ।[८] यसका अतिरिक्त आफ्नो प्रयासबाट हिन्दी र अङ्ग्रेजी भाषामा भने उनले साधारण ज्ञान हासिल गरेको पाइन्छ । यसरी थापा आफ्नै निजी प्रयासबाट अध्ययन तथा अनुसन्धान अगाडि बढाउँदै जागिरमा प्रवेश गरेको पाइन्छ । कुनै विद्यालय तथा महाविद्यालय भन्दा प्रकृतिको विद्यालयमा जीवन शिक्षकसँग उनले शिक्षा लिन वेश ठानेर लेख तथा गायन दुवै क्षेत्रमा लागे । फलस्वरूप दुवै क्षेत्रमा सफलता प्राप्त गर्दै प्रतिष्ठित बन्न थापा सफल भए ।[९]

## २.३ पारिवारिक पृष्ठभूमि

धर्मराज थापाका बाबु हर्कबहादुर थापा सैनिक सेवामा संलग्न थिए । उनले दोस्रो विश्वयुद्धको प्रत्यक्ष अनुभव संगालेका थिए । युद्धबाट फर्किएर घर आएपछि

---

[६] **ऐजन** ।

[७] **ऐजन** ।

[८] दामोदर पन्त, **पूर्ववत्** पृ. २९ ।

[९] घटराज भट्टराई **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : एकता बुक्स दो.सं. २०५१ पृ. ३३७ ।

सैनिक सेवा छोडी घरमै बसेर किसानी जीवन बिताउन थाले । उनी मुखिया बने । त्यसबेला गाउँका सर्वसाधारण जनताले न्याय पाएका थिएनन् । उनी अन्यायको विरोधमा सक्रिय देखिन्थे । त्यतिखेर उनी आफ्नो छोरा धर्मराजलाई न्याय सेवामा ल्याउन चाहन्थे । उनले धर्मराजलाई मोहन शमशेरको सम्पर्कमा पुऱ्याए । फलस्वरूप थापा श्री ३ गुठी बन्दोवस्त अड्डामा नौसिन्दाको जागिरे बनेको पाइन्छ ।

वि.सं. १९९६ सालको वैशाख २८ गते १५ वर्षको उमेरमा १३ वर्षकी कन्या सावित्रीसँग धर्मराज थापाको विवाह सम्पन्न भयो ।[१०] विवाह गरेकै वर्ष काठमाडौ आएका थापाका पछि तीन छोरा दुई छोरी जन्मिए । हाल उनका छोराछोरीतर्फका नातिनातिनीहरू र पनाति पनि छन् । हाल स्वयम्भू स्थित आफ्नै घरमा दिन बिताइ रहेका थापा मध्यम वर्गीय पारिवारिक आर्थिक स्थितिका देखिन्छन् ।

## २.४ प्रभाव र प्रेरणा

केटाकेटी अवस्थादेखि नै गाईबाखा चराउने, गोठाला जाँदा हली, खेतालाहरूको गीत सुन्ने, सत्यनारायणको व्रतको जाग्राममा ग्रामीण भजन मण्डलीबाट लोकभजन सुन्ने, बडामहाराज पृथ्वीनारायण शाह र आफ्नै वीर पुर्खाहरूको वीरताको सवाई गीतको धारामा सुन्ने जस्ता प्रवृत्तिले उनको लोक व्यवहारलाई देखाउँछ । त्यस्तै प्रकृतिको रमणीय काख पोखरामा उनको बाल्यकाल बितेको हुँदा उनको अन्तस्करणमा प्रकृति र लोकको अमिट छाप पर्नगई कलिलो उमेरदेखि नै लोकलय एवम् लोक जीवनको अध्ययन गर्ने क्रियाकालपमा उनलाई गाउँले वातावरणले प्रभाव र प्रेरणा दिएको पाइन्छ ।[११]

धर्मराज थापा साधारण लेखपढ गर्न जान्ने भए पछि उनको रुचि साहित्यतर्फ वढ्यो । उनले भ्याउरे काव्यहरू पढ्न थाले । उनी भानुभक्त, मोतीराम, लेखनाथ, शम्भुप्रसाद आदिका कृतिहरू चाख लिएर पढ्थे । त्यसबेलाका जल्दाबल्दा

---

[१०] धर्मराज थापा, **पूर्ववत्** ।

[११] हिमाल लोहनी, 'जनकविकेशरी' **पुकार,** वर्ष - ४, अंक १५-१६, पृ. २ ।

साहित्यकारहरूका साहित्यिक कृतिहरूले उनलाई अझ बढी प्रभाव र प्रेरणा दियो । थापाले लेखनका लागि उनका परिवारबाट पनि प्रभाव र प्रेरणा ग्रहण गरेको देखिन्छ । उनले आफ्ना भावनाको पाठ आफ्ना गाउँलेबाट पढेका हुन् । नेपालकै माटोको धुलौरीमा उनले सर्वप्रथम आफ्ना भावनाका रेखा कोरेका हुन् ।[१२] नेपाली साहित्यका महान् स्वच्छन्दतावादी कवि लक्ष्मीप्रसाद देवकोटाको विशेष प्रभाव थापामा परेको पाइन्छ भन्ने कुरा उनले 'मुनामदन'लाई विशेष चाखका साथ पढेको तथा झ्याउरे काव्यहरू पढेको कुरा जानकारी हुन्छ ।

बालककालको सुरिलो स्वरले गर्दा उनले गाएका गीतहरू उनका साथीभाइहरूले रुचिका साथ सुन्थे । यसरी सुनेकाले आफैंले गीत लेखेर गाउने कुरा पनि थापाको मनमा तरङ्गित भइ रहन्थ्यो । यसरी आफ्नै परिवार साथीभाइहरू, गाउँले वातावरण लगायतका प्रभाव र प्रेरणाका साथै झ्याउरे काव्य तथा अग्रज कविहरूको प्रभाव र प्रेरणाले गर्दा उनी  नेपाली लोक साहित्यमा प्रवेश गरेका हुन् ।

## २.५ कार्यक्षेत्र

धर्मराज थापाको जागिरे जीवनको सुरुवात काठमाडौ आगमन पछि भएको हो । २००३ सालमा नौसिन्दाबाट मुखिया पदमा बढुवा भएपछि उनी गोर्खापत्र छापाखानामा सरुवा भए ।[१३] यसरी वयस्क उमेर पुग्दा नपुग्दै थापाले जागिरे जीवनमा प्रवेश गरेका हुन् ।

थापाले गाउँ तथा जिल्ला स्तरमा पनि थुप्रै कार्यहरू गरेको देखिन्छ । थापाले ७-८ वर्षको उमेरदेखि नै गाउँ स्तरमा केही कार्य गर्दै आएका थिए । गाउँलेहरूको सल्लाह अनुसार उनले भानुभक्तीय 'रामायण' र १८ पर्व 'महाभारत' सिलोकका साथ सुनाउने गर्दथे । १९९६ सालमा काठमाडौं आएपछि पनि थापा बेलाबेलामा बाटुलेचौर गई नै रहन्थे । यसै क्रममा २००८ सालमा उनी लामाचौर बाटुले चौर पञ्चायतको

---

[१२] बाल चन्द्र शर्मा, 'नेपालको लोक साहित्य र धर्मराज थापा' **डाँफेचरी** वर्ष १ अंक १, २०१० ।

[१३] दामोदर पन्त, **पूर्ववत्** पृ. ३० ।

सभापति पदमा चुनिए र यही पदमा रहेर उनले काम गर्न थाले । उनले तत्कालीन राजा महेन्द्रको पोखरा भ्रमण हुँदा बाटुलेचौरको विध्यवासिनी माध्यमिक विद्यालय भवन निर्माणको लागि बिन्तीपत्र पेस गरी रु. ७०००।- पनि प्राप्त गरे र सो भवन निर्माणको अगुवाई थापाले गरेको पाइन्छ । २०१३ सालमा काठमाडौबाट लक्ष्मीप्रसाद देवकोटा, के.आई.सिंह पोखरा जाँदा थापाले आफ्नो घरमा स्वागत गरे । यसै स्वागत समारोहमा सेती गङ्गामा साँघु राम्रो नभएको कुरा डा.के. आई. सिंह समक्ष राख्दा तत्काल भा.रु. १००० दिइ पछि काठमाडौबाट आर्थिक सहायता पठाइयो, जसबाट सेती नदीमा के.आई.सिंह पुल निर्माण भयो । थापाले २०४९ सालमा 'श्री शुक्ला साहित्य समिति' भन्ने संस्था खोले । जसबाट 'सेतीको लहर' भन्ने पत्रिका समेत प्रकाशन भइरहेको छ ।

साहित्यिक र सामाजिक सेवामा आफ्नो समय खर्चने थापाले काठमाडौंभित्र जागरणका गीतहरू रचेर आफै गीत गाई सहरबजार बाटोघाटो छर्दै हिँड्ने काम गर्न थाले । उनले राजनैतिक सचेतताका गीत गाउने तथा नाटकमा अभिनय गर्ने काम गरेर आफ्नो डेरा ठमेलमा नेपाली कवि लेखकहरूलाई भेला गराई २००९ सालमा लोकगीत सङ्ग्रहालयको स्थापना गरे । यसको अध्ययनमा लक्ष्मीप्रसाद देवकोटा रहेका थिए ।[१४] २००९ सालतिरै प्रवासी नेपाली बस्तीको भ्रमणमा गई लोकगीत, लोक संस्कृति र लोकजीवनको अध्ययन गरी काठमाडौं फर्केपछि धर्मराज थापाले त्रैमासिक पत्रिका 'डाँफेचरी' को प्रकाशन गर्न थाले ।[१५] उनले रेडियो नेपाल, प्रगतिशील लेखक संघ, राजकीय प्रज्ञा-प्रतिष्ठान आदिसँग सम्बद्ध भएर पनि काम गरेको देखिन्छ । यसै गरी उनी लेखन तथा गायन क्षेत्रमा लागिरहे । २०५२ सालमा 'जनकविकेशरी धर्मराज-सावित्री थापा गुठी' भन्ने संस्था खोलेपछि पुनः 'डाँफेचरी' प्रकाशनको दिशातर्फ उन्मुख भई जोस जागरका साथ लोक साहित्यका संरचनामा उनी लागि रहेका छन् ।

---

[१४] हंसपुरे सुवेदी र अरुहरू, 'सम्पादकीय' **डाँफेचरी** २०५३, पृ. ५६ ।

[१५] धर्मराज थापा, **पूवर्तत्**, पृ. ५-६ ।

## २.६ राजनैतिक संलग्नता

थापाले राजनैतिक क्षेत्रमा संलग्न रहेर पनि आफ्नो लेखन र गायनलाई सक्रिय बनाएको पाइन्छ । २००७ साल फाल्गुण ५ गते अवैध ठानिएका राजनैतिक नेताहरूले नेपाल प्रवेश गर्ने छुट्कारा पाएको उपलक्ष्यमा कवि शिरोमणि लेखनाथको सभापतित्वमा सानो टुँडीखेलमा विशाल आमसभा गरियो । यस आमसभामा उनले 'धुरुधुरु नरोऊ आमा तिम्रो आँसु पुछेर छोडौंला..' भन्ने गीत प्रस्तुत गरे ।[१६] २००७ सालमा नेपालमा उथल-पुथल भएपछि थापाको मानसिकतामा पनि त्यस परिवर्तनले प्रभाव पार्‍यो । गल्ली गल्लीमा निस्केर उनले कोकिल कण्ठ खोले ।[१७] २००८ सालमा निम्न वैतनिक कर्मचारी संघको हड्तालमा उनी सामेल भई कर्मचारीलाई उक्साए वापत गोरखापत्रको मुखिया पदको जागीर पनि खोसियो ।[१८] २००९ सालतिर डा. के. आई. सिंहको विद्रोहको समर्थन गर्ने खालका गीतहरूको रचना गरी प्रचार-प्रसार गरेवापत उनी ३० दिन जति जेलमा नजर बन्द पनि गरिए ।[१९]

## २.७ सम्मान तथा पुरस्कार

२००८ सालमा रेडियो नेपालमा बृहद् कविसम्मेलनको आयोजना गरिएको थियो । उक्त सम्मेलनमा थापाले "भरियाले बिसायो भारी" .... भन्ने गीत प्रस्तुत गर्दा लक्ष्मीप्रसाद देवकोटाले थापालाई "कवि बुलबुल सान"को उपाधि प्रदान गरेका थिए ।[२०] २००८ सालमै भारतका तत्कालीन प्रधानमन्त्री नेहरूको काठमाडौं आगमन हुँदा गाएको शहीद श्रद्धाञ्जली गीत वापत त्रिभुवनबाट भा.रु. १२०० जति गीत रेकर्ड गर्न थापालाई बक्स भएको थियो ।[२१] उनले २०१० सालमा 'नेपाली साहित्यसम्मेलन'

---

[१६] धर्मराज थापा, 'पुष्पलाल एक स्मरण' **क. पुष्पलाल स्मृति अङ्क** काठमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान २०५२ पृ. २११ ।

[१७] दामोदर पन्त, **पूर्ववत्** पृ. ३१ ।

[१८] धर्मराज थापा, संक्षिप्त परिचय, पृ. ५ ।

[१९] **ऐजन** ।

[२०] **ऐजन** ।

[२१] धर्मराज थापा, **पूर्ववत्**, पृ. ५ ।

द्वारा आयोजित कविता गोष्ठीमा स्वर्ण पदक प्राप्त गरेका थिए ।[२२] २०१३ सालमा राजा महेन्द्रबाट थापाले 'जनकवि केशरी' उपाधि प्राप्त गरे भने शुभ जन्मेत्सव पदक पनि प्राप्त गरे ।[२३] नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सह सदस्यसम्म बनेका थापाले मदन पुरस्कार (२०२४), इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०२५), रत्न श्री पुरस्कार (२०२५), छिन्नलता पुरस्कार (२०४८) गायनतर्फ सिद्धिचरण श्रेष्ठ जस्ता पुरस्कारहरू प्राप्त गरेका छन् । भाषा साहित्य र लोक संस्कृतिका विविध क्षेत्रमा ५ दशक भन्दा लामो समयदेखि योगदान पुऱ्याएवापत जगदम्बा श्री पुरस्कार (२०५७) बाट पनि थापासम्मानित भएका छन् ।[२४] यसैगरी लोक साहित्यको प्रचार-प्रसार गरी लोकप्रियता बढाउने धर्मराज थापा अनेकौंसम्मानपत्र र अभिनन्दनले पनिसम्मानित भएका छन् ।

**२.८ भ्रमण**

बालक कालदेखि नै भ्रमण गर्न मन पराउने धर्मराज थापाले १५ वर्षको उमेरसम्म आफ्नै गाउँघरका वनपाखामा तथा पोखराका रमणीय ठाउँहरूमा घुम्ने अवसर पाएका थिए । त्यसपछि १५ वर्षको उमेरमा सतबीज र्छन अन्य तीर्थयात्रीका साथ काठमाडौ आउँदा उनले विभिन्न ठाउँको भ्रमण तथा अवलोकन गर्ने मौका पाएका थिए । उनले आफ्नै मस्त चालमा द्यौराली, रागीनासटार, खोप्लाङ, चोरकाटेटार, खान्चोक, हाँसेको पसल, ताजीको किनार र वर्मनेको थाप्लो नाप्दै आदिकवि भानुभक्तको अलकापुरी नगरीमा आएर आफ्नो जागिर झोला बिसाएका थिए ।[२५]

२००८ सालमा आफ्नो जागीर खोसिए पछि बन्दी जीवनसमेत बिताएका उनी स्वतन्त्र भएपछि आफ्नो डेरा ठमेलमा नेपालका कवि-लेखकहरूलाई भेला गरी उनले २००९ साल असोजमा लोकगीत सङ्ग्रहालयको स्थापना गरे । यस पछि २००९ साल असोजमा नै लोकगीत र लोक संस्कृतिको प्रचार-प्रसार सङ्कलन एवम् लोकगीत

---

[२२] दामोदर पन्द, **पूर्ववत्**, पृ. ३५ ।

[२३] धर्मराज थापा, **पूर्ववत्**, पृ. ६ र २१ ।

[२४] खुमलाल पौडेल, 'धर्मराज थापाको साहित्यिक यात्राको सङ्क्षिप्त रेखाङ्कन', **पोखरेली समालोचना**, गण्डकी साहित्य संगम पोखरा, २०६५, पृ. २८८ ।

[२५] दामोदर पन्त, **पूर्ववत्**, पृ. २९ ।

सङ्ग्रहालय संस्थाका शाखा-प्रशाखा खोल्नका लागि धर्मराज थापा प्रवासतर्फ लागे ।[२६] उनी सर्वप्रथम वीरगञ्जबाट रक्सौल पुगे, त्यहाँ उनी वामपन्थी जनकविका रूपमा परिचित हुँदै कलकत्तातिर लागे । कलकत्ताबाट देहरादून भाक्सुतिर लागे । त्यहाँ उनले राहुल सांङ्कृत्यायनसँग भेट गरे । त्यहाँ उनले 'नेपालीले माया मार्‍यो बरिलै' र 'घरसम्झी रोएको होला डाँडा काटी गएको नेपाली ..........' जस्ता गीत गाएर सुनाए ।[२७] उनले आफ्नो युगको प्रतिनिधित्व गर्दै एक गीत 'बाली खेतमा' रचेर वरिपरि बसेका नरनारीलाई सुनाई त्यहाँबाट बिदा भएर कलकत्ता हुँदै आसामको सिलोङ पुगे र त्यहाँ उनले 'बिलौना' कविता पनि लेखे । यतैबाट उनी दार्जीलिङ र कालिङपोङ पुगे, त्यहाँ उनको 'भुलेको छैन' नाटक मञ्चन गरियो । 'तेन्जिङ शेर्पा .....' र 'धुरु धुरु नरोऊ आमा .........' भन्ने गीत कलकत्तामा रेकर्ड गराई उनी एघार महिनाको यात्रा पूरा गरी नेपाल फर्किए ।[२८]

विदेश यात्राको क्रममा थापाले चिनको भ्रमण पनि गरेका छन् । २०१३ सालमा राजा महेन्द्रबाट 'जनकविकेशरी' उपाधि प्रदान गरिएको भोलिपल्ट नेपाल-चीनको सांस्कृतिक प्रतिनिधि मण्डलको सदस्य भई उनले चिनभ्रमण गरेका थिए । थापाले विदेश भ्रमणको क्रममा भारत र चिनका साथै वर्मा र पाकिस्तानको पनि यथा समय भ्रमण गरेका छन् ।[२९] धर्मराज थापाले विदेशका साथसाथै नेपालका पनि चौध अञ्चल र पचहत्तरै जिल्लाको भ्रमण गरेका छन् ।

## २.९ निष्कर्ष

प्रकृतिको काख पोखरा बाटुलेचौरमा जन्मिएर त्यहीँ बाल्यकाल विताएका थापाले काठमाडौं आएर तीनधारा पाठशालाबाट मध्यमा गरेका हुन् । पारिवारिक पृष्ठभूमि मध्यमवर्गको भएका थापा नेपाली चर्चित साहित्यकारबाट प्रभावित भएको देखिन्छ । साहित्य र सामाजिक सेवामा समय खर्चेर थापाले लोकगीत र लोक

[२६] हंसपुरे सुवेदी र अरुहरू, **पूर्ववत्**, पृ. ५६ ।

[२७] कृष्ण प्रसाद पराजुली, 'नेपाली लोकगीतको परम्परा' **सुनकोशी साहित्य प्रतिष्ठान**, काठमाडौं : संग्रह १, २०५१ ।

[२८] धर्मराज थापा, 'भन्नै पर्छ भने' **भेटघाट,** काठमाडौ : सावित्री थापा २०२० असार, पृ. च - टसम्मको निचोड ।

[२९] घटराज भट्टराई, **पूर्ववत्**, पृ. ३३६ ।

संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान दिएका छन् । विभिन्न ठाउँको भ्रमण गरेर लोक साहित्यमा योगदान दिने प्रथम व्यक्तिका रूपमा उनले आफूलाई चिनाएका छन् । त्यसैले लोक साहित्यका आकाशमा धर्मराज थापा एउटा चम्किलो नक्षत्रका रूपमा रहेका छन् ।

## परिच्छेद – तीन

# धर्मराज थापाको लोक साहित्य अन्वेषण यात्रा

नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाले मुख्य-मुख्य विषय लोकगीत, लोककथा, लोकगाथा र लोकनाटकमा योगदान दिएर नेपाली लोक साहित्यलाई मौलिक तथा सशक्त बनाउन सहयोग गरेका छन् ।

### ३.१ नेपाली साहित्यमा धर्मराज थापाको आगमन

प्रकाशनका दृष्टिले धर्मराज थापा 'उद्योग' पत्रिकामार्फत २००१ सालतिर 'कुवा' कविता लिएर नेपाली साहित्यमा देखापरेका छन् । सानै उमेरदेखि भनज कीर्तन, चुट्का, दोहरी आदिमा धर्मराज थापाको साहित्यका अध्ययनमा रुचि थियो । १९९६ सालमा काठमाडौं आई तीनधारा पाठशालामा अध्ययनको क्रम अगाडि बढाउँदै जाँदा थापाले अझ साहित्य अध्ययनलाई तीव्रता देखाए । यस क्रममा लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' खण्डकाव्य उनी निकै चाख दिएर पढ्थे जसबाट उनी नेपाली लोकलयतर्फ आकृष्ट हुँदै गए ।

जीवनमा केही गर्नु पर्दछ भन्ने विचार भएका थापा साहित्य सृजना गर्ने र कीर्ति राख्ने कुरा सोचिरहन्थे । स्वच्छन्दतावादी कवि लक्ष्मीप्रसाद देवकोटाको लोकलयात्मक प्रयोगबाट प्रभावित थापाले पनि नेपाली लोकलयमा कविता लेख्ने अभ्यास गर्दै गए । उनले १९९६/९७ सालतिरै केही गीत कविताको रचना सुरु गरेका हुन् । थापाले देवकोटाको मुनामदनझैँ नेपाली लोक छन्दमा १९९८ सालतिर वनका चरालाई आधार मानेर स्वच्छन्दतावादी काव्य 'वनचरो' लेखे । यसलाई प्रकाशनार्थ उनले 'नेपाली भाषा प्रकाशिनी समिति'मा पठाए तर यसै समयमा 'वनचरो' प्रकाशित हुन सकेन र २००१ सालतिर उनको पहिलो कविता उद्योग पत्रिकामा छापियो । त्यस कविताको शीषर्क 'कुवा' थियो । यसै कविताको प्रकाशनसँगै थापा नेपाली साहित्यमा देखा परेका हुन् ।

## ३.२ नेपाली लोक साहित्यमा धर्मराज थापा

भाषा पाठशालाबाट अध्ययन आरम्भ गरेका थापामा नेपाली शिक्षा पहिलो, दोस्रो र तेस्रोका साना कथा कविताहरूको अध्ययनदेखि नै चाख बढेर आएको थियो । नेपाली भाषामा त्यति खेर प्रकाशित भएका सबै नेपाली पुस्तकहरूको अध्ययन धर्मराज थापाले गरेका थिए । भाषा पाठशालामा अध्ययन गर्दाकै समयमा झ्याउरे लयका कविता पाउँदा खुब चाख लगाएर लय मिलाई मिलाई पढ्थे ।[३०] प्राकृतिक सौन्दर्यले पूर्ण माछापुच्छ्रे र अन्नपूर्ण हिमालको झिली मिलीमा मुग्ध भएको पोखराका नागबेली पर्दै बगेका काली खोला, भलाम खोला, विजयपुर खोला, फेवाताल, वेगनासताल, सेती गंगा, शुक्लाफाँट, साराङकोट डाँडा, अर्घौ अर्चले फाँटजस्ता पोखराका मनोहर प्रकृतिको प्रभाव त छँदै थियो भने १९९६ सालमा काठमाडौ आएपछि कविशिरोमणि लेखनाथ पौड्यालको 'पिंजराको सुगा' महाकवि लक्ष्मी प्रसाद देवकोटाको 'कुन्जीनी' जस्ता रचनाले थापालाई काव्य र कविता लेखनप्रति आकर्षण गरेको पाइन्छ ।

लोकगीत गायनमा सानैदेखि चाख राख्ने थापाले एकताका त नेपाली गीत गायनमा एउटा क्रान्ति नै ल्याएको पाइन्छ । थापा मूलत: लोकगीतगायक हुन भन्न सकिन्छ । किनभने उनी कवितामा भन्दा बढी गीतमा नै व्यक्तिएको पाइन्छ । थापाका कविता त्यति प्रख्यात छैनन् जति उनका गीतहरू छन् । यसो हुनमा विभिन्न कारणहरू हुन सक्छन् । एक त थापाले कविता थोरै लेखेका छन् भने अर्को उनको गीतगायक एवम् कवि व्यक्तित्वले उनको कविता व्यक्तित्वलाई मिचेको पनि हुन सक्छ । जे होस धर्मराज थापाले नेपाली साहित्यको कविता क्षेत्रमा शारदा, मधुपर्क, भारती, गोर्खापत्र जस्ता विभिन्न पत्रपत्रिकाहरूमा फाटफुट कविताहरू प्रकाशन गरेको पाइन्छ ।

साहित्यका कथा, उपन्यास, एकांकी नाटक, महाकाव्य जस्ता विषयमा कृतिहरू नलेखे तापनि लोक साहित्यको माध्यमबाट नेपाली साहित्यको खोज अन्वेषण तथा विकासमा उनको ठूलो योगदान रहेको छ ।

---

[३०] धर्मराज थापा, 'कृतज्ञता' **रत्न जुनेली,** लेखक स्यम्, दोस्रो संस्करण, पृ. क ।

### ३.३ धर्मराज थापाको लेखनको विकासक्रम

धर्मराज थापाको साहित्य लेखनको यात्रा २००१ सालतिरबाट सार्वजनिक रूपमा प्रकट भएपछि पाँचदशक भन्दा लामो यस यात्रामा निरन्तर कलम चलाउँदै नेपाली साहित्यमा सक्रिय योगदान दिएका छन् । प्रारम्भदेखि नै उनको लेखन क्रमिक रूपमा गतिशीलतातिर उन्मुख रहेको देखिन्छ । नेपाली साहित्यमा अनवरत रूपमा कलम चलाएका थापाका हालसम्म अढाइ दर्जन जति पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । साहित्य लेखन साथै विभिन्न पत्रिका तथा स्मारिकाहरूको पनि उनले सम्पादन समेत गरिसकेका छन् । २००१ सालभन्दा अगाडि उनका कुनै कृति प्रकाशित नभएकोले यस अवधिलाई उनको लेखनको अभ्यासिक समय मान्न सकिन्छ । उनको साहित्यिक यात्रालाई चरण विभाजन गर्ने क्रममा प्रकाशित कृतिहरूको आधार मानेर निम्नानुसार चरणमा विभाजन गर्न सकिन्छ ।

क) प्रथम चरण  २००१- २००७ : स्वच्छन्दतावादी स्वर

ख) दोस्रो चरण २००८ - २०१५ : स्वच्छन्दतावादी प्रगतिवादी स्वर

ग) तेस्रो चरण २०१६-२०२४ : खोज अन्वेषणतर्फ उन्मुखता र सत्तास्तुतितितर्फ झुकाउ

घ) चौथो चरण २०२५ पछि : काव्यात्मक उत्कर्ष र खोज अन्वेषणमा निरन्तरता

**क) प्रथम चरण  २००१- २००७ : स्वच्छन्दतावादी स्वर**

२००१ देखि २००७सम्मको अवधि थापाका लेखनयात्राको पहिलो चरण हो । यस चरणमा उनी स्वच्छदतावादी कविका रूपमा देखापर्दछन् । यस चरणमा थापाले प्रकृति प्रेम, अतीतको स्मरण, भविष्यको गोधूलीमय संसारको कल्पना, लोक संस्कृतिको झलक, जीवन र जगत्का स्वतन्त्र चिन्तन आदि स्वच्छन्दतावादी भावधारा व्यक्त भएका कृतिहरूको रचना गरेको पाइन्छ । यस अवधिको उनको प्रथम पुस्तककार कृति **रत्नजुनेली** २००३ सालमा देखापर्दछ । रत्न र जुनेलीको प्रेम प्रसङ्ग र विरह-व्यथाको बखान गरिएको यस पुस्तकबाट थापाको स्वच्छन्दतावादी प्रवृत्तिको परिचय पाउन

सकिन्छ । यसै समयतिर थापाका गीतकविताहरूको सङ्कलन **पहाडी संगीत** प्रकाशित हुन्छ । १९९८ सालमा नै उनले लेखेर सकेको काव्यात्मक कृति **वन-चरो** कथावस्तुमा केही हेरफेरका साथ २००५-०६ सालतिर प्रकाशित हुन्छ । वनका चरालाई मानवीय चरित्र प्रदान गरिएको यस काव्यमा प्रकृतिको मानवीकरण र लोक लयोन्मुखता जस्ता स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छन् ।

### ख) दोस्रो चरण २००८ - २०१५ : स्वच्छन्दतावादी प्रगतिवादी स्वर

२००८ देखि २०१५ सालसम्मको अवधि थापाका लेखन यात्राको दोस्रो चरण हो । यस चरणमा उनी स्वच्छन्दतावादी-प्रगतिवादी कविका रूपमा देखापर्दछन् ।

नेपालको इतिहासमा सातसाल नै त्यो अवधि थियो जतिखेर राणाहरूको सामन्ती र एकलौटी साशन खोक्रो रूख झैं ढल्यो र तीव्रताका साथ बदलिँदो सामाजिक मान्यताले जीवन चेतनामा क्रान्तिकारी परिवर्तन ल्यायो ।[३१] २००७ सालमा १०४ वर्षीय राणा शासनको पतन र देशमा प्रजातन्त्र प्राप्तिले राष्ट्रका अन्य क्षेत्रमा जस्तै कवि-लेखकहरूमा पनि यसको प्रभाव पर्‍यो । यस समयमा अन्याय शोषण र अमानवीयजस्ता प्रवृत्तिको विरोधमा क्रान्ति र सङ्घर्षका आह्वान गरिएका रचनाहरू प्रकाशित हुन थाले । यस्तै परिवेशको परिणाम स्वरूप थापामा पनि प्रगतिवादी भावनाले प्रवेश पाएको देखिन्छ । यस चरणमा थापाले क्रान्तिकारी भावनाका साथै न्याय, समानता र स्वतन्त्रताका भाव व्यक्त भएका गीत कविताहरूको रचना र प्रकाशन बढी गरेको पाइन्छ । आर्थिक असमानताको विरोध, अमानवीयता विरोधी मानवतावादी धारणा पनि थापाले यस समयमा सुसेलेको पाइन्छ । २००९ सालमा उनको 'विलौना' कविता सङ्ग्रह प्रकाशित भयो । हाम्रा वीर पुर्खा तथा शहीदहरूका पुरुषार्थले गद्गद् भएकी नेपाल आमाको हृदय हामीजस्ता केही गर्न नसक्ने अन्याय र शोषण सहेर बस्ने नपुंसकलाई देख्दा विलौना गरिएका तथा यसको परिवर्तनका लागि क्रान्तिको आह्वान गरिएका प्रगतिवादी गीत कविताहरू यस **विलौना** गीतिकविता ङ्ग्रहमा सङग्रहित छन् । थापाका **कोसेली** (२०१०) **शहीद सम्झना** (२०११)

---

[३१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा : **नेपाली साहित्यको संक्षिप्त इतिहास** ललितपुर : साझा प्रकाशन, दोस्रो संस्करण २०४०, पृ. ६० ।

**शीतलपाटीमा** (२०१०) आदि गीतिकविता सङ्ग्रहमा पनि प्रगतिवादी भावनाको अभिव्यक्ति बढी पाइन्छ । यस समयमा थापाका **बत्तीमुनि अँधेरो** (२०१०) **निवार्चन लहर** (२०१५), **कालीको लहर**, **रानी पोखरा** जस्ता काव्यात्मक कृति पनि देखा पर्दछन् ।

**ग) तेस्रो चरण २०१६-२०२४ : खोज अन्वेषणतर्फ उन्मुखता र सत्तास्तुतितर्फ झुकाउ**

२०१६ देखि २०२४ सालसम्मको अवधि थापाका लेखन-यात्राको तेस्रो चरण हो । यस चरणमा थापा खोज अन्वेषण उन्मुख र सत्ता-स्तुतितर्फ झुकाउ राख्ने लेखकका रूपमा देखा पर्दछन् ।

२०१६ सालपछि थापाले नेपाली लोक साहित्य र लोक संस्कृतिको खोज अन्वेषणतर्फ रूचि लिन थालेको पाइन्छ । यस चरणमा थापाको पहिलो अन्वेषणात्मक कृति **मेरो नेपाल भ्रमण** (२०१६) प्रकाशित हुन्छ । यसमा थापाले नेपालका विभिन्न सांस्कृतिक महत्त्व राखेका लोक साहित्यको सङ्कलन र चिनारी प्रस्तुत गरेका छन् । २०२० सालमा थापाको अर्को अन्वेषणात्मक कृति **हाम्रो लोकगीत** देखापर्दछ । यस पुस्तकमा नेपालका चौधै अञ्चलका लोकगीतहरूको सङ्कलन प्रस्तुत गरिएको छ । यस कृतिका माध्यमबाट एक ठाउँमा मात्र सीमित रहेका स्थानीय लोकगीतलाई थापाले सबैका सामु परिचित गराएका छन् ।

यस चरणमा थापा सत्ता स्तुतितर्फ पनि लागेको देखिन्छ । यसो हुनुमा थापामा तत्कालीन राजनीतिले प्रभाव परेको बुझिन्छ । २०१७ साल पौषमा महेन्द्रले संसदीय व्यवस्था भङ्ग गरे र सक्रिय राजनीतिमा सामेल भए । यस पछि राजा नै सर्वेसर्वा भए । राजाको सक्रिय नेतृत्वमा पञ्चायती व्यवस्थाको जन्म भयो । तत्कालीन राजनीतिक स्थितिलाई राम्ररी बुझेका थापाले राज परिवार रिझाउन राजाको गुणगान र पञ्चायती व्यवस्थाको तारिफ गरिएका कृति प्रकाशित गर्न थाले । **श्री ५ महेन्द्रको सवाई** (२०१७) **पञ्चायती प्रजातन्त्र** (२०१७) जस्ता सत्तास्तुति गरिएका कृतिहरू थापाले प्रकाशित गरे । उनका यस्ता स्तुति गरिएका पुस्तकले खासै स्तरीयता प्राप्त गर्न नसकेको देखिन्छ । यस्तै **मिरमिरेको रन्को** (२०१९) गीतिकविता सङ्ग्रहमा पनि

राजाको गुणगान र पञ्चायती व्यवस्थाको समर्थन गरेका गीत कविताहरू पाइन्छन् । उनले यस समयमा राजा र पञ्चायती व्यवस्थाको तारिफ गरेका फुटकर रचना पनि प्रकाशन गरेको पाइन्छ ।

**घ) चौथो चरण २०२५ पछि : काव्यात्मक उत्कर्ष र खोज अन्वेषणमा निरन्तरता**

२०२५ देखि हालसम्मको अवधि थापाका लेखनयात्राको चौथो चरण हो । यस चरणमा थापाको काव्यात्मक लेखनले उत्कर्ष प्राप्त गरेको छ भने उनले खोज अन्वेषणमा पनि यस चरणमा निरन्तरता दिएको पाइन्छ ।

यस चरणमा थापाका एक दर्जन जति पुस्तकाकार कृतिहरू देखापर्दछन् । स्तरीयताका दृष्टिले थापाको यो चरण सर्वाधिक उल्लेख्य देखिन्छ । २०२५ सालमा थापाको खण्डकाव्य **मंगली कुसुम** प्रकाशित भयो । यस कृतिले थापाको लेखनमा स्तरीयता आउन लागेको कुरा झल्कायो । विषय वस्तुको अभिव्यक्ति स्पष्ट, संरचनागत कौशलता प्राप्त भाषाशैली अलंकार एवम् अन्य कलात्मक वैशिष्ट्य प्राप्त तथा लयात्मक विविधताको समुचित प्रयोग आदिका कारणले उनका अन्य काव्य भन्दा **मंगली कुसुम** र यस पछिका काव्यले स्तरीयता प्राप्त गरेको मान्न सकिन्छ । उनको मंगली कुसुम खण्डकाव्यले २०२५ सालको पद्यतर्फको मदन पुरस्कार प्राप्त गऱ्यो । २००१ सालबाट औपचारिक लेखकका रूपमा देखिन थालेका थापाले मदन पुरस्कार जस्तो गरिमामय पुरस्कार प्राप्त गरेर सम्मानित हुने मौका यसै चरणमा पाए ।

यस अवधिमा थापाका अन्य खण्डकाव्यसमकक्षी काव्यात्मक कृति पनि देखा पर्दछन् । यस चरणमा उनले लेखेको **हिमालको आँशु** (२०२९) महेन्द्रको स्वर्गारोहणको शोकलाई आधार बनाएर लेखिएको शोककाव्य हो । थापाको **मंगली कुसुम** पछिको अर्को उत्कृष्ट काव्यात्मक कृति **दिव्य चौतारी** (२०३५) पनि यसै चरणमा देखा पर्दछ । यस्तै थापाका **मुक्तिनाथ दर्शन** (२०४७) **नल दमयन्ती** (२०४८) **नीलकण्ठ दर्शन** (२०५६) **वासन्ती वसन्त** (२०५८) कृतिहरू पनि यस अवधिमा प्रकाशित देखिन्छन् । २०३६ सालमा **गोलसिमल** गीतिकविता सङ्ग्रह पनि प्रकाशित भएको देखिन्छ ।

यस चरणमा उनले अन्वेषणात्मक कृतिको प्रकाशनमा बढी चाख दिएको पाइन्छ । यस समयका उनका अन्वेषणात्मक लोक संस्कृति सङ्कलन सम्बन्धी कृतिहरूले लोक संस्कृतिको झलक दिनमा उल्लेख्य भूमिका खेलेका छन् । थापाका यस समयका प्रकाशित मुख्य अन्वेषणात्मक कृतिहरूमा **गण्डकीको सुसेली** (२०३०) **लामिछाने थापाको वंशावली** (२०३९) **लोक संस्कृतिको घेरामा लमजुङ** (२०४१) **नेपाली लोक साहित्यको विवेचना** (२०४१) (सहलेखन) **सगरमाथाको सेरोफेरो** ( २०४४) **चितवन दर्पण** (२०५०) रहेका छन् । यी अन्वेषणात्मक कृतिले थापालाई अन्वेषकका रूपमा स्थापित गरेको पाइन्छ ।

यस प्रकार लेखन यात्रा प्रारम्भदेखि विभिन्न विधागत रूपमा अगाडि बढ्दै आएको पाइन्छ । यसरी विभिन्न विधागत सिर्जनाका साथै खोज अन्वेषणको विशिष्ट क्षणसम्म आएको यात्रा उनको बुढ्याँइले गर्दा हालका दिनहरूमा शिथिल भएको पाइन्छ । जे होस, उनका हालसम्म प्रकाशित कृतिहरूले उनलाई कवि तथा गीतकार सम्पादक तथा अन्वेषकका रूपमा स्थापित गराएका छन् ।

## ३.४ धर्मराज थापाका प्रकाशित पुस्तकाकार कृतिको सूची

किशोरावस्थादेखि नै नेपाली लोक साहित्यमा प्रवेश गरेका धर्मराज थापाले नेपाली साहित्यका विविध फाँटमा कलम चलाएको देखिन्छ । उनले गीत, कविता, कथा खण्डकाव्य र नाटकका साथै खोज-अन्वेषणको क्षेत्रमा कलम चलाएको देखिन्छ । उनले नाटक लेखे पनि प्रकाशित हुन सकेनन् भने कथा पत्र-पत्रिकामा मात्र सीमित रहे । सम्पादनका क्षेत्रमा पनि उनको योगदान देखिन्छ भने लोक संस्कृतिको सङ्कलनका क्षेत्रमा थापा विशेष चर्चित छन् । पत्र-पत्रिकामा छापिएका अनेकौं फुटकर रचनाका अतिरिक्त गीतिकविता सङ्ग्रह, खण्डकाव्य र लोक संस्कृति-सङ्कलनसम्बन्धी अन्वेषणात्मक ग्रन्थ गरी झन्डै उनका अढाई-दर्जन भन्दा बढी पुस्तकाकार कृति प्रकाशित भएका छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिको सूची तल दिइएको छ :

| क.सं. | कृतिको नाम | प्रकाशन समय |
|---|---|---|
| १. | रत्न जुनेली | २००३ |
| २. | पहाडी सङ्गीत | २००३ |
| ३. | वन-चरो | २००५ |
| ४. | बिलौना | २००९ |
| ५. | कोसेली | २०१० |
| ६. | बत्तीमुनि अँधेरो | २०१० |
| ७. | शहीद सम्झना | २०११ |
| ८. | शीतलपाटीमा | २०१२ |
| ९. | तिलोत्तमाको भेल | २०१३ |
| १०. | रानी पोखरा | २०१४ |
| ११. | आमा छोरा | – |
| १२. | निर्वाचन लहर | २०१५ |
| १३. | कालीको लहर | – |
| १४. | नेपाली गीत | २०१६ |
| १५. | मेरो नेपाल भ्रमण | २०१६ |
| १६. | श्री ५ पृथ्वीको अर्ती | २०१६ |
| १७. | श्री ५ महेन्द्रको सवाई | २०१७ |
| १८. | पञ्चायती प्रजातन्त्र | २०१८ |
| १९. | मिर्मिरेको रन्को | २०१९ |
| २०. | हाम्रो लोकगीत | २०२० |
| २१. | ढुङ्गे छानो (सहलेखन) | २०२१ |
| २२. | मंगली कुसुम | २०२५ |
| २३. | हिमालको आँसु | २०२९ |
| २४. | गण्डकीका सुसेली | २०३० |
| २५. | दिव्य चौतारी | २०३५ |

| | | |
|---|---|---|
| २६. | गोलसिमल | २०३६ |
| २७. | लामिछाने थापाको वंशावली | २०३९ |
| २८. | लोक संस्कृतिको घेरामा लमजुङ | २०४१ |
| २९. | नेपाल लोक साहित्यको विवेचना (सहलेखन) | २०४१ |
| ३०. | सगरमाथाको सेरोफेरो | २०४४ |
| ३१. | मुक्तिनाथ दर्शन | २०४७ |
| ३२. | नल दमयन्ती | २०४८ |
| ३३. | चितवन दर्पण | २०५० |
| ३४. | नीलकण्ठ दर्शन | २०५६ |
| ३५. | वासन्ती वसन्त | २०५८ |
| ३६. | चिरायु | २०६५ |
| ३७. | अभिनन्दन | २०६७ |

## ३.५ निष्कर्ष

धर्मराज थापा लोक साहित्यको खोज-अन्वेषणको क्षेत्रमा सक्रिय रहेका छन् । सानैदेखि लोक साहित्यतर्फ उन्मुख रहेका थापाले लोकगीत लेखन, गायन तथा सङ्कलन गर्नुका साथै लोक संस्कृतिको अन्वेषणमा सक्रिय भई पुस्तकहरू प्रकाशित गरेका छन् । धर्मराज थापा  नेपाली लोक साहित्यमा लोक गायक तथा लोक साहित्यको अध्ययन र सङ्कलन गर्ने विशिष्ट साधक हुन् ।

धर्मराज थापाले नेपाली लोकसाहित्यमा ३ दर्जन भन्दा बढी पुस्तक प्रकाशित गरी योगदान दिएका छन् । उनका यी विभिन्न कृतिहरूमध्ये लोक साहित्यको अन्वेषणमा योगदान दिएका पुस्तकहरूको विश्लेषण यस शोधपत्रको अध्याय पाँचमा गरिएको छ ।

**परिच्छेद - चार**

# लोक साहित्यको विधागत अध्ययन

## ४.१ लोक साहित्य : परिचय र परिभाषा

लोक र साहित्य छुट्टाछुट्टै शब्दहरूको संयोगबाट लोक साहित्य शब्दको निर्माण भएको पाइन्छ । लोकको अर्थ-'स्वर्ग, पृथ्वी र पातल यी तीन ठाउँ । संसार, जगत, दुनियाँ जनसाधारण र साहित्यको अर्थ - "सहित वा साथ हुनुको भाव गद्य वा पद्यमा लेखिएको लेख, कविता आदि कुनै विवेचनात्मक ग्रन्थ, वाङ्मय हुन्छ ।[३२] यसरी लोक साहित्यको अर्थ - सर्व साधारणमा जनताको कोमल मनोभावलाई व्यक्त गर्ने सरस भाव र सरल भाषा भएको विभिन्न चाड पर्व तथा मनोरञ्जनका समयमा प्रसंगानुकूल गाइने, सुनाइने वा देखाइने लोक व्यवहारमा प्रचलित विभिन्न लोकगीतको कथा, लोकनृत्य आदिले युक्त साहित्य वा लोकवार्ता हो ।[३३]

समाजमा परम्परादेखि हस्तान्तरीत हुँदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोक साहित्य हो ।[३४] प्रत्येक भाषभाषी समुदायले आफ्ना परम्पराबाट लोकगीत, लोकगाथा, लोककथा, लोकोक्तिका विविध रूपहरू प्राप्त गरेको हुन्छ । लोक साहित्यको स्वरूप मौखिक हुन्छ । सहज र सरल मीठो लोकभाकामा रङ्गिएको सामान्य जनजीवनको दुःख-सुख, समस्या र वेदना, शोषण र असन्तोष आदि हार्दिक अनुभूतिनै लोक साहित्यका विषय हुन् । हाम्रो लोक जीवनका हाँसो र आँशु, इच्छा र अभाव आदि सारा जीवन क्रमहरू लोकले सजिलै लिन र बुझ्न सक्ने गरी लोभलाग्दो भाषा र शैलीमा प्रष्ट्याइएको हुँदा नै यसलाई लोक साहित्य भनि पुकारिँदै आइएको हुन सक्तछ ।[३५]

---

[३२] कृष्ण प्रसाद ओझा, "धर्मराज थापा र लोक साहित्यमा उनको योगदान" अप्रकाशित स्नातक शोधपत्र, रत्नराज्य लक्ष्मी क्याम्पस २०४१, पृ. १३ ।

[३३] **ऐजन**, पृ. १५ ।

[३४] चुडामणि बन्धु, **नेपाली लोक साहित्य** काठमाडौं : एकता बुक्स प्र.सं. २०५८, पृ. १३ ।

[३५] धर्मराज थापा र हंसपुरे सुवेदी **नेपाली लोकसाहित्यको विवेचना**, पा.वि.के. त्रि.वि. २०४१, पृ.३ ।

उपयुक्त शब्दार्थवाट प्रष्ट हुन्छ कि लोक साहित्य कुनै पनि लोकमा रहने सर्व साधारण जनताको प्रत्यक्ष दिनानु दिनका क्रियाकलापमा उसका सुख र दुःख, हाँसो र आंशु, मिलन र विछोडमा त्यही लोकको सरल भाषामा गाइने, भनिने, सुन्ने, सुनाइने तथा जीवनको विभिन्न क्रियाकलापमा चाडपर्व, मेला र संस्कृतिको चित्रण भएको साहित्य नै लोक साहित्य हो ।

लोक साहित्यका सन्दर्भमा पश्चिमेली जगत्मा अङ्ग्रेजी साहित्यका विद्वानहरू तथा भारतीय विद्वान्हरूले पनि आ-आफ्नै किसिमले साहित्यको परिभाषा गरेका छन् । यिनीहरूको दाँजोमा नेपालीमा लोक साहित्यका विवेचनात्मक कृतिहरू कमै आएका छन् । जे जति लोक साहित्यिक कृति आएका छन् तिनमा लोक साहित्यका सङ्कलक तथा अन्वेषकहरूले लोक साहित्यबारे आफ्नो धारणा प्रस्तुत गरेको पाइन्छ । यस सन्दर्भमा धर्मराज थापा र हंसपुरे सुवेदीको भनाइ छ "लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य हो ।"[३६]

नेपाली साहित्यका परिप्रेक्ष्यमा लोक साहित्यलाई अर्थ्याउँदै सत्यमोहन जोशीले भनेका छन् - "वास्तवमा लोक साहित्य त्यो साहित्य हो जसमा नेपालीहरूको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ, आफ्नैपनको शैली छ - अझ यस नेपाली लोक साहित्यमा सत्यं शिवं सुन्दरम्को रूपमा नेपाली नृत्य, नेपाली संगीत र नेपाली कविता पनि छ - सबै नेपाली छन्द, नेपाली लय, नेपाली ताल, नेपाली सुर र नेपाली भावमा ढालिएका"[३७]

उपयुक्त कथनको एउटै अभिप्राय केहो भने लोक साहित्यलोक जीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइलाउने साहित्य हो । यसबाट लोक साहित्य कसैको पेवा नभई लोकको साझा सम्पत्ति हो भन्ने बुझिन्छ । लोक भनेको कुनै देश राष्ट्र वा भाषिक क्षेत्रको जनसमुदाय हो । यसै समुदायबाट जीवनका तीतापीरा

[३६] **ऐजन ।**

[३७] कृष्ण प्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक** विर्णा प्रकाशन प्रा.लि. त्रिपुरेश्वर काठमाडौं २०५७, पृ. २९ ।

अनुभव, सुख दुःखका सुसेली र सुस्केरामा भिजेर विकसित हुँदै लोक साहित्यको सृजना हुन्छ । जनमानसको आन्तरिक भावनाको सहज स्वस्फूर्त अभिव्यक्ति लोक साहित्य हो । समाजको सामुहिक सृजनाका रूपमा युगौदेखि चलिआएको अभिव्यक्तिका विविध रूपको समष्टिलाई लोक साहित्य भन्नु उपयुक्त हुन्छ । यसरी लोक साहित्य हरेक समाजको सुख दुःखले भरिएको मौलिक इतिहास हो । लोक साहित्यमा खास सर्जकको महत्त्व हुँदैन । लोक एक अङ्गले भन्दै, गुनगुनाउँदै जाँदा र परम्परित रूपमा संवर्द्धन परिमार्जन गर्दै जाँदा एक-एक भई सामूहिक रूपमै यसको जन्म हुन्छ र विकास पनि हुँदै जान्छ ।

लोक साहित्य भनेको लोकको साहित्य अर्थात् लोकबाट आएको लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो यसमा लोक मानसका समस्त क्रिया प्रक्रिया गुन्जन्छन्, लोकको आत्मजीवन बोल्छ । युगौंदेखि चल्दै र विस्तारित हुँदै आएको हुन्छ ।[३८]

लोक साहित्यका सम्बन्धमा कृष्ण प्रसाद पराजुली भन्छन् - "लोक साहित्य लोक जीवनको सरल र सशक्त मौलिक अभिव्यक्ति हो । साझा वाणी साधन हो । यसमा जनसाधारणका सम्पूर्ण क्रियाकालप रीतिरिवाज रहनसहन, उच्छ्वास - आकांक्षा, पीडा-उमंग आदिको अभिव्यजना हुन्छ ।"[३९] लोक जीवनमा समाहित हुँदै जाने भएकोले लोक साहित्यको क्षेत्र सीमित नभएर विस्तृत छ । जीवनयात्राका विविध रूपमा लोकले प्राप्त गरेको गम्भीर अनुगमनको प्रकटीकरण हो लोक साहित्य । लोक साहित्य समाजमा गतिमयताका साथ बगिरहन्छ, घुमिरहन्छ र यसले निरन्तर आफ्नो वेग लिइरहन्छ । वास्तवमा मानव संस्कृतिकै धरातलको अन्वेषण गर्ने स्रोतका रूपमा लोक साहित्यका सामग्री अगुवा हुन पुगेका छन् ।

[३८] **ऐजन**, पृ. ३१ ।

[३९] **ऐजन**, पृ. ३१ ।

## ४.२ लोक साहित्यको विधा विभाजन

लोक साहित्य लोकजीवनको सहज तथा सरल अभिव्यक्ति भएको हुँदा मौखिक रूपमा व्यक्त गर्न सकिन्छ र तत्कालै सुनेर ज्ञान वा अनुभव गर्न सकिन्छ । लोक साहित्यले सामान्य धरातल वा परिवेशलाई अभिव्यक्त गर्दछ । लोक जीवनका बाह्य तथा आन्तरिक परिवेशको चित्रण लोक साहित्यले प्रस्तुत गर्दछ । लोक मानस र व्यवहारको साझा र सोलो डोलो रूप लोक साहित्यमा प्रकट हुन्छ ।[४०]

लोक जीवन विभिन्न अवसरमा मीठा-मीठा गीत गाएर, गाथा सुनाएर, कथा भनेर, नाटक खेलेर, अनि हृदय छुने उखान टुक्का प्रयोग गरेर र बौद्धिक विकास हुने गाउँखाने कथा हालेर आफ्ना मनको भाव प्रकाशित गर्छ र मनोरञ्जन पनि लिँदै जान्छ । लोक साहित्यका अध्येताहरूले यसको स्थुल विभाजन यिनै विषयवस्तुका आधारमा गर्दै आएका छन् ।

यसै सन्दर्भमा चुडामणि बन्धुले लोक साहित्यका विधाहरूमा लोकगीत, लोकगाथा, लोककाव्य, लोककविता, लोककथा, लोकनाटक, पहेली, उखान र टुक्काहरू[४१]को उल्लेख गरेका छन् । यसैगरी धर्मराज थापा र हंसपुरे सुवेदीले सजिलोको लागि एउटा आधार शिलामात्र हो वर्गीकरण, तर ठोकुवा वा अन्तिम निर्णय चाँही होइन[४२] भनेर लोक साहित्यको यसरी वर्गीकरण गरेका छन् :

१. लोकगीत
२. लोकगाथा
३. लोककथा
४. लोकनाटक
५. गाउँखाने कथा
६. उखान टुक्का

[४०] चुडामणि बन्धु, **पूर्ववत्** पृ. २६ ।
[४१] **ऐजन**, पृ. २७ ।
[४२] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत्**, पृ. ४६ ।

माथिका लोक साहित्यको वर्गीकरणलाई आधार मानी नेपालीमा बहुचर्चित र चिरपरिचित हुँदै आएका लोक साहित्यका प्रमुख विधाको देहाय बमोजिम उल्लेख गरिएको छ :

### ४.२.१ लोकगीत

जनसमाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत नै लोकगीत हो ।[४३] लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ । लोकको संस्कृति यसैमा अभिव्यक्त हुन्छ ।[४४] यसैगरी थापा र सुवेदीले पनि लोकगीतलाई लोक साहित्यको सबैभन्दा व्यापक र प्रिय अंग मानेका छन् । स्वच्छ र सहज आत्माबाट प्रस्फुटित कुनै पनि लोकको लय लोकगीत हो जसलाई झ्याउरे, सिलोक पनि भनिन्छ ।[४५] कुनै पनि समाजमा परम्परादेखि आफ्नो जीवनमा दिनानुदिन भोगिने माया र ममता, सुख र दुःख, हर्ष र आँसु, मिलन र विछोड जस्ता विविध पक्षको सरल शब्दमा लय हाली घाँस दाउरा, पानी पँधेरो, वनजंगल, गाई-गोठाला जाँदा वा हलो जोत्दा आदि विभिन्न कामकाज गर्दा मन बहलाउने र समय बिताउने एउटा सशक्त साधन लोकगीत नै हो, जसबाट लोक जीवनले आफ्नो मनोभाव पोख्छ । यस्ता लोकगीत हाम्रो हिमालदेखि पहाड हुँदै भित्री मधेश र तराईका सम्म फाँट, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म आ-आफ्नै लय र तालमा गाउने गरिन्छ । यिनै लोकगीतलाई सूक्ष्म अध्ययन र अनुसन्धान गरेको खण्डमा कुनै पनि समाजको जीवनचक्र राम्रैसँग जान्न सकिन्छ । त्यसैले भन्न सकिन्छ लोकगीत पनि समाजको ऐना हो जसबाट समाजको अनुहार प्रष्टसँग देख्न सकिन्छ ।

### ४.२.२ लोककथा

लोक साहित्यका विभिन्न विधामध्ये लोक कथा पनि एक विधा हो । लोक जीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोक कथा हुन् ।

---

[४३] कृष्ण प्रसाद ओझा, **पूर्ववत्**, पृ. १६ ।
[४४] चुडामणि बन्धु, **पूर्ववत्**, पृ. ११५ ।
[४५] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत्**, पृ. ४७ ।

यस्ता कथाहरू एउटाले भन्ने र अरूले सुन्ने गरिन्छ । परम्परादेखि लोक जीवनमा मौखिक रूपले चली आएको कथा नै लोक कथा हो ।[४६] यसलाई दन्तेकथा र लोककथा पनि भनिन्छ । लोककथा कुनै पनि समाजमा भएका ऐतिहासिक घटना र संस्कृतिको टिपोट हो । यो आफ्नो फुर्सदका बेला वसिवियाँलो गर्न भनिने र सुनिने गरिन्छ । लोक कथा केवल रातमा मात्र भन्नु पर्छ दिनमा भन्न हुँदैन भन्ने भनाई पाइन्छ र दिनमा भनिदैन पनि । यसको शुरुवात् "एकादेश" बाट सुरु भएर..... सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला चाहिएको वेला फेरि आउला भनेर अन्त्य गरिन्छ । लोकगीत जुन सुकै बेला र एक्लै पनि गाउन सकिन्छ तर लोककथा भन्ने र सुन्ने समय तोकिएको पाइन्छ र भन्ने, सुन्ने दुवै पक्षको खाँचो पनि पर्दछ । यस्ता कथाहरू परम्परागत रूपमा सुन्ने र सुनाउने गरिँदै आएको हुन्छ । सम्पूर्ण लोक साहित्य नै सामूहिक हुने हुँदा यसमा पनि कसैको एकाधिकार रहँदैन । त्यसैले लोककथा पनि सबैको साझा सम्पत्ति हो ।

यसरी लोककथा आफैँमा तत्कालीन समयको चालचलन, रीतिरिवाज, सामाजिक सांस्कृतिक विश्वास, परम्परागत संस्कार, अनुष्ठान आदिको हस्ताक्षर र प्रतीकात्मक साक्षी हो । यस्ता लोककथाहरू पनि हाम्रो पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका कुना कुनामा यत्रतत्र छरिएर रहेको पाइन्छ, जसले लोकलाई मनोरञ्जन र अर्ती उपदेश दिई रहेका हुन्छन् ।

### ४.२.३ लोकनाटक

लोक साहित्यका विभिन्न विधामध्ये लोकनाटक पनि एक हो । लोकजीवनको आस्था र व्यवहारको सरल प्रदर्शन मूलक अभिव्यक्ति नै लोकनाटक हो ।[४७] लोकनाटकको सम्बन्ध लोकगीत तथा संगीतसँग हुन्छ । विना गीत वा संगीत लोकनाटक हुन सक्दैन । त्यसैले हाम्रो समाजमा चली आएका विभिन्न सोरठी, घाटु आदिमा ती गीतका भावसँगसँगै गरिने नृत्य अभिनय नै लोकनाटक हो । गेयात्मकता, रसात्मकता र मनोहारिता लोक जीवनको सर्वस्व हो ।

[४६] **ऐजन**, पृ. १७ ।

[४७] चुडामणि बन्धु, **पूर्ववत्**, पृ. २६२ ।

लोकनाटकमा लोकभावनाको अभिव्यक्ति हुन्छ । लोकनाटक लोक परम्परा र रुढिमा आधारित हुन्छ । शास्त्रीय नियमहरूको पालना गर्नु नपर्ने भए तापनि प्रदर्शनीमा गुरुपरम्परा हुन्छ, त्यस्ता प्रदर्शनका पनि निश्चित विधि विधान हुन्छन् । तिनले केही घटनामूलक कथावस्तु लिएका हुन्छन्, लोकशैलीको मञ्च हुन्छ । मञ्चमा विभिन्न पात्रले चरित्रको अनुकरण गर्छन, प्रस्तोताहरूले गीत नृत्य र बाद्य सामग्रीका सहयोगले आफ्ना प्रदर्शनलाई प्रभावकारी बनाउँछन् । सोरठी, बालुन, घाटु आदि लोकनाटकहरू हाम्रो समाजमा प्रचलित रहेको पाइन्छ ।

### ४.२.४ लोकगाथा

लोकगाथा नेपाली समाजमा परम्परादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएको पाइन्छ । लोकगाथा पनि लोक साहित्यको एक अभिन्न अंगका रूपमा रहेको र लोक कण्ठमै सुसाउने गेयकाव्य हो । यसमा कथात्मकता र गीत्यात्मकता साथसाथै रहन्छ । समाज एउटा एकाइमा बस्न थालेपछि गाथाको उत्पत्ति हुँदै अएको हो । परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको, कथात्मक विद्यमान रहेको अनि गेयश्रृङ्खलामा उनीएर जीवनका महत्त्वपूर्ण पाटालाई उद्घाटित गर्ने विशेष गीत हो - लोकगाथा ।[४८] यसमा कथालाई गीतमा प्रस्तुत गरी सानो विषयवस्तुलाई पनि लम्ब्याएर गाउने गरिन्छ । लोकगाथा भनेको त्यस्तो गीत हो जसमा एउटा कथा हुन्छ ।[४९] लोकगाथा गीतभन्दा आकार, विषयवस्तु र प्रस्तुतीकरणको शैलीमात्र फरक हुन्छ । धेरै जसो लोकगाथाहरू गीतबद्ध नै हुन्छन् । त्यसैले लोकगाथा भनेको लोक साहित्यको उर्वर विधा हो । लोकगीतका फूलमा उनिएको कथायुक्त गीतमालाको सुन्दर स्वरुप नै लोकगाथा हो ।[५०]

### ४.२.५ उखान र टुक्का

उखान भन्नाले ‘लोक जीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति लोकोक्ति, आहान, कहावत आदिलाई जनाउँछ । भाषिक समुदायमा आउने लोक अनुभवका

---

[४८] कृष्ण प्रसाद पराजुली, **पूर्ववत्**, पृ. ४४ ।
[४९] चुडामणि बन्धु, **पूर्ववत्**, पृ. १९६ ।
[५०] कृष्ण प्रसाद पराजुली, **पूर्ववत्**, पृ. ४५ ।

चुट्किला उक्ति वा कथन नै उखान हुन् ।[५१] कुनै पनि समुदायका जातिको वा समुदायको सशक्त उद्गार उखान हो । उखानको प्रयोगले एकातिर वक्ताले बोलेको कुरामा गहनता, तिख्खरता ल्याउँदछ भने अर्को तिर यसले स्वाभाविक रूप दिएको हुन्छ । कुनै पनि भाषा र साहित्यलाई समृद्ध पार्न र त्यसैको गरिमा बढाउनमा उखानको प्रयोग गर्नुले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यतिमात्र होइन भाषालाई प्रभावपूर्ण र अभिव्यक्तिलाई सहज तुल्याउन समेत उखानको प्रयोग अति आवश्यक मानिन्छ । उखानको प्रयोग गर्न खास तोकिएको कुनै समय हुँदैन । यो त बोलचालका बेला अकस्मात् प्रयोग गरिने कला हो ।

टुक्का कुनै भाषा वा बोलमा लाक्षणिक तथा विशेष अर्थमा प्रयोग हुने एक किसिमको वाक्यांश वा पदसमूह हो । टुक्काको प्रयोगले भाषा स्वादिलो र सजिव, मार्मिक र मनोहर बन्न पुग्दछ भने अर्कोतिर भनाइमा रञ्जकता पनि आउँछ । यसैले टुक्कालाई जिउँदो भाषाको मुटु वा धुक्धुकी भनी उल्लेख गरिएको पाइन्छ ।[५२]

हाम्रो भाषामा टुक्काहरू प्रशस्त छन् । यिनीहरूको क्रमबद्ध सङ्कलन भएको पाइदैन । यी हाम्रो मुख मुखै र पत्र पत्रिका आदिमा समेत छरिएर रहेका हुन्छन् । टुक्काको उद्भव तथा विकास भाषा विकाससँगै भएको भए तापनि लोकसाहित्यमा यिनीहरूको आफ्नै प्रयोग र वैशिष्ट्य छ । लोक जीवनको हाँसो-ठट्टा, माया-प्रेम र घरव्यवहार आदिमा थाहै नपाई यिनीहरूलाई सुटुक्क लिएको हुन्छ र काम चलाएको हुन्छ । टुक्का हाम्रो लोक जीवनमा अमूल्य निधि हुन्, गरिमामय आभूषण हुन् ।[५३] लोक जीवनकै अनुभव र ज्ञान सञ्चित भएर आउने हुनाले टुक्कामा नेपाली जीवनका धेरै कुरा थाहा पाउन सकिन्छ ।

### ४.२.६ गाउँखाने कथा

गाउँखाने कथा लोक साहित्यका विधाहरूमा रोचक विधा मानिन्छ । बक्ताले प्रश्नको रूपमा अड्को हाल्ने र स्रोताले नाउँ मात्रको गाउँ दिएपछि सो अड्को फुकाई

[५१] कृष्ण प्रसाद पराजुली, **पूर्ववत** पृ. १३३ ।
[५२] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत्**, पृ. ४१५ ।
[५३] **ऐजन**, पृ. ४१६ ।

दिने कथा नै गाउँखाने कथा हो । अनुभूति र कल्पनाका सुनौला पङ्ख फर्फराउँदै लोक जीन्दगी गाउँछ, खेल्छ, नाच्छ, रामाउँछ-गाउँखाने कथा त्यसै क्रमको एउटा रमाइलो रूप हो नेपाली लोक साहित्यमा ।[५४]

यस किसिमको कथा दिन भरिको कामको थकाई मार्न, मनोरञ्जन गर्न ग्रामीण जनसमुदायले वसिवियाँलो गर्दा प्रयोग गर्ने गरेको पाइन्छ । यस किसिमको कथा पुरा सांकेतिक हुन्छ । जो जीवन जगत चराचरसँग पूर्ण परिचित छैन त्यसैले यस्ता कथाहरूलाई फुकाउन (जान्न) मुस्किल पर्ने देखिन्छ । यसरी गाउँखाने कथाले मनोरञ्जन दिनु त छँदैछ त्यसको साथसाथै बौदिकताको खुराक पनि लोकलाई दिइरहेको हुन्छ । कलात्मक नाटकीय भँङ्गीमा र कथनको प्रस्तुतीकरणले गाउँ खाने कथालाई जीवन्तता दिएको हुन्छ । यस्तै कतिपय कारणले गर्दा गाउँखाने कथा हाम्रो लोकजीवनको अभिन्न अंग बनेको छ र जनजीवनमा दुःख सुखको रमाइलो साधन बनेको छ ।

यस्ता गाउँखाने कथा जन समुदायलाई अर्ती, उपदेश, उत्साह, जांगर र स्फूर्ति दिने काम त छँदैछ त्यसका साथसाथै दार्शनिक, चिन्तन र मनन् गर्नु पर्ने खालका वस्तु पनि प्रस्तुत गरेर वौद्धिकताको अभिवृद्धि गरेको पाइन्छ ।

## ४.३ निष्कर्ष

लोक साहित्य भनेको जनजीवनको प्रचलित साहित्य हो । युगौंदेखि मौखिक वा श्रुतिपरम्पराबाट आउने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्य नै लोक साहित्य हुन्छ । लोक साहित्य लोकजीवनमा रत्तिने साहित्य भएकोले सर्वसाधारण समाजको उन्मुक्त भाव र विचारको अभिव्यक्ति पाइन्छ । त्यसैले यस्तो साहित्यको विधागत अध्ययन स्पष्ट भएमा लोक साहित्यले अझै मौलाउने मौका पाउँदै जान्छ । लोक साहित्यका विधा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा आदिको अझै व्यापक रूपमा खोज गरी उल्लेख गर्नु आवश्यक देखिन्छ । लोक साहित्यले सामाजिक, सांस्कृतिक, प्राकृतिक, आर्थिक तथा संस्कृतिको

[५४] ऐजन, पृ. ५९ ।

प्रतिबिम्बन गरेको हुन्छ । त्यसैले यस्ता विषयहरूले लोक साहित्यलाई धनी बनाउन प्रशस्त ऊर्जा प्रदान गरेका हुन्छन् । परम्परादेखि नै यसरी चल्दै आएका लोक साहित्यका विधाहरूको व्याख्या, विश्लेषण, अध्ययन, संरक्षण र सम्बर्द्धन हुनु जरुरी छ ।

## परिच्छेद - पाँच

# लोक साहित्यको विधागत अन्वेषणमा धर्मराज थापा

### ५.१ विधागत अन्वेषण

नेपाली लोक साहित्यमा विभिन्न विधामा कलम चलाउने धर्मराज थापाले आफूलाई साहित्यका क्षेत्रमा सफल व्यक्तित्वका रूपमा उभ्याएका छन् । उनले लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा आदिको अन्वेषणमा योगदान दिएका छन् । एउटै व्यक्तिबाट लोक साहित्यका यी विभिन्न विधामा यतिधेरै योगदान हुनु भनेको महत्त्वपूर्ण कुरा हो । थापाले स्वदेश तथा विदेशका विभिन्न क्षेत्रहरूको स्वयम् भ्रमणगरी लोक साहित्यको सङ्कन तथा अन्वेषण गरेका छन् । उनले यसरी सङ्कलन गरेका विधाका उल्लेखनीय योगदानहरूलाई विधागत रूपमा तल प्रस्तुत गरिएको छ ।

### ५.१.१ नेपाली लोकगीतका अन्वेषकका रूपमा धर्मराज थापा

नेपाली लोकगीतको सम्वर्द्धनका लागि धर्मराज थापाले गायन र लेखनका साथै लोकगीत अन्वेषण र सङ्कलन गर्ने काम गरेका छन् । उनले नेपाली लोकगीतका क्षेत्रमा गरेका अन्वेषणात्मक कार्यहरू तथा उनका समकालीन अन्य अन्वेषकहरूबाट भएका कार्यक्रमहरूले गर्दा नेपाली लोकगीतको क्षेत्रमा भएका उपलब्धिहरूले गर्दा लोकगीतले फल्ने फूल्ने मौका पाएको छ ।

लिखित साहित्यको प्रचलन हुनुभन्दा पहिले पनि समाजमा साहित्यको अस्तित्व विधमान थियो । एक मुखदेखि अर्को मुख हुँदै सयौं वर्षसम्म समाजमा बाँचेको यस किसिमको साहित्यलाई लोक साहित्यको संज्ञा दिएको पाइन्छ । श्रुति परम्पराबाट विकसित भएको यस साहित्यलाई जनसाहित्य पनि भनेको पाइन्छ । जे होस, लोकगीत लोक साहित्यको एउटा हाँगो हो र यो पनि मौखिक परम्परामा हुर्केर आएको हो ।

धर्मराज थापाले अन्वेषकका रूपमा नेपाली लोकगीतको फाँटमा प्रवेश गर्दा त्यो क्षेत्र लगभग बाँझो जस्तो थियो । फाटफूट प्रयास भएपनि त्यसले गति लिन सकेको थिएन । उनी त्यस क्षेत्रमा प्रवेश गर्ने वित्तिकै अन्य लोकगीतका सङ्कलक तथा अन्वेषकहरू पनि त्यस कार्यमा संलग्न भए । नेपाली विद्वानहरूबाट नेपाली लोक साहित्यको अध्ययन गर्ने क्रममा उनी अग्रणी पंक्तिमा उभिन पुगेका छन् । लोकगीतको अन्वेषण तथा सङ्कलनमा उनले जे जति गरे त्यसलाई हेर्दा गुण र परिमाण दुवै दृष्टिले विशिष्ट व्यक्तिका रूपमा थापालाई लिन सकिन्छ । नेपाली लोक साहित्यको क्षेत्रमा उनी गीत गायन क्षेत्रमा पनि उत्तिकै चर्चित र लोक प्रिय छन् ।

वि.सं. २००१ साल तिरबाट पत्रपत्रिकामा गीत तथा कविता प्रकाशन गरी नेपाली साहित्यमा देखा परेका धर्मराज थापाका आधा दर्जनभन्दा बढी गीत कविता सङ्ग्रहहरू प्रकाशित छन् । उनले स्वदेश-विदेश जहाँ रहँदा पनि गीत-कविता रचना गर्न छोडेनन् । उनका गीत-कविता सङ्कलन लगायत विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रचनाहरू पनि प्रकाशित छन् । उनको सङ्कलित पहिलो गीत कविताहरूको सङ्कलन **पहाडी सङ्गीत** हो । यस सङ्कलनमा थापाका राष्ट्रप्रेम, साहित्यकारको सम्मान, माया पिरती, विरह र प्रकृतिप्रेम व्यक्त भएका ३२ वटा गितिकविताहरू सङ्कलित छन् । यस सङ्कलनमा रहेका गीत कविताहरू नेपाली लोकलयका विभिन्न भाकामा रचित भएकोले नेपाली लोकलयका गीतिकविका रूपमा परिचित गराउन यो सङ्ग्रह सफल रहेको पाइन्छ ।

त्यसैगरी थापाको २००९ सालमा प्रकाशित गितीकविता सङ्ग्रह **विलौना**मा १२ वटा गीतिकविताहरू सङ्ग्रहित रहेका छन् । विरह व्यथाका विलौना, साहित्यकारको सम्मान, शहीद प्रति श्रदान्जली आदि भावव्यक्ति भएका गीतहरू यस सङ्ग्रहमा रहेका छन् । लोक छन्दहरूमा रचित यस सङ्ग्रहका गीत कविताहरूले थापाको गीतकार प्रतिभालाई उच्च बनाउन सहयोग गरेको देखिन्छ ।

२००९ मा नै प्रकाशित **कोसेली** कविता सङ्ग्रह धर्मराज थापाले रचना गरी उनैले गल्ली गल्लीमा गाएका गीतहरूको सङ्कलन हो । यस सङ्ग्रहले धर्मराज

थापालाई जनकविका रूपमा परिचित गराउन सहयोग गरेको पाइन्छ । गरीबीको वेदना, धनी गरीब बीचको असमानता, विदेश पस्न बाध्य नेपालीको चित्रण तथा देशप्रेम, भाषाप्रेम र स्वजातिप्रेम व्यक्त भएका यस सङ्ग्रहका गीतहरूले थापाको कवि तथा गीतकार व्यक्तित्वलाई अझ प्रस्फूटित गराएका छन् ।

थापाका गीत कविताहरूको सङ्कलन प्रकाशन हुने क्रममा २०११ सालमा नेपाली साहित्यसदन धुलावारी झापाबाट **शहीद सम्झनामा** गितिकविता सङ्ग्रह प्रकाशित भएपछि मुख्यतयाः परिवर्तनगामी क्रान्ति र संघर्षका भावनाहरू व्यक्त भएका थापाका यस सङ्ग्रहका गीतहरू पाठकको मन छुन सफल भएका छन् । सरल सरसका साथै तीब्र र मार्मिक यस सङ्ग्रहका गीतिकविताहरूले थापाको व्यक्तित्वलाई अझ उच्च बनाएका छन् । थापाका **शीतल पाटीमा** (२०१२), **तिलोत्तमाको भेल**, **नेपाली गीत** (२०१६) गिति कविता सङ्ग्रहहरू पनि प्रकाशित छन् । यस्तै थापाको गीतकविता सङ्कलन **गोलसिमल** (२०३६) सालमा प्रकाशित देखिन्छ । जीवनका आशा उमङ्ग, आंशु-हाँसो, बह-वेदना, माया प्रितीका सुक्ष्म अनुभूतिहरूलाई सफल रूपमा चित्रण गरिएका उनका यस्ता गीतिकविता सङ्ग्रहहरू हृदयस्पर्शी रहेका छन् । यसबाट थापाको संवेदनशील कवि तथा गीतकार व्यक्तित्व चम्किलो रहेको स्पष्ट देखिन्छ ।

यसैगरी 'डाँफेचरी' 'उद्योग' 'शारदा' 'प्रगति' 'गोर्खापत्र' 'मधुपर्क' 'गरिमा' आदि पत्र पत्रिकाहरूमा प्रकाशित उनका गीत कविताहरूले पनि उनको कवि तथा गीतकार व्यक्तित्वलाई निकै उचालेका छन् ।

नेपाली लोकगीतका क्षेत्रमा एक समयमा आफ्नो गायन कलाद्वारा सारा श्रोतालाई प्रभावित पारेका धर्मराज थापा नेपाली लोकगीतका पयार्य नै बनेको पाइन्छ । धर्मराज थापाले आफू भन्दा अगाडिका र आफ्ना लोक गीतहरूलाई पनि जनसमक्ष ल्यादिएर नेपाली लोकगीतको क्षेत्रमा उलेख्य योगदान दिएका छन् । उनले लोकगीतका तीनै क्षेत्र (गायन, सङ्कलन तथा लेखन) मा देखाएको साधना र सर्मपण नै नेपाली लोक साहित्यमा विशेष योगदानका रूपमा रहेको छ ।

धर्मराज थापाले नेपाली लोकगीतका अन्वेषण र सङ्कलन क्षेत्रमा प्रारम्भ देखि नै आफूलाई सर्मपण गरे । २००८ सालमा गोर्खापत्रको जागीर छाडी उनले केही साथीहरूसँग मिलेर डिल्लीबजारमा 'लोकगीत सङ्ग्रहालय' नामक संस्थाको स्थापना गरी यसको मुखपत्रका रूपमा संस्कृति प्रधान पत्रिका 'डाँफेचरी'को प्रकाशन गरे ।

मेचीदेखि महाकालीसम्म छरिएर रहेका नेपाली लोकगीतलाई संगालेर एउटै मालामा गुथ्ने उद्देश्यले लोकगीत सङ्ग्रहालयको स्थापना भएको थियो । त्यसका संस्थापक अध्यक्ष स्वयम् थापा नै बनेका थिए । 'डाँफेचरी' पत्रिकाले नेपाली लोकगीत, लोककविता र लोक कथाको प्रसार गरी नेपालीलाई आफ्ना लोक साहित्यसँग परिचित गराउने काम गरेको पाइन्छ । त्यसपछि धर्मराज थापा स्वदेश तथा विदेशमा समेत लोकगीतको खोजी तथा सङ्कलन गर्न हिँडेको पाइन्छ । उनले **मेरो नेपाल भ्रमण** (२०१६) प्रकाशन गर्नुपूर्व नेपालका विभिन्न ठाउँहरूमा पुगी लोकगीतका विभिन्न सामाग्रीहरू सङ्कलन गरेको पाइन्छ । उनले यस कृतिमा नेपालका विभिन्न क्षेत्रमा बसोबास गर्ने जातजातिको संस्कृति तथा लोकभाकाहरूलाई समेटेको पाइन्छ । उनको मेरो नेपाल भ्रमणमा लोक पक्षको झझल्को देख्न पाइन्छ । यस समयमा थापा लोकगीत अन्वेषण र सङ्कलन गर्ने कार्यमा व्यक्तिगत रूपमा प्रयत्नशील रहे । आफ्नै रुचि, उत्साह र जाँगरको त्रिवेणीमा रौसिएर उनले लोकगीतको खोजी गरे ।

धर्मराज थापाले नेपालका विभिन्न ठाउँमा पुगेर गीत गाएको पाइन्छ । उनका गीतले जनतालाई मन्त्रमुग्ध पार्दथे । उनले २०१० सालदेखि २०१५-१६ सालसम्म नेपालका विभिन्न ठाउँको भ्रमण गरेर गीत गाउँदै हिँडे । उनको सुरिलो कण्ठले गाइएको गीतको पुरस्कार स्वरुप जनता र विभिन्न सङ्घ-संस्थाबाट अभिनन्दनको भारी बोकाए, जुन अभिनन्दनहरूको संगालो 'भेटघाट' अभिनन्दन संगालोमा सङ्ग्रहीत रहेका पाइन्छन् । २०१३ सालमा धर्मराज थापाले श्री ५ महेन्द्रबाट 'जनकवि केशरी' उपाधि प्राप्त गरे । त्यसपछि उनी वास्तविक रूमपा नै जनगायकका रूपमा देखिन्छन् । यो 'जनकवि केशरी' उपाधि पनि उनको गायन क्षमतालाई नै ध्यानमा राखेर प्रदान गरिएको हो ।

थापा २०१७ सालमा लोकगीत प्रबन्धकको रूपमा रेडियो नेपालमा पसे । त्यहाँ पसेपछि थापाले रेडियो नेपालबाट विभिन्न गीतहरू गाए । 'हरियो डाँडा माथि ....', 'आज मादल बजेको किन ....' जस्ता लोकप्रिय गीतहरू उनले यसै समयमा गाएका थिए । २०२६ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सह-सदस्य मनोनीत भएपछि भने उनको गायन कार्यमा शिथिलता आएको देखिन्छ । उनले यस पछि पनि गीत गाउन भने छोडेका छैनन् । २०४६ सालमा नेपालमा बहुदलीय व्यवस्था आएपछि पनि थापाले 'प्रजातन्त्रको काफल पाक्यो हजुर ...' जस्ता गीत गाएका छन् ।

धर्मराज थापाले नेपाल भित्रमात्र होइन नेपालबाहिर गएर पनि गीत गाउने काम गरेका छन् । लोक साहित्य र लोक संस्कृतिको प्रचार-प्रसार, सङ्कलन एवम् लोकगीत सङ्ग्रहालय संस्थाको शाखा-प्रशाखा खोल्न उनी प्रवासतर्फ लागे ।[५५] उनले देहरादुनमा पुगेर 'घर सम्झी रोएको होला डाँडा काटी गएको नेपाली...' जस्ता गीत रचना गरेर सुनाए ।[५६] यस्तै उनले 'तेजिन्ङ शेर्पा ......' र 'धुरु धुरु नरोऊ आमा...' भन्ने गीत कलकत्तामा डिस्क रेकर्ड गराएका थिए ।[५७] उनले भारत भ्रमणमा अन्य गीतहरू पनि गाएको पाइन्छ ।

धर्मराज थापा स्वदेशबाहिर भारतीय क्षेत्रमा मात्र सीमित रहेनन्; हिमालपारि चीनसम्म पुगे । एउटा सांस्कृतिक मण्डलको सदस्यका रूपमा चीन जाँदा नेपाल-चीन मैत्रीसम्बन्धी उनका केही गीतहरू पेकिङ रेडियोबाट प्रसारित हुनुका साथै रेकर्ड पनि भएका थिए ।[५८] यसरी देश र विदेशमा समेत गएर नेपाली गीत गाएका थापाले आजसम्म लगभग ५ दर्जनजति गीत गाइसकेका छन् ।

---

[५५] हंसपुरे सुवेदी र अरूहरू, 'सम्पादकीय' **डाँफेचरी** : वि.सं. २०५३ साउन पृष्ठ ५ -६ ।

[५६] धर्मराज थापा 'भन्नै पर्छ भने', **भेटघाट** : सावित्री थापा, २०२० पृ. च ।

[५७] **ऐजन**, पृष्ठ ट ।

[५८] विष्णुप्रसाद सापकोटा **पूर्ववत**: पृ. १६ ।

**धर्मराज थापाले गाएका र रेकर्ड (ध्वनिअङ्कन) गरेका गीतहरू**

| क्र.सं. | शीर्षक वा गीतको बोल | गीत गाएको, रेकर्ड भरेको वा प्रसारण गरेको स्थान, संस्था आदि |
|---|---|---|
| १. | म भात खाँदिन ए आमा | त्रिचन्द्र क्याम्पसको कविता सम्मेलन |
| २. | धुरु धुरु नरोऊ आमा | सानो टुडिखेलमा प्रथम पटक पछि हिन्दूस्तान म्युजिकल प्रोडक्स कलकतामा रेकर्ड |
| ३. | चरी बस्यो रुखको हाँगामा | सानो टुडिखेल मञ्च |
| ४. | नमेटी भोकको ज्वाला | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ५. | बाँधन माया ठ्याम्मै हो | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ६. | रूपेको जुहार | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ७. | आज मलाई के भन्दा हुन गाउँलेले | रेडियो नेपाल |
| ८. | आ है भइली | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ९. | आज मलाई सञ्चो छैन | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १०. | अहिले सालैमा | रेडियो नेपाल |

| | | |
|---|---|---|
| ११. | इलामको सिलाम | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १२. | कसरी चढ्यौं कसरी चढ्यौं हिमाल चुचुरा | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १३. | कान्तिकारी ए वीर के आई.सिंह | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १४. | कोइली गाइरहने वनमा दाईको बाँसुरी धुनैमा | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १५. | घरको जग्गा फलाइ सिस्नो किन हो भागेको | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १६. | झमझम परेली आँखैमा | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १७. | नेपालीले माया मार्‍यो बरिलै | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १८. | नेपालका डाँडा भरमा राम्रा झुपडी | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| १९. | सिग्रेट खान्छौ कि थापादाइ | खरसाङ रेडियो |
| २०. | हरियो भन्नु नि कान्छी.... | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| २१. | हाम्रो तेन्जिङ शेपाले | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| २२. | नेपाल चीन भाइ भाइ हौं | पेकिङ रेडियो |

| | | |
|---|---|---|
| २३. | माओसेतुङ जिन्दावाद | पेकिङ रेडियो |
| २४. | घरका छाना छानामा, शान्तिका मीठा गानामा | पेकिङ रेडियो |
| २५. | मेरी माया तेतै छिन हिउँको छहारीमा | पेकिङ रेडियो |
| २६. | तिरीरी मुरली बज्यो वनैमा | पेकिङ रेडियो |
| २७. | ए चिनिया नानी यो पिरती राखे मनैमा | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| २८. | आज मादल बजेको किन | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| २९. | उकालो चढने हे परदेशी | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३०. | गाई तिहार भैलो | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३१. | घर सम्झी रोएको होला डाँडाकाटी गएको नेपाली | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३२. | घिउमा दियो बाल | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३३. | जन्मे छौ बुद्ध नेपाल | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३४. | झल झल भैया जुनेली | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |

| | | |
|---|---|---|
| ३५. | तानसेनको शीतलपाटीमा | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३६. | तिमीले भने विर्सेकी हौली | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३७. | नेपाली कहाँ गयो | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३८. | नेपाल आमा तिमीलाई मनमा | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ३९. | नेपालीलाई लैजाने हो भने | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ४०. | नारयण हरि हरि | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ४१. | प्रवासी सम्झना छ कि नेपालको | आसाम रेडियो |
| ४२. | बहै्मास | रेडियो नेपाल |
| ४३. | शीरमाथि नेपाल आमालाई | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ४४. | साउनको हरियाली | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ४५. | साँइली रीमै चौरीगाई | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |
| ४६. | हरियो डाँडा माथि | रेडियो नेपाल |
| ४७. | आकाश भरी | हिन्दूस्तान म्युजिकल प्रोडक्स, कलकत्ता |

| | | |
|---|---|---|
| ४८. | लहरे पीपलुमा लै लै | निर्वाचन आयोग प्रचार विभागले रेकर्ड भरी प्रसारण गरेको |
| ४९. | नाम नभए म्याद छँदै दावी गर हजुर | निर्वाचन आयोग प्रचार विभागले रेकर्ड भरी प्रसारण गरेको |
| ५०. | देशको सेवक उमेद्धवार रोजी पठाउ हजुर प्रजातन्त्र फुल्छ जरूर | निर्वाचन आयोग प्रचार विभागले रेकर्ड भरी प्रसारण गरेको |
| ५१. | कर्मै रूखो छेउ लागेपछि | रेडियो नेपाल |
| ५२. | एक, दुई, तीन | रेडियो नेपाल |
| ५३. | न्याउला, न्याउला | रेडियो नेपाल |
| ५४. | पानी खान झरेको चाँचर | रेडियो नेपाल |
| ५५. | वनको धन | रेडियो नेपाल |
| ५६. | म झसङग हुन्छु | रेडियो नेपाल |
| ५७. | किन नवोलेको लाउला माया भनेको | रेडियो नेपाल |
| ५८. | लेव पाक्यो डल्ले जजीमाया लाएको कल्ले | रेडियो नेपाल |

| | | |
|---|---|---|
| ५९. | आज मलाई के भन्दा हुन गाउँले ले | रेडियो नेपाल |
| ६०. | तालपारी न्युरो न्युरो भन्दैमा दिन विउरो (सहयोगी - चेतन कार्की र महेन्द्र खनाल) | रेडियो नेपाल |
| ६१. | प्रजातन्त्रको काफल पाक्यो हजुर | रेडियो नेपाल |

यसरी हेर्दा धर्मराज थापा नेपाली लोक छन्दमा पूर्ण अधिकार भएका झ्याउरेका प्रसिद्ध कवि तथा गीतकार हुन् ।[५९] उनका कवितामा मौखिक लोक साहित्यको झल्को भेटिन्छ भने लेख्य साहित्यको परिष्कार पनि उनका गीत कविताले दिएका छन् । उनका गीत कविता पाठकको मुटु छुन र हृदय पगाल्न सफल भएका छन् । विभिन्न भावानुभूतिलाई टिपेर प्रयोग गर्ने थापाका गीत कविताहरूमा लोक साहित्यको मीठो स्वाद पाउन सकिन्छ । झ्याउरे छन्दलाई हेला गर्ने नेपाली परिपाटीमा थापाले त्यस पक्षलाई जुन गरिमा दिएका छन्, त्यो अविस्मरणीय छ । विदेशी साहित्यको प्रभावमा दुरुह र दुर्वोध्य बन्दै गएको नेपाली कविता क्षेत्रलणई नेपालीपनमा सजाएर सरल र सहज बनाउने काम थापाले गरेका छन । यस क्षेत्रमा थापाले नेपाली साहित्यलाई उन्नत पारेका छन् । पहाड-पहाड घुमी वल्लो र पल्लो डाँडामा मात्र पोखीरहेका गीत पुरै नेपाली साहित्यमा समेटेर उनले उठाइदिएका छन् ।[६०] त्यसैले नेपाली लोक साहित्यको क्षेत्रमा थापा गीतकार तथा कवि व्यक्तित्वका रूपमा अग्र स्थानमा छन् ।

### ५.१.२ लोककथाको अन्वेषणमा धर्मराज थापा

नेपाली लोक साहित्य अर्न्तगत लोककथाका क्षेत्रमा पनि धर्मराज थापाको योगदान रहेको पाइन्छ । थापाले धेरै लोककथाहरूको सङ्कलन गरे होलान् तर उनले प्रकाशमा ल्याएका लोककथाहरू गोरखापत्रमा जम्मा ३ वटा प्रकाशित भएका छन् ।

[५९] ईश्वर बराल 'भूमिका' **हिमचुली** काठमाडौ : साझा प्रकाशन ते. सं. पृ. २६ ।

[६०] राममिण रिसाल, **नेपाली काव्य र कवि** काठमाडौ : साझा प्रकाशन चौथो संस्करण २०५० पृ. ३४४ ।

नागदेवता र सेते, अल्छी र अलच्छिनी सासु[६१] कथा गोरखापत्रमा प्रकाशित छन् । अल्छिनी सासु कथामा एकादेशमा एउटी बुढी र उसको छोरा भएको, छोराले ५ वर्षकी दुलहीलाई छोडेर गएको र सासुले बुहारीलाई त्यसबेलामा गर्ने व्यवहारको सामाजिक विसङ्गति माथि चित्रण गरेको पाइन्छ ।

यसैगरी **लोक संस्कृतिको घेरामा लमजुङ्ग** (२०४१) मा एउटा लोककथा शीर्षक नदिएर पनि सङ्कलन गरेको पाइन्छ । धर्मराज थापाले लोककथाको सङ्कलन कम गरेतापनि आफैले सम्पादन गरेको 'डाँफेचरी' पत्रिकामा विभिन्न लोककथाहरूको प्रकाशन गरी जनसमक्ष ल्याइदिएका छन् ।

### ५.१.३ लोकगाथाको अन्वेषणमा धर्मराज थापा

नेपाली लोक साहित्यको प्राचीनतम इतिहासलाई हेर्दा लोकगाथा प्राचीनतम् रूपमा नै रहेको विधा भएको पाइन्छ । लोकगाथाको परम्परा प्राचीनकालमा कुनै महान् व्यक्तित्व, राजा वा मन्त्री अथवा महान समाजसेवी, वीर आदिको वीरता, किर्तिगाथा, वर्णनात्मक गाथा गाइने कुराहरूबाट अगाडि बढेको पाइन्छ । त्यसैगरी कुनै पनि देवता, ईश्वर आदिप्रति भक्तिभावना राखेर उनीहरूमा समर्पित भई शक्ति महिमा गाउने पुरानो कालदेखि नै प्रचलित रहेको देखिन्छ । पृथ्वीनारायण शाहको अभ्यूदय पछि बीर नेपालीलाई जागरण दिलाउन र भक्तिभाव उमार्न वीर पुरुषहरूको पुरुषार्थको गाथा गाइन थालिएको हो ।

**लोक साहित्यको विवेचना** (२०४१) मा लोकगाथा, भक्तिगाथा, वीरगाथा र करुणगाथा हुँदै अगाडि बढेको उल्लेख गरिएको छ । लोकगाथाको क्षेत्रमा धर्मराज थापाले विभिन्न ठाउँमा गई त्यहाँ प्रचलित गाथाहरूको सङ्कलन गरेको पाइन्छ । धर्मराज थापाले सङ्कलन गरेका यस्ता गाथाहरूमा गणेशजीको गाथा, रिपुमल्लको गाथा, चित्तौरगढको जैमलपत्ता गाथा, राजा उदयचन्द्र र रानी मनकोइलाको गाथा, राजा हरिमल्ल मवल्वी रानीको गाथा, डाँफे र मुरलीका गाथा, राजराजेश्वरी चाँचरी गाथा, श्री ३ जंगबहादुरको गाथा, चन्द्रशम्सेरको गाथा उल्लेखनीय रहेका छन् ।

---

[६१] कृष्ण प्रसाद ओझा, **पूर्ववत्**, पृ. ३८ ।

थापाले गणेशीजीको गाथामा खपऱ्या दैत्यलाई आफ्नो बाहुबल र पराक्रमद्वारा हनन गरी लोक उद्दार गरी लोककल्याण गरेकोमा जनताद्वारा गराइएको कुरा उल्लेख गरेका छन् । रिपुमल्लको गाथामा त्रिलोकीपालका दशौं पुस्ताका नागमल्लका छोरा रिपुमल्ललाई हाँसु कठायतले आछामदेखि ल्याई गद्दीमा बसाली राज्य सञ्चालन गरेको खुसीयालीमा डोटीका जनताले गाएको कुरा छ भने कास्कीका गाइनेहरूले विवाहका शुभकार्यमा तरवार नाचमा जैमलपत्ता गाथा गाउने कुरा थापाले उल्लेख गरेका छन् । राजा उदयचन्द्र र रानी मनकोइलाको गाथामा १२ वर्षका राजाको विवाह ५ वर्षकी रानीसँग भएको र राजा रानीलाई छोडेर विदेश गएका, राजा र रानीको चिठी ओहोर दोहोर भएको, पछि राजा मरेका र रानी पनि भावविह्वल भएर मरेको, फेरि उनीहरू परेवापरेवी भएर जन्मेको प्रसङ्ग छ र राजा हरिमल्ल मवल्ली रानीको गाथा चाडपर्वहरू र तीजमा भेषभूषामा सजिएर स्वास्नी मानिसहरूले परस्पर मिलेर गाउने सतीत्वपूर्ण गाथा हो । यो गाथा विशेषगरी पूर्व कोशी पहाडमा संगीनी भाकामा गाइने गाथा हो भने राजराजेश्वरी गाथा नेपालको एकीकरण गर्नेबेलामा राजेश्वरीका दाजु श्रीनन्दले वीरगति पाएको, गुल्मीको छल्दीमा बहिनी जोगिनी भेषमा हिंडेको प्रसंग खुलाई लोकले गला खोलेर गाएको गाथा हो ।

यसै गरी डाँफे र मुरली गाथामा डाँफे र मुरलीको कारुणिक रूपमा प्रेमगाथा गाइएको छ । अलापविलाप गर्दै विरहका भाकाहरू पोखिइएको र यिनीहरूको प्रेमप्रितीले हिमाल तराई भेट भएको प्रसंगमा उक्त गाथा गाइएको छ । चन्द्र शम्सेरको गाथामा बेलायत भ्रमण तथा नेपालको प्रसंग जोडेर स्तुतिगाथा गाइएको छ भने जंगबहादुरको गाथामा मुख्तियारहरूको सवाई, उनको स्तुतिगाथा आदि गाइएको छ ।

**चितवन दर्पण** (२०५०) मा गुजरातका राजा मेखनका छोरा चणिवर र चंपारना राजा दैविर रानी विजादैवी कन्या राजकुमारी साँवरीको विवाहको गाथा पनि थापाले समावेश गरेका छन् । यस लोकगाथाले थारु जातिलाई समेत स्त्रीपुरुषको सम्बन्धमा चरित्रपूर्ण र पौरुषताको कतिसम्म संयोग हुन्छ भन्ने कुरा देखाएको छ । सरुमा रानी लोकगाथा वर्षा ऋतुको प्रारम्भ र वसन्तको अन्तमा विशेषगरी गण्डकी अञ्चलमा गाइने प्रसिद्ध गाथा भएको पनि थापाले उल्लेख गरेका छन् । यसै गरी आत्मव्रम्हको

सवाईको सङ्कलन पनि गरिएको छ । जसमा थापाले भन्ज्याङ् वनारसदेखि आउँदाको वर्णन गाइएको, आत्म, व्रम्ह र ज्योतिको वर्णन गरी ज्ञान र चेतनाको गुणगान गाइएको पाइन्छ ।

यसैगरी **श्री ५ पृथ्वीको अर्ती** (२०१६) सालमा प्रकाशन गरी पृथ्वीनारायण शाहको 'दिव्य उपदेश'को भावानुवाद सवाइ छन्दमा गरिएको छ । **श्री ५ महेन्द्रको सवाई** (२०१७) मा श्री ५ महेन्द्रले पश्चिम क्षेत्रको भ्रमण गरेको कुरालाई सवाई शैलीमा काव्यात्मक रूप दिएका छन् । यसका साथै यस काव्यमा राजाले भ्रमण गरेका ठाउँको प्राकृतिक भौगोलिक र ऐतिहासिक विषयवस्तुको समेत वर्णन छ ।

यसरी धर्मराज थापाले नेपालका विभिन्न ठाउँहरूमा प्रचलित लोकगाथा तथा सवाइहरूको खोज अन्वेषण गरी नेपाली जनसमक्ष ल्याइदिएर लोकगाथाको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

### ५.१.४ लोकनाटकको अन्वेषणमा धर्मराज थापा

लोकनाटकको क्षेत्रमा पनि धर्मराज थापाको व्यक्तित्व उच्च रहेको पाइन्छ । लोकनाटक लोकजीवनको पुराना विधामध्ये एक हो । वस्तुतः लोक नृत्य र गीत नै यसका मूल आधार हुन् । लोक नाट्यविधा सर्वसाधारण जनताको मनोरञ्जन र लाभदायिक सुरुचिको उत्तम विधा हो ।[६२] सोरठी, घाटु, बालुन, कृष्णलीला आदि लोकनाटकहरू हुन् । यिनीहरूमा अभिनयका साथै गाइने पनि हुनाले खास कथावस्तुको साथै अनुशासित र निश्चित रूपका पात्रपात्रा हुन्छन् । लोकनाटकले हाम्रो लोकजीवनको धर्म, संस्कृति र परम्परासँग सम्बन्ध गाँसेको हुन्छ । यसमा सानो ठूलो कुनै न कुनै कथावस्तु, सरस र सहज भावना, गेयात्मक भाषा सरल, संवाद आदि हुन्छन् । यस्ता लोकनाटकहरू धार्मिक परम्परामा आधारित प्रसस्त पाइन्छन् ।

धर्मराज थापाले सोरठी, घाटु, वालुन आदिको सङ्कलन तथा अन्वेषण गरी जनसमक्ष प्रस्तुत गरेका छन् । उनले विभिन्न ठाउँमा प्रचलित यस्ता लोक साहित्यको

[६२] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत्,** पृ. ३५० ।

सङ्कलन गरेर नेपाली लोक साहित्यलाई उच्च बनाउने काम गरेका छन् । उनले सङ्कलन गरेका केही नाट्य विधाका लोक नाटकहरू :

**क) सोरठी**

धर्मराज थापाले धवलागिरी अञ्चलका लेखानी र राङ्खानी गाउँमा गाइने सोरठीको परिचय **गण्डकीका सुसेली** (२०३०) मा यसरी उल्लेख गरेको पाइन्छ । तत्कालीन मगरहरूमा प्रचलित सोरठीको गुरु हुनु अनिवार्य छ । गुरुले विधिवत सुरु गर्नुपर्दछ । जसमा यौटा फुर्सुङ्गे, एउटा मारूनी र २ मादले पात्रहरू हुन्छन् । मारूनी नामक पुरुषपात्र सोरठीले १० महिना गर्भमा राखी बालक जन्माई संस्कारपूर्ण भएपछि सोरठी बन्छ । सोरठीका १६ हाँगा हुन्छन् । यो नृत्य गीत नगाई उनीहरूको उँधौली उँभौली नै हुँदैन । ८० वर्षका बुढाले यस जनगीतलाई सञ्चालन गर्दछन् ।

धर्मराज थापाले त्यस भेगमा प्रचलित सोरठीको सङ्कलन गरेका छन् । उनले सङ्कलन गरेको सोरठीको एक अंश :

मलेनीको बारीमा अमेलीको विरुवा

हाम्रो रानीलाई तिर्सना लाग्यो

अमिली खान देउ ।[६३]

**लोक संस्कृतिको घेरामा लम्जुङ्ग** (२०४१) मा लमजुङ्ग क्षेत्रका गुरुङहरूको सांस्कृतिक पेवा भएको थापाले उल्लेख गरेका छन् । जसमा जैसिङ्गे राजाको ऐतिहासिक सोरठी नाच र कुमालेले कन्या पालेको, राजाले त्यही कन्या विहे गरेको प्रसङ्ग छ । यसैगरी दुरा, सोरठी र धौवहादुर दुरा शीर्षकमा दुराहरूले विवाहमा गाउने सोरठी उल्लेख गरेको पाइन्छ ।

**चितवन दर्पण** (२०५०) मा विर्जाभर कुँवर राजाको सोरठी, कन्या साँवरीको सोरठी, लोरिकवीरको सोरठीको थापाले सङ्कलन गरेका छन् । विर्जाभर कुँवरको

[६३] धर्मराज थापा **गण्डकीका सुसेली** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३०, पृ. २४५ ।

सोरठीमा आफूदेखि रिसाएको लोग्नेलाई खुसी पार्न थारु युवतीहरूले गाउने गीत थारुभाषामा गाइएको सङ्कलन छ । कन्या साँवरीको सोरठीमा आफ्नो परिश्रमलाई मोती बनाउने सपना बोकेका किसान तथा ऋतुले ल्याएको सोरठी, लोरिकवीरको सोरठीमा खेतीका बेला कृषकलाई फूर्सद नमिल्ने र जात्रा, मेला, चाडपर्व, पुजाआजा, यात्राहरू भैरहेकै समयमा जातिय संस्कृतिको सिलो सङ्गालो खोज्न समयको उपयोग गर्दै लोरिकवीरको सोरठी गाइने उल्लेख गरिएको छ ।

यसरी विभिन्न ठाउँमा विभिन्न जातिहरूमा प्रचलित सोरठी सङ्कलन गरेर थापाले लोक संस्कृतिको सर्म्वद्धन गरेका छन् ।

**ख) बालुन**

धर्मराज थापाले लोक साहित्यका विभिन्न क्षेत्रमा कदम चालेर साहित्यलाई धनी बनाएका छन् । लोकनाट्यविधा भित्रको बालुनमा पनि उनले योगदान दिएका छन् । उनले **गण्डकीका सुसेली** (२०३०) मा वालुनप्रति विशेष तेस्रो खण्डबारे शीर्षकमा बालुननाच महाकाली पारी गढकुमाउँदेखि नेपाल प्रवेश गरेको र कर्णाली हुँदै विभिन्न क्षेत्रमा फैलिएको उल्लेख गरेका छन् । बालुन अर्न्तगत रामायण खण्डबाट रामलीलाको बालुन सङ्कलन गरेका छन् भने महाभरात खण्डबाट कृष्णलीला बालुन सङ्कलन गरेका छन् ।

**अ) रामायण बालुन**

२०३९ साल जेठ महिनामा गण्डकी अञ्चल पोखराको धार्मी गाउँबाट सङ्कलन गरिएको बालुनमा अभिनयका साथ रामलीलाको स्तुतिगान गाइएको छ । बालुनको खेल्ने विधिसहित थापाले प्रस्तुत गरेका छन् । चार-चार जना पुरुष कलाकार १६ हातजति लम्बाई भएको आँगनमा आ-आफ्नो खाटमा बसी रातो दहिचामलको टीका लगाई बत्ती पुजा गरी गुरुले विधिवत आरम्भ गरिएको बालुन रामायणका मर्यादा पुरुषोत्तम राममहिमामा आधारित छ । यो वालुन रामचन्द्रको जयजयकारबाट आरम्भ भई बालुनका गुरुले गुरु, शुक्र, शनिको जय, उच्चारण गरेपछि समाप्त हुन्छ ।

### आ) कृष्णलीला

रामगाथाको नाट्य बालुन झैं कृष्ण चरित्रमा आधारित कृष्ण महिमाको नाट्य बालुन पनि हाम्रो लोक परम्परामा आधारित छ । कृष्णलीलाको सङ्कलन **गण्डकीका सुसेली** (२०३०) मा उल्लेख छ भने **लोक साहित्यको विवेचना** (२०४१) मा पनि सङ्कलित छ । कृष्णलीला बालुनको कथावस्तुलाई थापाले उल्लेख गरेअनुसार यहाँ प्रस्तुत गरिएको छ ।

कृष्णलीला बालुन पनि विधिवत रूपमा खेलिन्छ । हिमालय पर्वतमा सदा शिवपार्वती र गणेशको प्रार्दुभाव हुन्छ । शिवपार्वतीले देवकीको विहे वासुदेवसँग गरिदिने विचार गर्छन् । राजा उग्रसेनको दरवारमा नारद पुगेर विवाहको कुरा चलाउँछन् । वहिनीको विवाह गर्न दाजु कंश सहमत हुँदैन तापनि विवाहको तिथिमिति तोकिएर विवाह भइछाड्छ ।

विवाहको मण्डपवाट वहिनीलाई बाटोसम्म पुऱ्याउन जाँदा अकस्मात् आकाशवाणी हुन्छ । 'कंशको मरण देवकीको आठौं गर्भदेखि हुन्छ' । त्यसपछि रिसले बहिनीको हत्या गर्न तरवार उठाउँछ, राजा उग्रसेनले कंशलाई रोक्छन् । कंशले उग्रसेनदेखि राज्य लिई कडा पहराका साथ वासुदेवको झ्यालखानामा राख्छ । झ्यालखानाभित्र मोहरात्रीले प्रवेश गर्छ, कृष्ण पैदा हुन्छन् । वन्दी जीवनका नेल हत्कडी तोडिन थाल्छन् । पहरेदारहरू निदाएको वेलामा वासुदेवले कंशलाई गोकुल पुऱ्याउँछन् । त्यसपछि पालेहरू विउँझेर कंशलाई खवर पठाउँछन् । कंश आफैं झ्यालखानभित्र प्रवेश गरी वालकलाई ढुङ्गामा पर्छान खोज्दा हातवाट फुत्किएर आकाशवाणी गर्छिन् । पुनः चरित्रकथाको वर्णन खेलकै साथसाथै खेल्दै जान्छिन् र खैजडी, मुजुरा, वाँसुरी सुरतालको झम्कामा नृत्य गर्दै वालुनेहरू अगाडि बढ्छन् । अन्त्यमा कंशलाई कृष्ण वलरामले मारी कंशको मुकुट वाबु उग्रसेनलाई नै सुम्पेर मथुराको राज्यशासन पुनः उग्रसेनले चलाउँछन् । यसरी कथा वस्तु समाप्त हुन्छ । त्यस पछि कृष्णलीलाको भजन गाउन थाल्छन् । कृष्णलीला भजन एक अंश

जन्मे कृष्णबाला गोकुल नै उज्यालो

क्या लिला देखाए चौधदिनका बालाले[६४]

यसरी धर्मराज थापाले कृष्ण चरित्रमा आाधारित वालुन वा कृष्ण चरित्रको सङ्कलन प्रस्तुत गरी जनसमक्ष प्रस्तुत गरेका छन् । जसबाट नेपाली लोक साहित्यमा उनको योगदान उच्च रहेको प्रष्ट हुन्छ ।

**ग) घाटु**

**गण्डकीका सुसेली** (२०३०) मा गुरूङ जातिको घाटु शिर्षकमा गण्डकी, धवलागिरी र लुम्विनीका विभिन्न गुरूङथरका अभिनयका साथ गाइने घाटुको थापाले सङ्कलन गरेका छन् । घाटुका सम्वन्धमा थापाले उत्पत्ति भएको अवस्थालाई यसरी व्यक्त गरेको पाइन्छ । गुरुङका राजाहरु शिकार खेल्न शौकिन हुने, मृग खेद्न शिकारी कुकुरका घाँटीमा घाँणो झुन्डाउने र त्यो मृगलाई लखेट्ने, शिकारी कुकुरको लागि शिकारी देवताले नै राजाहरूलाई घाँडो दिएका भन्ने धार्मिक विस्वास भएको, त्यही घाँणो गुरुङ्गका गुरुवाउहरूले नाच्न थाले पछि उनीहरूको अंगमा देवता चढेको र आ-आफ्नो ठाउँको बोलिचाली अनुसार कुनैले घाँणो भन्ने, कुनैले घाटु भन्ने चलन चलाएको र त्यही रूप आजकल पनि प्रचलित रहेको छ । श्रीपञ्चमीको दिन घाटुलीको जन्म भएको विस्वास गुरुङ्गका गुरुवाउहरूको भएकोले आफ्नै घरका आँगनमा परम्परा अनुसार घाटुको स्थापना गर्दछन् र यसबेला आफ्ना इष्टदेवता, हिमचुली, देवचुली र वरचुलीको स्तुति गाइन्छ । त्यसपछि घाटुको मञ्च विधिवत रूपमा तयार भएपछि घाटुको सुरुवात हुन्छ र वैसाख पूर्णिमाका दिन समाप्त हुन्छ ।

धर्मराज थापाले घाटुको सङ्कलन गर्ने क्रममा जन्म डाँडी, विवाह डाँडी, कुसुण्डा डाँडी र शिकार डाँडी गरेर घाटु समाप्त हुने उल्लेख गरेका छन् । उनले केवल घाटु गुरुङ्ग जातिमा मात्र नभएर हाम्रो लोक संस्कृति परम्परामा चल्दै आएको हिमाली वीर पुरुषको ऐतिहासिक गाथा र जीवनको अर्न्तमर्मको विश्लेषण तथा प्राचीन काव्यात्मक गिति गाथा पनि हो भनेका छन् । **लोक संस्कृतिको घेरामा लमुजङ्ग** (२०४१), मा याङजाकोटमा श्रीपञ्चमी देखि जगाएको सतीघाटु बुद्धपूणिका दिन सेलाइन्छ, जसमा

[६४] धर्मराज थापा, **पूर्ववत्**, पृ ३८९ ।

लम्जुङ्का राजा कालु शाहको सुपुत्र प्रताप शाहको ऐतिहासिक राज्य विस्तारको वंश परम्पराको वर्णन उल्लेख गरिएको छ ।

धर्मराज थापाले नाटक पनि लेखेका थिए तर नाटक प्रकाशित भएनन् । उनले लेखेको नाटक 'भुलेको छैन'[६५] मञ्चनसमेत भएको थियो । थापाको प्रवास भ्रमण समयमा लेखिएको यो नाटक ६ र ७ जून १९५३ मा दार्जीलिङ 'गोरखा दुःख निवारकसम्मेलन'को रङ्गमञ्चमा मञ्चन गरिएको थियो ।

तिल्के र सुन्तलीको प्रेम बस्नु, सुन्तलीलाई लिएर तिल्के कामको खोजीमा सिलाङ-आसाम पुग्नु र त्यहाँ सुन्तलीलाई एउटा कोठीमा बेचिदिनु, पुनः पछि सुन्तलीसँग तिल्केको मिलन हुनु र सुन्तलीलाई आफैले बेचेर घात गरेको कुरामा पश्चाताप गर्दै तिल्केले देहत्याग गरेको दुःखान्त स्थितिमा टुङ्गिएको यो नाटकले थापाको नाट्यक्षमताको परिचय दिन्छ ।

थापाद्वारा लेखिएको यो नाटक 'गोरखा दुःख निवारणसम्मेलन' को रङ्गमञ्चमा मञ्चन हुँदा त्यसको सङगीत स्वयं थापाले नै दिएका थिए । यो नाटक हेर्न गोरखा दुःख निवारण हल खचाखच भएको थियो । दर्शकवृन्दले नाटक हेरिसकेपछि आँखामा आँसु लिएर बाहिर निस्केका थिए । यसबाट थापाको नाटककार व्यक्तित्व प्रकट हुन्छ । यस्तै उनकले २००९ साल असार २ गते मञ्चित 'कुञ्जिनी नाटकमा 'गोरे राउत' को अभिनय गरेका थिए ।[६६] यसरी थापाले लेखेका नाटक मञ्चनसमेत भएर दर्शकले मनपराएको तथा उनको नाटकमा अभिनयसमेत रहेको तथ्यबाट उनको नाटकार तथा अभिनेता व्यक्तित्वको परिचय पाइन्छ ।

धर्मराज थापाद्वारा लिखित गीतिनाटक 'भाग्यरेखा' राष्ट्रिय नाचघरमा मञ्चन हुँदै प्रर्दशन भएको थियो । यस नाटकमा पूर्वपश्चिम राजमार्गको उपयोगितालाई कलात्मक ढंगले प्रस्तुत गरिएको छ । यस गीतिनाटकमा मेची र

[६५] यो नाटकको चर्चा **डाँफेचरी** पत्रिका २०५३ साउनमा धर्मराज थापाको लेख 'नेपाली साहित्य जागरणका केही स्मरणहरू'का आधारमा चर्चा गरिएको छ ।

[६६] धर्मराज थापा, **सक्षिप्त परिचय** पृष्ठ ७ ।

महाकाली नदीलाई दुई दिदी बहिनीको उपमा दिएको छ । दोस्रो दृश्यमा पूर्व पश्चिमको बाटोलाई चिनाउने काम भएको छ । तेस्रो दृश्यमा पूर्वपश्चिम राजमार्गलाई जोड्न राजधानीका विभिन्न हैसियतका नागरिकहरूले गरेको आर्थिक सहयोगको दृश्य छ । चौथो दृश्यमा पूर्व र पश्चिमलाई राजमार्गको माध्यमबाट बाँध्ने काम भएको तथा उराठलाग्दो जीवन विताएका दुई दिदी बहिनीको मनोकांक्षा पुरा भएको र राजमार्गले मिलनको सुत्रमा बाँधेको उल्लेख छ ।[६७] धर्मराज थापाले यसरी विभिन्न ठाउँमा प्रचलित लोकनाटकहरूको सङकलन गरेर नेपाली लोक साहित्यको अन्वेषणमा महत्त्वपूर्ण योगदान दिएर आफ्नो नाट्य प्रतिभालाई प्रस्फूटित गराएका छन् ।

### ५.१.५ नेपाली उखान, टुक्का र गाउँखाने कथाको अन्वेषणमा धर्मराज थापा

उखान भनाइलाई रोचक र घतलाग्दो बनाई प्रमाणिक किसिमले पुष्ट्याई गर्ने आधारशिला हो । यसले वाक्यलाई ओजपूर्ण, गतिशील, मीठो र रमाइलो पार्दछ । उखानहरू मानवजीवनमा युगौयुगदेखि चल्दै आएकोले लोक अनुभवलाई आत्मसात गरेको हुन्छ ।

धर्मराज थापाले यिनै लोकजीवनमा चलिआएका उखानहरूको सङ्कलन **लोक साहित्यको विवेचना** (२०४१) मा गरेको पाइन्छ । थापाले सङ्कलन गरेका केही उपदेशात्मक उखानहरु:

कुलको छोरी र मूलको पानी हेर्नु ।

गिलो भात र भलो मानिसबाट विगार हुँदैन ।

घर छाउनु अर्काको, दूध दुहन सिक्नु आफ्नो ।[६८]

---

[६७] धर्मराज थापा - 'अभिनन्दन ग्रन्थ', जनकविकेशरी धर्मराज-सावित्री थापा गुठी स्यम्भू काठमाडौं २०६७ ।
[६८] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत्** पृ. ४५८ ।

थापाले परम्परागत लोकजीवनमा चलेका यस्ता उखानहरूको वर्गीकरणात्मक सङ्कलन गरेका छन् । उनले बाह्र महिना खाँदा गति परिने चिज, गोरु किन्दाको असल-खराब, भैंसी किन्दाको असल-खराब, संस्कृतका उखानहरू, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, व्यङग्यात्मक, जाति, स्थान सम्बन्धी तथा विविध, उखानहरू सङ्कलन गरेको पाइन्छ । थापाले लोक साहित्यको क्षेत्रमा लोकोक्तिले आफ्नो विशेष स्वभाव र प्रयोगद्वारा मौलिक रूपले अलग्गै प्रतिष्ठापन गरेको कुरा पनि उल्लेख गरेका छन् ।

टुक्का कुनै भाषा वा बोलीमा लाक्षणिक  तथा विशेष अर्थमा प्रयोग हुने वाक्यांश वा पदसमुह नै हो । टुक्काले लोकजीवनमा प्रत्यक्ष असर पारेको हुन्छ । लोकजीवनका यस्ता प्रचलित थापाले सङ्कलन गरेका केही टुक्काहरुः

आँखा गाड्नु - खुबै मनपराउनु

लामो हात गर्नु - चोर्नु,

हावा खानु - असफल हुनु,

आकाशको फल - दुर्लभ, पाइनसक्नु

मुटुको किलो -  दुःख दिइरहने आदि ।[६९]

धर्मराज थापाद्वारा सङ्कलित यस्ता टुक्काहरू लगभग २० वटा जति भएको कुरा **लोक साहित्यको विवेचनामा** उल्लेख भएको छ । थापाले अन्य लोक साहित्यकारबाट सङ्कलन गरिएका ५० वटा उखान टुक्का 'डाँफेचरी' पत्रिकामा सम्पादन गरेका छन् ।

गाउँखाने कथा कथा हाल्ने सुन्ने, परस्पर अड्को थाप्ने र फूकाउने तथा कुनै स्थान विशेषमा फूर्सदका समयमा भन्ने लोक साहित्यको एउटा विधा हो । अन्य विधाका अतिरिक्त यस विधामा पनि थापाले योगदान दिएको पाइन्छ । उनले प्रकाशन

[६९] **ऐजन**, पृ. ४१७ ।

गरेको 'डाँफेचरी' पत्रिकामा गाउँखाने कथा पृष्ठ ३२-३७ मा थापाले ६७ वटा गाउँखाने कथा सङ्कलन गरी प्रकाशमा ल्याएको देखिन्छ । यसैगरी **नेपाली लोक साहित्यको विवेचना**मा पनि थापाले गाउँखाने कथाहरूको सङ्कलन प्रस्तुत गरेका छन् । यसरी विभिन्न ठाउँमा विभिन्न भाकामा प्रस्तुत गरिएका हाम्रो लोकजीवनमा प्रचलित गाउँखाने कथाहरू असंख्य छन् । धर्मराज थापाले केही गाउँखाने कथाहरू शीर्षक दिई खेतीपाती र खाद्यान्न सँग सम्बन्धित २५ वटा, फलफूललाई लिई रचिएका १९ वटा, घरेलु वस्तुलाई लिई रचिएका ४४ वटा, प्राणी र प्रकृतिको संमिश्रणमा रचिएका २१ वटा, लोक जीवनको विविधतामा रचिएका ३९ वटा, अनेक वाक्य र वाक्यांश रूपका विविध गाउँखाने कथा ४२ वटाको सङ्कलन प्रस्तुत गरेका छन् । यस्ता केही गाउँखाने कथाहरू :

आमा भन्दा छोरी बोक्सी के हो ? - खुसार्नी

चाँदीको ठेकी सुनको विर्को के हो ? - ऐंसेलु

छोड छोड बुढा म अघि जान्छु के हो ? - लौरो

भाँडो फूट्यो दुइजात छुट्टियो के हो ? - फुल (अन्डा)

आकाशको आगो पतालको पानी

हातले समाती मुखले तानी के हो ? - तमाखु खाएको

कालो ओडारमा सेता जन्ती के हो ? - दाँत[७०]

धर्मराज थापाले लोक साहित्यको यस विधामा पनि उलेख्य योगदान दिई नेपाली लोक साहित्यको अन्वेषण तथा सङ्कलनमा उल्लेखनीय योगदान दिएका छन् । यसरी विभिन्न विधामा योगदान दिई नेपाली साहित्यलाई सर्म्वद्धन गर्ने थापाको व्यक्तित्व सदा चम्किरहनेछ ।

---

[७०] **ऐजन**, पृ. ४६२ ।

## ५.२ सम्पादनको क्षेत्रमा धर्मराज थापा

धर्मराज थापाको सम्पादक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । थापाले २०१० देखि यस क्षेत्रमा प्रवेश गरेको पाइन्छ । २००९ सालमा लोकगीत सङ्ग्रहालय स्थापना गरी २०१० सालमा प्रवासी नेपाली वस्तीको भ्रमण र लोकगीत, लोक संस्कृति र लोकजीवनको अध्ययन गरी काठमाडौं फर्केपछि धर्मराज थापाले 'डाँफेचरी' पत्रिकाको प्रकाशन गर्न थालेको देखिन्छ ।[७१] यो पत्रिका २०१५ सालमा निस्केको पाइन्छ । यस पत्रिकामा लोक साहित्य र लोक संस्कृतिका विभिन्न पाटाका लेख रचनाहरू प्रकाशित हुन्थे । यस पत्रिकाले नेपाली लोक साहित्यको खोज-अन्वेषण र सङ्कलनको क्षेत्रमा निकै योगदान गरेको पाइन्छ । यस पत्रिकाका सदस्यहरू काजिमान कन्दङवा, पासाङ गोपर्मा, सत्य मोहन जोशी, टेकबहादुर 'नविन', लक्ष्मण लोहनी थिए । २०१० देखि २०१५ सालसम्म प्रकाशित यस पत्रिकाको सम्पादन गरेर थापाले आफ्नो सम्पादन व्यक्तित्वको परिचय दिएको पाइन्छ । यो पत्रिका पुनः २०५३ साल साउनबाट प्रकाशित हुन थालेको  देखिन्छ । थापा हाल यस पत्रिकाको संरक्षक रहेका छन् । यस्तै थापाले प्रकाशित गरेका खोज-अन्वेषणसम्बन्धी पुस्तकले पनि थापामा सम्पादन क्षमता रहेको पुष्टि हुन्छ ।

थापाले 'लेखनाथ शतवार्षिकी स्मारिका' २०४०-४१ को पनि सम्पादन कार्य गरेका छन् । बीचबीचमा फोटो तथा समर्पणमा विरेन्द्र र ऐश्वर्यको फोटो भएको उक्त स्मारिकामा ३० वटा लेख रचना रहेका छन् । यसमा ४ वटा लेखनाथ आफैंले लेखेका लेखरचनाहरू छन् र अन्य भने विद्वानहरूले लेखनाथ प्रति राखेका श्रदाभाव झल्कने र उनका रचनामाथि गरेका समालोचकीय टिप्पणी रहेका छन् । १३३ पृष्ठमा समेटिएको स्मारिकामा यी बाहेक पत्र, पत्रांश, परिशिष्टाङ्क र कृतज्ञताको उद्‌गार आदि रहेका छन् । जसमा सम्पादक धर्मराज थापाको अर्चले देखि देवघाटसम्म भन्ने लेख पनि समावेश छ ।

धर्मराज थापाले २०१६ सालमा 'प्रगतिशील लेखक संघ' को सभापति भएर कार्य गरेको देखिन्छ भने २०१७ सालमा रेडियो नेपालमा लोकगीत प्रबन्धक भएर कार्य गरे । उनले लोकगीत प्रबन्धकको रूपमा त्यहाँ बसेर 'लोकलहरी', 'हिमाली सङगम',

---

[७१] सम्बन्धित पत्रिकाको अध्ययनबाट प्राप्त जानकारी ।

‘बाल कार्यक्रम’ र ‘साहित्यिक कार्यक्रम’को सञ्चालन गरेको पाइन्छ । थापाले २०२६ सालबाट ‘नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान’ को सह-सदस्य भएर ‘सारद्वी योजना’ र ‘सांस्कृतिक योजना’को कार्यक्रम सञ्चालन गरेको पाइन्छ । २०३१ सालमा प्रज्ञा-प्रतिष्ठानबाट बाहिरिएपछि पनि उनले सामाजिक सेवामा समय खर्चेको पाइन्छ । थापाले २०४९ सालमा पोखरामा ‘श्री शुक्ला साहित्य समिति’ भन्ने संस्था खोले, जसबाट ‘कालीको लहर’ भन्ने पत्रिका प्रकाशित भएको पाइन्छ । आफ्नो जीवन साहित्य र सामाजिक-सेवामा अर्पेका थापाले २०५२ सालमा ‘जनकवि केशरी सावित्री थापा गुठी’ भन्ने एउटा साहित्यिक संस्था खोलेर यसमा कार्य गरेको पाइन्छ । यस संस्थाबाट पुनः ‘डाँफेचरी’ पत्रिका प्रकाशन भएको पाइन्छ ।

यसरी धर्मराज थापाको सामाजिक - सांस्कृतिक व्यक्ति परस्पर सम्बद्ध रहेको पाइन्छ । थापाका यस्ता सामाजिक-सांस्कृतिक कार्यमा उनका परिवारबाट पूर्ण सहयोग भएको पाइन्छ । तापनि मूलतः उनकै लगन, दृढता, उत्साह र जाँगरणको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । यिनै विभिन्न कारणले गर्दा थापाको सामाजिक-सांस्कृतिक व्यक्तित्व पनि महत्त्वपूर्ण बन्न पुगेको छ ।

नेपाली साहित्यको फाँटमा धर्मराज थापालाई नेपाली लोकगीत संगीत, लोक संस्कृति खोज-अन्वेषक, व्यक्तिका रूपमा मात्र नभएर खण्डकाव्यकार, गायक, नाटकार, अभिनेता, सम्पादक तथा सामीजक सांस्कृतिक व्यक्तित्वका रूपमा पनि चिनिन्छ । उनले साहित्यका यस्ता विधामा समेत योगदान दिएर आफूलाई प्रतिभाशाली व्यक्तिका रूपमा उभ्याएका छन् ।

खण्डकाव्यका क्षेत्रमा धर्मराज थापाले पुस्तकाकार कृतिका रूपमा खण्डकाव्य समकक्षी कृति **रत्नजुनेली** (२००३) मा प्रकाशित गरेका छन् । आर्थिक र जातीय बार हुँदाहुँदै पनि प्रेम गर्ने दुई प्रेमीको दुःखपूर्ण विछोडको विषयवस्तु भएको यस काव्यले थापाको काव्यात्मक क्षमता झल्काएको देखिन्छ । स्वच्छन्दतावादबाट प्रभावित थापाले १९९८ साल तिरै लेखेको काव्य ‘वन-चरो’ कथावस्तुमा केही थप घटका साथ २००५-६ सालतिर प्रकाशित गर्दछन् । यस काव्यबाट पनि थापा भित्र रहेको काव्यकार व्यक्तित्वको परिचय पाउन सकिन्छ ।

धर्मराज थापाले **वत्तिमुनि अँधेरो** (२०१०) **निर्वाचन लहर** (२०१५) **श्री ५ पृथ्वीको अर्ति** (२०१७) **पञ्चायति प्रजातन्त्र** (२०१८) **कालीको लहर** (२००९) **रानी पोखरा** जस्ता खण्डकाव्य समकक्षी कृतिहरूको रचना गरेर प्रकाशित गरेका छन् । थापालाई खण्डकाव्यकारका रूपमा परिचित गराउने सबै भन्दा महत्त्वपूर्ण कृति **मंगली कुसुम** (२०२५) सालमा देखापर्छ । यस कृतिले २०२५ सालको पद्यतर्फको मदन पुरस्कार पनि प्राप्त गरेको छ । भालु सिंह र चामेजस्ताको विकृत मानसिकता भित्र जीवन वलिदान गर्न बाध्य नेपाली युवा-युवतीको दुःखद अवस्थाको चित्रण गर्ने यस काव्यले पाठकको मन छुन सफल रहेको छ । उनको लेखनको सबैभन्दा उच्च मूल्य भएको कृति पनि यही 'मंगली-कुसुम' हो भन्न सकिन्छ ।

यस्तै गरी थापाका **हिमालको आँशु** (२०२९), **दिव्य चौतारी** (२०३५), **मुक्तिनाथ दर्शन** (२०४७), **नल दमयन्ती** (२०४८), **निलकण्ठ दर्शन** (२०५६) **वासन्ती वसन्त** (२०५८) जस्ता कृतिहरू प्रकाशित छन् । यसरी नेपाली साहित्यमा सरल र सरस भाषामा जीवनका अनुभूतिहरूलाई तीब्र रूपमा मार्मिकताका साथ  प्रस्तुत गरेर थापाले योगदान दिएका छन् ।

### ५.३ निष्कर्ष

धर्मराज थापाले नेपाली लोक साहित्यका सम्पूर्ण विधामा योगदान दिएका छन् । लोकगीत गायन, सङ्कलन र लेखनका साथै लोक संस्कृतिको खोज अन्वेषण र सङ्कलनमा प्रखर थापाले लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउँ खाने कथा लगायतका लोक साहित्यका सम्पूर्ण विधामा कलम चलाएको देखिन्छ । एउटै व्यक्तिबाट यति धेरै योगदान हुनु सामान्य कुरा होइन, त्यो प्रतिभा थापामा रहेकोले उनी नेपाली लोक साहित्यका अथक योद्धा हुन् । लोक साहित्यको अध्ययन, अनुसन्धान, सङ्कलन तथा प्रचार-प्रसारलाई कार्यक्षेत्र बनाएका थापा नेपाली लोक साहित्य रहेसम्म अमर तथा कालजयी भएर रहिरहने छन् ।

## परिच्छेद – छ

# धर्मराज थापाको योगदान

### ६.१ खोज अन्वेषण तथा सङ्कलन र धर्मराज थापा

लोकगीत र लोक संस्कृतिका अन्वेषक तथा सङ्कलक व्यक्तिका रूपमा थापाको व्यक्तित्व उच्च रहेको छ । लोक संस्कृति एक ठाउँमा बसरेमात्र होइन नेपालका कुनाकुनामा र गाउँ गाउँमा घुमेर अन्वेषण तथा सङ्कलन गर्नु पर्दछ भन्ने थापाले नेपालका चौध अञ्चल पचहत्तरै जिल्ला घुमेर विभिन्न ठाउँको लोक संस्कृतिको अन्वेषणात्मक सङ्कलन प्रस्तुत गरेका छन् । थापाले लोकगीत सङ्ग्रहका क्षेत्रमा एक क्रान्ति नै ल्याइदिएका छन् ।[७२] उनका यस्ता कृतिको संख्या आधा दर्जनजति छ भने विभिन्न पत्र पत्रिकामा पनि थापाका खोज अन्वेषण सम्बन्धी लेखहरू प्रकाशित छन् । **मेरो नेपाल भ्रमण** (२०१६) **हाम्रो लोकगीत** (२०२०) **गण्डकीका सुसेली** (२०३०) **लोक संस्कृतिको घेरामा लमजुङ** (२०४१) **नेपाली लोक साहित्यको विवेचना** (सहलेखन) (२०४१), **सगरमाथाको सेरोफेरो** (२०४४) **चितवन दर्पण** (२०५०) जस्ता कृतिबाट थापाको अन्वेषक तथा सङ्कलक व्यक्तित्व उच्च रहेको छ ।

धर्मराज थापाको प्रथम प्रकाशित अन्वेषणात्मक सङ्कलन **मेरो नेपाल भ्रमण** (२०१६) विभिन्न ठाउँको भ्रमण गरेर लोकगीत र लोक संस्कृति सङ्कलन गरेको महत्त्वपूर्ण कृति हो । थापाले यस पुस्तकको माध्यमबाट भिन्दाभिन्दै जातिमा पाइने नेपाली र स्थानीय लोकगीत र लोक संस्कृतिको सङ्कलन तथा प्रकाशन गरेर नेपाली लोक साहित्यलाई ठूलो गुन लगाएका छन् ।

**हाम्रो लोकगीत** (२०२०) थापा रेडियो नेपालमा प्रबन्धक रहँदा नेपालका १४ अञ्चल घुमेर नेपालका मुख्य-मुख्य संस्कृति सङ्कलन गरिएको पुस्तक हो । नेपालका विभिन्न जाति-जनजातिमा छरिएर रहेका लोकगीतलाई एकत्रित गर्ने काममा यस कृतिको निकै महत्त्व छ । यस्तै थापाले गण्डकी भेगको भ्रमण गरेर त्यहाँका लोक

---

[७२] उत्तम कुवँर, **स्रष्टा र साहित्य** काठमाडौं : साझा प्रकाशन ते. सं. २०५० पृ. ४६ ।

साहित्यलाई बटुली प्रस्तुत गरेको पुस्तक **गण्डकीको सुसेली** (२०३०) गण्डकी, धवलागिरि र लुम्बिनी अञ्चलमा गाइने लोकगीत र लोक संस्कृतिको वृहत् ज्ञानराशिको रूपमा रहेको छ । **लोक साहित्यको घेरामा लमजुङ** (२०४१) ले लमजुङ्को लोक साहित्यलाई समेटेको पाइन्छ भने यात्रा साहित्यको शैलीमा लेखेको पुस्तक **सगरमाथाको सेरोफेरो** (२०४४) ले सगरमाथा अञ्चलको उत्तरी भेगका लोक संस्कृति र लोक साहित्यको परिचय गराएको छ । यस्तै थापाको सहलेखनमा लेखिएको पुस्तक **नेपाली लोक साहित्यको विवेचना**ले थापालाई अन्वेषणकर्ताको रुपमा स्थापित गरेको छ । यस्तै चितवनका थारु, दरै बोटे जातिका लोक संस्कृति लगायत चितवनको ऐतिहासिक भौगोलिक, सास्कृतिक, सामाजिक चिनारी प्रदान गरेको पुस्तक **चितवन दर्पण** (२०५०) बाट पनि थापामा लोक संस्कृतिको अन्वेषक र सङ्कलक व्यक्तित्व उच्च रहेको प्रतीत हुन्छ ।

थापाले नेपालका चौधै अञ्चल र पचहत्तरै जिल्ला घुमेर त्यहाँका लोक साहित्य र लोक संस्कृतिको अन्वेषणात्मक सङ्कलन प्रस्तुत गरेर नेपाली लोक जीवनलाई जुन ऋण लगाएका छन्, त्यो तिरिनसक्नु छ । यसरी नेपालका भिन्नाभिन्नै जातिमा पाइने नेपाली र स्थानीय लोक साहित्य र लोक संस्कृतिको खोज अन्वेषण सङ्कलन र प्रकाशन गरेर विदेशी चलचित्र र विदेशी संस्कृतिको नक्कलले गर्दा लोप हुन लागेका नेपाली संस्कृतिलाई जोगाउने काम गरेकोले थापाको लोक साहित्यको अन्वेषणमा महत्त्वपूर्ण योगदान रहेको छ ।

धर्मराज थापाका खोज-अन्वेषण र सङ्कलनसम्बन्धी आधादर्जनजति पुस्तकाकार कृति प्रकाशित छन् । उनका यस्ता खोज-अन्वोषणत्मक कृतिले वल्लो र पल्लो डाँडामा मात्र सीमित रहेका नेपाली लोक साहित्य र संस्कृतिलाई सबैका सामु परिचित गराएका छन् । उनका यस्ता कृतिका माध्यमबाट विदेशी साहित्य, विदेशी चलचित्र र विदेशी संस्कृतिको प्रभावमा लोप हुन लागेका नेपाली लोक साहित्य र संस्कृतिले एकपटक फेरि सबैका सामु परिचित हुँदै टाउको उठाउने मौका पाएका छन् । उनका यस्ता कृतिहरू नेपाली लोक साहित्य र संस्कृतिको क्षेत्रमा महत्त्वपूर्ण निधिका रूपमा रहेका

छन् । यसकै क्रममा उनका खोज-अन्वेषण र सङ्कलनसम्बन्धी पुस्तकाकार कृतिको सामान्य सर्वेक्षण यहाँ प्रस्तुत गरिएको छ ।

### ६.१.१ मेरो नेपाल भ्रमण (२०१६)

**क) परिचय**

**मेरो नेपाल भ्रमण** धर्मराज थापाको लोक संस्कृति र लोकगीतहरू सङ्कलन गरिएको पुस्तक हो । यो पुस्तक ४३९ पृष्ठमा साझा प्रकाशनबाट ११०० प्रति छापिएको थियो । मूल्य रु. २४/९५ रहेको पुस्तकमा भूमिका ताना शर्माले लेखेका छन् ।

**ख) अन्वेषण**

धर्मराज थापाले **मेरो नेपाल भ्रमण** पुस्तकमा नेपालका अति महत्त्वपूर्ण तर लोप हुन लागेका लोकगीत र लोक संस्कृतिको अन्वेषण प्रस्तुत गरेका छन् । उनले मेरो नेपाल भ्रमणमा लोकगीत, लोक संस्कृति तथा अन्य कुनै विधा नछुट्याई समग्र जाति विशेषको, ठाउँ विशेषको लोकगीत तथा लोक संस्कृतिलाई प्रस्तुत गरेका छन् । धर्मराज थापाले किराँतको संस्कृति र लोकगीत शीर्षक अर्न्तगत पूर्व ३ नं. ओखलढुङ्गादेखि धनकुटासम्मको इलाकालाई विशाल किराँत प्रदेश मानी मोटामोटी राई वा खम्बू र लिम्बू २ भागमा विभाजन गरेको पाइन्छ । राई वा खम्बूहरू अनेकौं थरमा बाँडिएको  तर लिम्बूमा कुनै भेदभाव नभएको उल्लेख गरेका छन् ।

प्राचीनकालमा 'च्याप्रुङ्ग' नाचको उत्पत्ति, जुठो, (आसौंच) चाडपर्व, खानपान, न्वागी  आदिलाई लिम्बू संस्कृतिमा र राई संस्कृतिमा हेरिएको भाव व्यक्त गरेका छन् । तरुनी तन्देरीहरूको माझमा हुने धाननाच, चुड्के आदि गीतको पनि थापाले उल्लेख गरेका छन् ।  चुड्के गीत :

धनकुटे हिले दिल चित्तै मिले
खेलेर जाऊँ है हाँसेर जाऊँ है[७३]

---

[७३] धर्मराज थापा, **मेरो नेपाल भ्रमण** काठमाडौं : रत्न पुस्तक भण्डार २०१६, पृ. ४ ।

थापाले लम्बरी भाखा, चुड्के भाखा आदि किँराती संस्कृति र लोकगीतमा भएको तथा आफ्नै भाषामा पनि गीतहरू भएको उल्लेख गर्दै लोक संस्कृतिको खोज-अन्वेषण गरेका छन् ।

त्यसैगरी सेर्पाका स्रेपु सेसेलीमाया र टुङ्नाहरू, तामाङसेलो, काँठका घाँसे लोकगीतहरू, मोरङ्का झांगड जातिको संस्कृति, मिथिला संस्कृति, महोत्तरीको झिझिया, अहिरको नाच, कहारको लोकगीत, भोजपुरी आदि गीतहरूको पनि सङ्कलन थापाले गरेका छन् । नेवार जातिको लोक संस्कृति र ज्यापूहरू, गाइनेको लोकगीत सैनिक लोकगीत, स्वास्नीमान्छेको तीजगीत, दाइँको लोकगीत सुदूर पश्चिमाञ्चलको लोक संस्कृति समेत थापाले यस पुस्तकमा अटाएका छन् । यस पुस्तकमा पूर्व देखि पश्चिमसम्म र उत्तरदेखि दक्षिणसम्मका मुख्य-मुख्य लोकगीत र लोक संस्कृति सङ्कलित छन् । उत्तरका शेर्पा जातिका लोकगीत संस्कृति, पश्चिमका डोट्याली वैतडेली बीच भागका तामाङजातिका तामाङ्सेलाहरू र पूर्वका भिन्नभिन्न जाति विशेषका लोकगीतमात्र होइन अन्य तराई क्षेत्रमा छरिएर रहेका विभिन्न लोक संस्कृति भएका जातिहरूको पनि लोकगीत र लोक संस्कृतिको सङ्कलन गरेका छन् । यस सङ्ग्रहमा मैथिली, भोजपुरी, थरुवानी, झिझिया, कहार, झाँगडा जस्ता अमूल्य तराइली लाकेगीत[७४] का साथै नेपालीहरू हिस्तुस्तान पसेर अड्डा जमाएका नौतुने सैनिकका लोकगीत, स्वास्नीमान्छेका तीजगीत लगायत गाइनेहरूका लोकगीतहरूको पनि यस पुस्तकमा परिचय तथा सङ्कलन प्रस्तुत गरिएको छ । यसमा उनले कतै-कतै बुझ्न कठिन जाति विशेषका भाषामा पनि शब्दहरू राखेको पाइन्छ । उनले गीतहरूको सङ्कलन तथा खोजी कार्यमा नेपालका विभिन्न क्षेत्रको भ्रमण गरी प्रकाशित गरेको उक्त कृतिले थापामा भएको वौद्धिकताको उजागर गरेको पाइन्छ ।

**ग) निष्कर्ष**

धर्मराज थापाले **मेरो नेपाल भ्रमण** पुस्तकमा भिन्ना भिन्नै क्षेत्रमा भिन्दाभिन्दै जातिमा पाइने नेपाली र स्थानीय लोकगीत र लोक संस्कृतिको सङ्कलन गरेर तथा प्रकाशन गरेर विदेशी चलचित्र र गीतहरूको नक्कलले गर्दा लोप हुन लागेका नेपालका लोकगीत तथा संस्कृतिलाई मलजल गर्ने काम गरेका छन् । यो पुस्तक नेपाली लोक

---

[७४] **ऐजन**, भूमिका ।

साहित्यमा लोकगीत र लोक संस्कृतिको सङ्कलनका क्षेत्रमा अमूल्य निधिको रूपमा रहेको छ ।

### ६.१.२ हाम्रो लोकगीत (२०२०)

**क) परिचय**

**हाम्रो लोकगीत** धर्मराज थापा रेडियो नेपालमा लोकगीत प्रबन्धक पदमा रहँदा उनैद्वारा सङ्कलन र सम्पादन गरी प्रकाशित गरिएको पुस्तक हो । यसको प्रकाशन श्री ५ को सरकार पञ्चायत मन्त्रालय, रेडियो नेपालबाट भएको हो । पुस्तक विषयसूचीमा १५ वटा शीर्षक तथा ४३२ पृष्ठमा पूर्ण भएको छ । यस पुस्तकमा थापाले नेपालका चौधै अञ्चलमा गाइने लोकगीतहरूको सङ्कलन प्रस्तुत गरेका छन् । सामाजिक, भौगोलिक र सांस्कृतिक दृष्टिकोणलाई सामुन्ने राखेर बडो परिश्रमका साथ सङ्कलन गरिएको यस पुस्तकमा लोकगीतहरूको मात्र खोज-अन्वेषण तथा सङ्कलन गरिएको छ ।

**ख) अन्वेषण**

थापाले प्रथम शीर्षकमा लोकगीतको छहरा नाम दिएर लोकगीतको बारेमा सामान्य परिचय प्रस्तुत गरिएको छ । जसबाट लोकगीत समाजको ऐना हो । जुनसुकै जातिको साहित्यमा पनि त्यस जातिको छाया उत्रेको हुन्छ । त्यसैले हाम्रो भाषाको मुल भण्डार  नै लोकगीत हो भनेर थाहा पाउन सकिन्छ ।

मेची अञ्चलका लोकगीत शीर्षक दिएर थापाले ओलाङचुङ्गोलादेखि लिएर इलाम, ताप्लेजुङ्ग, झापासम्मका मुख्य बासिन्दा क्षेत्री, बाहुन, लिम्बू, तामाङ, गुरुङ्ग, खम्बा, भोटे, राजवंशी, धिमाल आदि भएको र ती समाजमा व्यापक रूपमा चलेका लोकगीतहरूको सङ्कलन गरेका छन् । यस क्षेत्रमा चलेका संगीनी, लल्लरी विल्लरी, किसानहरूले चर्को घाममा खेतबारीको कामगरी आफ्नो थकाइ मेट्न गाउने गीतहरू, जुहारी, धाननाच, ठाउँअनुसार र जातिविशेष फरक-फरक भाषाका गीतहरू आदि भएको उल्लेख गरेका छन् । चैनपुर, धनकुटा, आठराई, धरान, विराटनगर, कोशीअञ्चलभित्र पर्ने ठाउँहरूका बासिन्दाहरूको गाउने गीतहरूको पनि थापाले सङ्कलन गरेका छन् । विभिन्न चाडपर्व, उत्सव, मेला आदिमा गाइने जुहारी, चाँचर आदि गीतहरूको पनि थापाले चर्चा गरेका छन् । सगरमाथा अञ्चलका उत्तरी भेगका

सेर्पाहरू र त्यहाँ गाइने लोकगीतहरूदेखि लिएर दक्षिणी क्षेत्रतिर बस्ने राई, थारु, तथा अन्य जातिमा प्रचलित विभिन्न संस्कृति तथा तिनीहरूसँग सम्बन्धित गीतहरूको सङ्कलन पनि उक्त कृतिमा गरिएको छ । जनकपुर अञ्चलभित्र दुसाध, ग्वार, मुसहर, थारु, दनुवार, ब्राम्हण आदिका सांस्कृतिक गीतहरू पनि जनकपुर अञ्चलका लोकगीतभित्र थापाले सङ्कलित गरेका छन् ।

धर्मराज थापाले बाग्मती अञ्चलका लोकगीतभित्र बाग्मती अञ्चलमा बस्ने जातिहरू गुरुङ, मगर, लाप्चे, नेवारहरू भएको र विशेषगरी नेवारी चाडपर्व तथा संस्कृतिसँग सम्बन्धित नेवारी भाषाका गीतहरू तथा अन्य काँठे भाकाका गीतहरू पनि सङ्कलन गरेको पाइन्छ । यसैगरी नारायणी, गण्डकी, धवलागिरि, लुम्बिनी, राप्ती, भेरी, कर्णाली, सेती, महाकाली अञ्चलका लोकगीत शीर्षक भित्र थापाले ती ठाउँहरूमा बसोबास गर्ने विभिन्न जातिहरूका मेलापात, चाडपर्व, रितिरिवाज आदिमा गाइने विभिन्न भाकाहरूका गीतहरूको सङ्कलन गरेका छन् । पूर्व मेचीदेखि महाकालीसम्मका विभिन्न क्षेत्रका गीतहरूलाई यस कृतिमा सङ्कलन गरिएको छ ।

यस कृतिभित्र सङ्कलित एउटा भाकाको गीतको अंश हाक्पाराको नमुना :

सुरिलो रुखको खिरिलो हाँगो चरीले टेकेको
आमैले हैन, बाबूले हैन भावीले लेखेको ।
मदेशै ज्यानको लहरेवर मैनैले खोपेको
यो गीत मैले गाएको हैन विरह पोखेको ।[७५]

**ग) निष्कर्ष**

लोकगीत सङ्कलन गर्ने क्रममा लोकगीतको सङ्कलन मात्र नदिएर ती गीतको भावार्थ र कस्ता पर्वमा कस्ता लोकगीत गाइन्छन् भन्ने कुराको समेत उक्त कृतिमा उल्लेख गरिएको छ । यसरी पूर्व मेचीमा गाइने संगीनी, जुहारी, तथा खेती लगाउँदा र थन्क्याउँदा गाउने लोकगीत लगायत नुनको भारी बोक्दा गाइने गीतदेखि लिएर महाकाली अञ्चलसम्मका सावनी, गौरादेवी गीत लगायत चौधै अञ्चलका लोकगीतको सङ्कलनका रूपमा प्रस्तुत पुस्तक रहेको छ । नेपालभरका बच्चादेखि लिएर बुढाबुढीले

[७५] धर्मराज थापा, **हाम्रो लोक गीत** काठमाडौं : श्री ५ को सरकार पञ्चायत मन्त्रालय, रेडियो नेपाल २०२० पृ. ३९ ।

गाउने बेदनादेखि लिएर हर्ष मनाउँदासम्म गाइने गीतहरूको सङ्कलन गरिएको यो पुस्तक विभिन्न जातजातिका लोकगीतको वृहत ज्ञानराशिका रूपमा रहेको छ ।

### ६.१.३ गण्डकीका सुसेली (२०३०)

**क) परिचय**

**गण्डकीका सुसेली** धर्मराज थापाको लोक संस्कृति सम्बन्धी अनुसन्धात्मक कृति हो । यसको प्रकाशन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट भएको हो । 'गण्डकीका सुसेली' ३५० पृष्ठमा पूर्ण भएको छ । जसमा चारभाग र परिशिष्ट समेत छ । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका कुलपति केदारमान व्यथितको छोटो मन्तव्य, लैनसिंह बाङ्देलको वक्तव्य र धर्मराज थापाको प्रस्तावना रहेको छ । उनले प्रस्तावनामा नै भनेका छन् राष्ट्र निर्माणको विगुल र विकासको प्रवाह चलेको युगमा हरेक संस्कृति र परम्परालाई समान रूपले हेर्दै केलाउनु जरुरी छ । यस कृतिमा पृष्ठ १ देखि २७४सम्म गण्डकी, धवलागिरि र लुम्बिनीका विभिन्न पर्वमा गाइने गीतको परिचय र ती गीतहरूको सङ्कलन प्रस्तुत गरिएको छ । पृष्ठ २७५ देखि ३५०सम्म ती गीतहरूलाई अन्तराष्ट्रिय स्वरलिपिमा आवद्ध गरेर देखाइएको छ । चित्रावली सहितका ४ खण्डमा विभाजित यस पुस्तकमा थापाले लोकगीतको वास्तविक रूपलाई उतार्न खोजेका छन् ।

**ख) अन्वेषण**

यस कृतिको प्रथम भागमा गण्डकी अञ्चल-हंसपुर तथा सिकलेकमा गाइने लोकगीत, गुरुङ्ग जातिको घाटु तथा डांडी लोकगीतको परिचय, दुरा लोकगीत, धार्मी परिचय, वालुन, लहरी, माङ्गल, पुरौनचौर परिचय, लोकबाजा सारंङ्गी, हेम्जावेँसीका लोकगीत-सल्यानी बागलुङ्बजार, ल्वाङ्को फूल माया नभूल, नुवाली भाका, गोपीवाँस र भकेमलो, भो म त आउन पाइँन, तानसेन खस्यौलीको निरमाया भाका, फूलको रानु माया विरानु, हेम्जाको रोइला, घर त खैरेनी, दरौखोली गयो माया नवोली, अर्घौंपौवाका लोकगीत-सल्लै हो जोवन कल्लाई हो, ए ठूली! भ्याउरे भाका, मायालु छैन र शुन्य गाउँपनि, डाँफे र मुरली, अर्मौलाकोट र गुरुङ्गे लोकगीत जस्ता गीतहरू समावेश गरिएको लोकगीतको सङ्कलन प्रस्तुत गरिएको छ ।

यस पुस्तकको दोस्रो खण्डमा गण्डकी अञ्चल अन्तर्गत सतौंको लोकगीत-असारे, भदौरे, सुनको औंठी हिराको पत्थर, नैनरेशम भाका, साहिलोदाई भाका, सरर

रेलैमा, आँधीखोलाको रोइलागीत-झिरमासे टुक्का, बारुले, आँधीखोले झुल्काहरू, छ फूल छैन कोपीला र ऱ्याले गाउँका लोकगीत-प्याखुली, तेर्सोभाका, लोकगीतहरूको अन्वेषणात्मक सङ्कलन प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा लुम्बिनी अञ्चल अन्तर्गतका खानीछाप गाउँका लोकगीत-सालैज्यो-ठाडो भाका, स्यामुना, झ्याउरे चुड्केभाका, मलेङ्गाउँका लोकगीत - आरती भजन, लंवरी भजन, असारे भाका, सीता-लक्ष्मण संवाद, तीजका गीत, लाएको मायालाई (वनगीत), बरु ज्यानजाला माया छोडिन (जुहारी), है माया, महालगीत जस्ता विभिन्न भाकाका लोकगीतहरूको सङ्कलन प्रस्तुत गरिएको छ ।

पुस्तकको चतुर्थ खण्डमा धवलागिरि अञ्चल अर्न्तगतका लेखानी गाउँका लोकगीत-सोरठी, साउने सालैजो, ठाडो सालैजो, साउने, झ्याउरे चुड्का, यानुमाया, सुनिमाया, यानुमा, लौरी लरर, मनै धरर, वरै भाका, झ्याउरे, मायालु भाका, शुन्य मधुवन, नानी र लै तथा राङ्खानीका लोकगीत-नचरी, भदौरे पियारी, ठाडोभाका, लसके, शिरै लरर, मायालु भाका, सुनको गजुर जस्ता विभिन्न भाकाका लोकगीतहरूको सङ्कलन प्रस्तुत गरिएको छ । धर्मराज थापाले परिशिष्ट भागमा ६२ वटा गीतको अन्तराष्ट्रिय स्वरलिपी पनि दिएका छन् ।

यहाँ खासगरी गण्डकी, धवलागिरि र लुम्बिनी अञ्चललाई अंगालेको र यिनै तीन अञ्चलमा सुसाएकी शुक्लागण्डकी र कालीगण्डकीका आसपासका लेक वेंसी र खोला खोलीका सुसेलीहरू यहाँ मुखरित भएको र यिनै सुसेलीहरूले कतै स्पष्ट रूपमा आफ्नो अभिव्यक्तिलाई प्रस्तुत गरेका छन् र त कतै भुवंरी पर्दै आफ्नो आकारलाई त्यही गहिराइमा लुकाएका छन्, अतः पाठकहरूले गंभीर बनी डुबुल्की मार्दै अर्न्तमर्मलाई ग्रहण गर्नुहुनेछ[७६] भन्ने कुरा थापाले प्रस्तावनामा उल्लेख गरेका छन् ।

**ग) निष्कर्ष**

गण्डकी, धौलागिरि र लुम्बिनीका लोक साहित्यका प्रमुख अङ्गको रूपमा रहेको लोकगीत र तिनै लोकगीत गुञ्जायमान रहेका गण्डकी भेकका लोकगीतका नमुनाहरू साथै लोकगीतका सन्दर्भहरू (गाउने समय, अवस्था आदि) को परिचय तथा सांस्कृतिक महत्त्व आदिमा प्रकाशित गरिएको प्रस्तुत कृति नेपाली लोकगीतको अध्ययन

[७६] धर्मराज थापा, 'प्रस्तावना' **गण्डकीका सुसेली** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३०, पृ. च ।

अन्वेषणका क्षेत्रमा एउटा महत्त्वपूर्ण कृतिका रूपमा देखा पर्दछ । यस्ता लोकगीतहरूको राम्रो परिचय दिने पुस्तक लेखेर थापाले आफ्नो प्रतिभाको परिचय दिएका छन् । प्रस्तुत कृति लोक साहित्यका अध्येताका साथै अन्वेषणकर्ताको लागि र लोक साहित्यप्रति रुचि राख्ने सबैका लागि उपयोगी देखिन्छ ।

**६.१.४ लामिछाने थापाको वंशावली (२०३९)**

**क) परिचय**

**लामिछाने थापाको वंशावली** धर्मराज थापाद्वारा सङ्कलित तथा सम्पादित वंशावलीको गवेशणापूर्ण ऐतिहासिक कृति हो । १०४ पृष्ठमा पूर्ण भएको यस पुस्तकको प्रकाशन मदनराज थापा र कुञ्जराज थापा पोखराबाट भएको हो । सर्वाधिकार सङ्कलन तथा सम्पादनमा सुरक्षित रहेको उक्त पुस्तक पहिलोपटक ११०० प्रति छापिएको छ र मूल्य सहयोग रु. २० उल्लेख गरिएको छ । जसको मन्तव्य योगी नरहरिनाथले दिएका छन् भने दुई शब्द सागरमणि आचार्य दीक्षितको रहेको छ । यसै गरी मेरो भन्नु, जनकविकेशरी धर्मराज थापा, प्रकाशकीय, गर्ग ऋषिको मूल थलो : ( पूजा विधि) विषय प्रवेशभन्दा अगाडि रहेको उक्त पुस्तक विषय प्रवेशबाट शुरु भई उपसंहार, थापा वंशावली-प्रधानमन्त्री भिमसेन थापा, परिशिष्टमा पुगेर अन्त्य भएको छ ।

**ख) अन्वेषण**

धर्मराज थापाले छरिएर रहेका सबै थापा बन्धुहरूलाई जोड्ने काम यस वंशावलीबाट गरेका छन् । लामिछाने थापा कहाँ र कसरी शिर्षकमा थापाले सर्वप्रथम प्रवेश कर्णाली प्रदेश जुम्लामा भएको, त्यसपछि बसाईक्रमको आधारमा २ थरी थापा भएको र पछाडि लामिछानेहरू नेपालको विभिन्न भागमा फैलिएको उल्लेख गरेका छन् । यसबाहेक थापाहरू दुल्लु, दैलेख, जाजरकोट, प्यूठान, सल्यान, ताकुमकोट, धारापानी हुँदै हुम्ला, डोटी, वैतडी, अछाम जिल्लाका गाउँ-गाउँमा छरिएर रहेका र त्यहाँ उनीहरूका मष्टा नामका धामीहरू भएको उल्लेख गरेका छन् । लामिछाने थापाहरूमा धार्मिक विश्वास भएको, कुलदेवता लगायत जगनाथ, भैरव, भयङ्कर, काली, महाकाली आदि स्थानीय देवताहरू मान्ने गरेको, आफ्नो धर्म र संस्कृति, सभ्यता र साहित्य पनि जुम्लाबाटै लिई आएको कुरा उल्लेख गरेका छन् । यसैगरी

उनले ऐतिहासिक परिप्रेक्ष्यमा कास्कीकोट, शाहवंशको प्रवेश कास्कीकोटका राजा बाटुलेचौर, बडाकोटको मौलो आदि कुराहरू उल्लेख गरेका छन् । लामीछाने थापा कणाली अञ्चल जुम्लादेखि सराङकोटसम्म शीर्षकमा थापाहरूको सराङ्कोट प्रवेश, धनकुटा प्रवेश आदि उल्लेख गरी थापाको वंशावली क्रम दिएका छन् ।

धर्मराज थापाले लामिछाने थापाहरूको मात्र नभएर अर्मलाका वस्नेतहरू, धन कुटा भीरगाउँका वस्नेतहरू, धनकुटा सल्ले फँलाटेका लामाकार्की, फल्याङ्कोटका गोदार थापा, सुवेदी खत्री क्षेत्रीको वंशावली, अधिकारीको वंशावली, बाटुलेचौरका खवास, रेग्मी, बाटुलेचौर बडहरबोटका तिंसिना, लामाचौरका पौड्याल खत्री, जिमिरेका खत्री, भण्डारी आदिजातिहरूको बारेमा पनि खोज अन्वेषण गरेको पाइन्छ । कुल भन्नु जन्मस्थल हो । यही जन्मस्थललाई स्वर्गीय आलोक दिएर भूक्ति मुक्तिलाई उन्मूख गराउनु हर एक कुलदीप सन्ततिको कर्तव्य हुन्छ ।[७७] भन्ने कुरा पनि थापाले आफ्नो खोज अन्वेषणात्मक यस कृर्तिमा उल्लेख गरेका छन् ।

सङ्कलन तथा सम्पादकको सङ्क्षिप्त परिचयमा उनले क्रान्तिकारी गीत प्रति दिन जनचेतना जगाउने जनगीत सडकमा गाइएको, जनकविता सम्मेलन र संयोजन गरी जनजागृत गरेको, लोक साहित्य प्रेमी विद्वानहरूको भेला गरी लोकगीत सङ्ग्रहालय स्थापना गरेको, विश्रृङ्खलित नेपाली गीत र साहित्यको गायन तथा सङ्कलन गर्ने क्रममा नेपालीहरूको वस्ती भएको भारतको विभिन्न ठाउँमा पुगेको र गीतहरू गाएको कुरा उल्लेख गरेबाट पनि लोक संस्कृतिको अन्वेषणमा थापाको उल्लेख्य भूमिका भएको थाहा पाउन सकिन्छ ।

**ग) निष्कर्ष**

लामिछाने थापाको पहिलो प्रवेश कर्णाली प्रदेशमा भएको र पछि अन्यत्र फैलिँदै गएको कुरा यस कृतिबाट थाहा हुन्छ । यिनै थापाछेत्रीहरूको वंशावली प्रस्तुत गर्नु यस कृतिको मुख्य उद्देश्य रहेको बुझिन्छ । थापाहरूको वंशावली दिने क्रममा विभिन्न ठाउँको ऐतिहासिक, भौगोलिक र सांस्कृतिक परिचय दिएको यो पुस्तक सबै पक्षका लागि अध्यनयोग्य देखिन्छ भने थापा वंशावलीबारे जान्न चाहनेहरूका लागि विशेष उपयोगी छ ।

[७७] धर्मराज थापा, 'उपसंहार' **लामिछाने थापाको वंशावली** मदनराज र कुन्जराज थापा पोखरा, २०३९ पृ. ८३ ।

### ६.१.५ लोक संस्कृतिको घेरामा लमजुङ्ग (२०४१)

**क) परिचय**

**लोक संस्कृतिको घेरामा लमजुङ्ग** धर्मराज थापाको सांस्कृतिक निधि र लोकजीवनको वास्तविकतालाई व्यक्त गर्ने यात्रा साहित्यको शैलीमा लेखिएको गवेषणापूर्ण ग्रन्थ हो । यसको प्रकाशन साझा प्रकाशनबाट भएको हो । लमजुङ्गको नक्सा, प्रकाशकीय, प्राक्कथन, विषयसूची भन्दा अगाडि राखिएको यस पुस्तकको ५८ वटा शीर्षकहरू र ४२६ पृष्ठहरू रहेका छन् । यी शीर्षकहरू विभिन्न विषयवस्तुसँग सम्बन्धित छन् ।

**ख) अन्वेषण**

**लोक साहित्यको घेरामा लमजुङ्ग** लोक साहित्यको भ्रमण साहित्य अर्न्तगत पर्दछ । लमजुङ्ग प्रवेश शिर्षकमा लमजुङ्ग जिल्लामा बसोबास गर्ने अनेकौं जाति र उपजातिहरूको विकास र फैलावट कहाँ, कसरी भयो भन्ने कुरा प्रस्तुत गरिएको छ । त्यसपछि लमजुङ्गभित्र प्रचलित विभिन्न जात जातिमा आधारित लोकगीतहरूको तथा लोक संस्कृतिको सङ्कलन तथा अन्वेषण गरेका छन् । चिशंङखु, भोर्लेटार, कुन्छा, ताकुँ, काभ्रेपानी, गौंडाकोट, बस्नेतगाउँ, टक्सार, घनपोखरा, भुजुङ, दुराडाँडा, घलेगाउँ लगायत अन्य विभिन्न गाउँहरूको तथा भन्ज्याङहरूको शीर्षक दिएर धार्मिक देवता, धार्मिक तथा सांस्कृतिक पर्व र त्यस पर्वमा गाइने गीतहरू, विभिन्न ठाउँको परिचय र त्यस ठाउँमा गाइने गीतहरू समेत थापाले सङ्कलन गरेका छन् ।

अर्कोतर्फ यस ग्रन्थले विभिन्न राजाहरूको वंशावली तथा राज्यहरूको परिचय दिएर भौगोलिक चिनारी समेत प्रस्तुत गरेको छ । यसैगरी त्यहाँका मानिसहरूको आर्थिक अवस्थाको परिचय, बसोबास, खानपान लगायतको परिचय दिएर सामाजिक पक्षमाथि प्रकाश पारिएको छ । यस पुस्तकमा विभिन्न कवि तथा गीतकारले रचेका गीत कविताहरू दिएर साहित्यकारहरू समेतलाई परिचय गराइएको छ । प्रस्तुत ग्रन्थले व्यापक परिधि अंगाले पनि लोक नै यसमा अझबढी मुखरित छ, यसैसित सम्बन्धित रहेर त्यहाँको जनजीवन र सांस्कृतिक सम्पदाबाट परिचित हुन्छौं भन्ने कुरा प्रकाशकीयमा उल्लेख छ । लम्जुङका दुगर्म भीरपाखा पखेरा र अनकन्टार गाउँ, घरहरूमा चहारी जीवनलाई टन्टलापुर घाम र मुसलधारे वर्षा, जुका स्याउँ-स्याउँमा

समर्पित गरी तयार गरिएको मूर्त रूप हो । यहाँ विविध पक्ष र लमजुङ्ग धरतीको लोक जीवनको समग्रता उभ्याउने कोसिस गरिएको छ[७८] भनेर थापाले प्राक्कथनमा उल्लेख गरेबाट पनि लोक जीवनको परिपूर्णता उक्त ग्रन्थमा पाइन्छ ।

**ग) निष्कर्ष**

लोक संस्कृतिको घेरामा लम्जुङ्गले लम्जुङ्गकै समग्रतालाई उभ्याइदिएको छ । यसरी व्यापक रूपमा भन्दा प्रस्तुत ग्रन्थले लमजुङ्गको ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, सामाजिक, आर्थिक आदि तथा पक्षलाई समेटेर व्यापक जानकारी उपलब्ध गराएको छ ।[७९] लमजुङ्गको विभिन्न पक्षको वृहत चित्रण भएको प्रस्तुत कृति लमजुङको बारेमा जानकारी राख्ने सबैका लागि उपयोगी देखिन्छ ।

### ६.१.६ नेपाली लोक साहित्यको विवेचना (२०४१)

**क) परिचय**

**नेपाली लोक साहित्यको विवेचना** धर्मराज थापा र हंसपुरे सुवेदीको सहलेखनको पुस्तक हो । ४७८ पृष्ठमा पूर्ण भएको यस पुस्तकको प्रकाशन २०४१ सालमा पाठ्यक्रमविकास केन्द्र, त्रिभुवन विश्वविद्यालयबाट भएको हो । यो पुस्तक स्नातकोत्तर तह नेपाली मूल विषयका विद्यार्थीका लागि विशेष ध्यानमा राखेर तयार पारेको बुझिन्छ ।

**ख) अन्वेषण**

प्रस्तुत पुस्तकमा ५ खण्ड, उपसंहार र विविध खण्ड एक गरी जम्मा ६ खण्ड रहेका छन् । यसको खण्ड एकमा लोक साहित्यको स्वरूप, विशेषता र महत्त्व, अध्ययन-परम्परा तथा विधागत वर्गीकरण आदि प्रस्तुत गरिएको छ । खण्ड दुईमा लोकगीतको परिचय, विशेषता र वर्गीकरण दिइएको छ । यस्तै खण्ड तीनमा लोकगाथा खण्ड चारमा लोककथा र खण्ड पाँचमा लोकनाटकहरूको परिचय, विशेषता र वर्गीकरण आदि प्रस्तुत गरिएको छ । धर्मराज थापा र हंसपुरे सुवेदीको सह-लेखनमा

---

[७८] धर्मराज थापा, 'प्राक्कथन' **लोक संस्कृतिको घेरामा लमजुङ्ग** काठमाडौं : साझा प्रकाशन २०४१ ।

[७९] धर्मराज थापा, **ऐजन**, प्रकाशकीय ।

लेखिएको यस पुस्तकका १,२,४ र विविध खण्डमा हंसपुरेको विशेष प्रयास रहेको बुझिन्छ ।

**ग) निष्कर्ष**

लोक शब्दको उत्पत्ति देखि लिएर नेपाली लोक साहित्यका विविध विधाहरूको परिचय र विवेचनाका साथ लोक साहित्यका सामग्री सङ्कलनसमेत प्रस्तुत गरिएको यो पुस्तक लोक साहित्यका अध्ययनमा चासो राख्ने सबैका लागि उपयोगी देखिन्छ ।

**६.१.७ सगरमाथाको सेरोफेरो (२०४४)**

**क)परिचय**

**सगरमाथाको सेरोफेरो** धर्मराज थापाको यात्रा साहित्यको उद्यानमा फूलेको एउटा सुन्दर फूल हो[८०] भनेर लेखक तथा सङ्कलकले स्वयं भनेका छन् । यस पुस्तकको प्रकाशन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट भएको हो । प्र.सं. १००० प्रति छापिएको उक्त पुस्तकमा ३८ वटा शीर्षक र त्यस भित्रपनि उपशीर्षक रहेका छन् र जम्मा २६० पृष्ठमा समेटिएको छ । यसमा धर्मराज थापा प्रज्ञा-प्रतिष्ठानमा रहँदा त्यहाँबाट प्राप्त ४५ दिनको अवधि मध्ये ४३ दिनसम्म सगरमाथा अञ्चलको उत्तरी क्षेत्रमा रहेको यात्रा वर्णन प्रस्तुत कृतिमा रहेको छ ।

**ख) अन्वेषण**

**सगरमाथाको सेरोफेरोमा** थापाले यात्राको पहिलो बासदेखि त्रिचालिसौं बाससम्मको यात्रालाई प्रस्तुत गरेका छन् । यात्राको पहिलो बासमा साँगा र नाला भन्ज्याङ् हुँदै वनेपा, धुलिखेल, पाँचखाल, दोलालघाट, लामासाँघु हुँदै पेट्कु गाउँसम्म पुग्दा भएका यत्राक्रमका वर्णनहरू प्रस्तुत गरेका छन् । त्यसैगरी सिलढुङ्गा, मानेडाँडा, मुढेगाउँ, सैलुङको लेक, निगाले, सुर्केभन्ज्याङ् हुँदै चरणावी र घट्टेखोलाको बीच बगर पुग्दाका यात्राका क्षण र अनुभवहरूलाई सङ्गालेको दोस्रो वास अर्न्तगत पाइन्छ । यात्राको तेस्रो वासमा उनले यात्रा भएका क्रियाकलापहरू लगायत गीतको प्रस्तुति दिएको पाइन्छ । उनले गीतको एउटा अंश यसरी दिएका छन् :

---

[८०] धर्मराज थापा, 'भूमिका' **सगरमाथाको सेरोफेरो** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान २०४४ ।

सानुमा ढुङ्गो त्यो ओल्टाइ र पल्टाई

ठूलो ढुङ्गो गल लाउँदै[२]

कहाँ जानु हुन्छ ए परदेशी दाजु !

रातो रूमाल हल्लाउँदै …………रातो रूमाल हल्लाउँदै ।[८१]

यात्राको चौथो दिनमा उनले भोगेका लोक संस्कृति, जिरेल भाकाका गीतहरू सङ्कलित छन् भने पाचौं वासमा लामाहरूको पुजा गरेको केही ऐतिहासिक घटना सङ्कलन गरेका छन् । यसैगरी छैटौं, सातौं, बास हुँदै उहाँको यात्रा अगाडि बढेको पाइन्छ । उनले शेर्पा भाषाका गीतहरू, लामा गुम्बामा गाइने गाथा, सेर्पा भाषाकै मंगलगीत, खालिङ्गे भाका, रेलिमाई भाका, आफैले रचना गरेर गाएका गीतहरू यस कृतिमा थापाले सङ्कलन गरेका छन् । उनले यात्राका क्रममा देखिएका पहाडका चौंरी गोठहरू, जीवनका भोगाइहरू र जीवनमा उनले पाएका यात्राका दुःख व्यथा तथा सुखद क्षणहरू पनि वर्णन गरेका छन् ।

धर्मराज थापाले भ्रमण जीवनको ज्ञानराशि सङ्कलन गर्ने शिक्षालय हो । यसै शिक्षालयको अध्ययनबाट पर्यटकहरूले जीवनको अत्युत्तम आनन्द प्राप्त गरेका छन् । संस्कृति, लोक संस्कृति राष्ट्रको आत्मा हो । भ्रमण विद्याले यसको ढुकढुकी छाम्न सक्तछ । यसैले भ्रमण र राष्ट्रिय संस्कृतिको अन्योन्याश्रित सम्बन्ध छ ।[८२] भनेर उल्लेख गरेका छन् । यस पुस्तकमा थापाले यात्राका प्रथम बासदेखि ४३ औ वाससम्म कुन-कुन ठाउँमा बसे, त्यहाँबाट कसरी अगाडि बढे, बास बस्ने क्रममा के-के देखे, भेटे, त्यही विषयलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गरेका छन् ।

**ग) निष्कर्ष**

धर्मराज थापाले सम्पूर्ण भोगाइलाई यात्रा वर्णन गरेता पनि प्रस्तुत पुस्तक लेखनको मुख्य उद्देश्य सगरमाथा क्षेत्रको लोक संस्कृतिको अन्वेषण गर्नु नै रहेको देखिन्छ । थापाले सगरमाथा क्षेत्रका राई, सेर्पा, तामाङ, सुनुवार, किन्नरी आदिका लोक संस्कारका साथै तिनीहरूको लोकगीतको सङ्कलन पनि भएको उक्त पुस्तकमा हाटबजार मूल्यसूचीका साथै बाटामा पर्ने होटल तथा सरकार, चौरीखर्क आदि ठाउँका

---

[८१] **ऐजन**, पृ. १८ ।

[८२] **ऐजन**, पृ. २६२ ।

स्थानीय समाजसेवीहरूको पनि परिचय दिएका छन् । यसरी सगरमाथाको प्रकृति, लोकजीवन, लोक संस्कृति, भौगोलिक अवस्थिति ऐतिहासिक महत्त्वका वस्तु, राज्य विस्तारको क्रममा विभाजित खर्च आदिको परिचय दिएको यो पुस्तक सबै पक्षका लागि अध्ययनयोग्य देखिन्छ ।

### ६.१.८ चितवन दर्पण (२०५०)

#### क) परिचय

**चितवन दर्पण** धर्मराज थापाको यात्रा वर्णनको शैलीमा लेखिएको अन्वेषणात्मक प्रबन्ध ग्रन्थ हो । यसको लेखनकार्य २०३० साल अगावै भएको बुझिन्छ भने यसको प्रकाशन २०५० सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट भएको हो । यो पुस्तक बाहिरी आवरण पृष्ठहरू बाहेक २५९ पृष्ठमा संरचित छ । आवरण पृष्ठमा चितवन जिल्ला र थारु जातिको संस्कृति झल्काउने चित्र छ भने पछाडिको भागमा लेखकको फोटो रहेको छ । उक्त पुस्तकको मूल्य रु. ८५।५० रहेको, इश्वर बरालले आमुख, लेखकले आत्म निवेदन दिएको, ६४ वटा शीर्षक र विषयसूची भन्दा पछाडी चितवन जिल्लाको नक्सा रहेको छ ।

#### ख) अन्वेषण

धर्मराज थापाले आफूले देखे डुलेका विभिन्न ठाउँहरू मन्दिर ताल तलैया दरवार आदि विभिन्न जीवजन्तु चराचुरुङ्गीको परिचय दिनुका साथै फोटो समेत प्रस्तुत गरेका छन् । नारायणी देवघाट स्नानः दियालो वंगला, टिकौली सौराहाको हात्तीसारको बिजुली प्रसाद हात्ती, राष्ट्रिय निकुञ्ज, केशरा दरवार, मेघौली र टाइगरटप, मुजुर, गैंडा, बाघ र बनेल, श्री सोमेश्वर कालीको दर्शन, मगुवै खोलो, रसगुरौको सुनको ढुङ्गा, सोमश्वरबाट दृश्यावलोकन, वीरगञ्ज, बघौडा गाउँ, बाल्मिकी आश्रम, ढोरवराह, छब्दीबराह, दुम्सीकोट, देवघाट, महर्षि वेदव्यास र दमौली आदि शीर्षक दिएर थापाले चितवनको धार्मिक, ऐतिहासिक तथा भौगोलिक महत्त्व उल्लेख गरेका छन् । उनले चराचुरुङ्गी जीवजन्तु तथा देवी देवताले बास गरेको ठाउँ चितवनलाई जनसमक्ष प्रस्तुत गरेका छन् ।

यसैगरी विभिन्न थरी थारुका उत्पत्ति र चालचलन, गर्दीका गुरौ र लोकगीत, गर्दीको पराँती र झापा लोकगीत, सोरठी, लगनी गीत, विरहानी लोकगीत, दुर्गा

देवीको गीत, चणिवरको लोकगाथा, पिपरिया असारे लोकगीत, रमाइलो डाँडाका दरै वंशको परम्परा र लोकगीत, चेपाङ जाति र रामपुरको खेती, बोटे र छाउदी बराहको संस्कृति, दरै जातिका भाषा र चलन चाँजोको लोकगीत आदि जस्ता शीर्षक दिएर थारु, बोटे र दरै जातिका जनजीवनको लोक संस्कृति बटुलेका छन् । यसरी संस्कृतिलाई बटुल्ने क्रममा त्यस क्षेत्रमा प्रचलित लोकगाथा, लोकगीत, चुट्का दोहोरी आदिको नमुना सङ्कलन प्रस्तुत गरिएको यस पुस्तकमा त्यस क्षेत्रका जनताको जीवनस्तर र भेषभूषाको समेत परिचय दिएको छ ।

धर्मराज थापाले प्रस्तुत पुस्तकमा केही फूटकर टिप्पणी शीर्षक दिएर देवघाट, मुचुक, चुहुने मूढा, भीमबाघ दमौली सेनवंशी राजा आदिको परिचय दिएर चिनाउने काम गरेका छन् । हाम्रो देश चारवर्ण छत्तीस जातको फूलबारी हो भन्ने तथ्यलाई यस प्रयासले स्पष्ट गर्छ । यस अन्वेषण विधिले सकभर व्यापकता दिने र प्रमाणिक बनाउने प्रयास गरेको[८३] कुरा यस प्रस्तुत पुस्तकमा थापाले उल्लेख गरेका छन् । वास्तवमा 'नारायणी' 'चितवन दर्पण' आफ्ना ऐतिहासिक लोक तथ्यलाई संक्षिप्त रूपले प्रस्तुत हुन्छ । यहाँ मूलतः चितवनका आदिवासीहरू उनीहरूका जीवनगत संस्कार र चाडपर्वहरू, पूजा आजा र जीवनगत विधि विधानहरू आदि प्रस्तुत गर्ने प्रयास यस पुस्तकमा रहेको छ ।

**ग)निष्कर्ष**

यस पुस्तकले चितवनको बारेमा धेरै कुराको जानकारी दिएर ऐनाको काम गरेको यस पुस्तकको नाम **चितवन दर्पण** सार्थक रहेको देखिन्छ । चितवनको ऐतिहासिक भौगोलिक, सांस्कृतिक, सामाजिक, आर्थिक आदि सबै पक्षलाई समेटेको यस पुस्तकले त्यस क्षेत्रमा योगदान गर्ने व्यक्तिको चिनारी पनि प्रदान गरेको छ । यसरी चितवनका विभिन्न पक्षको परिचय दिएको यो पुस्तक चितवनको बारे अझ थारु, दरै, बोटे,  चेपाङ्ग जातिको लोक संस्कृतिको बारेमा जानकारी राख्न चाहने सबै पक्षका लागि उपयोगी देखिन्छ ।

[८३] धर्मराज थापा, **चितवन दर्पण** नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान २०५० पृ. २५९ ।

## ६.२ धर्मराज थापाको योगदानको मूल्याङ्कन

नेपाली साहित्यको सृजनात्मक फाँटका साथै खोज-अन्वेषण र सम्पादनको क्षेत्रमा समेत सक्रिय थापा नेपाली लोक साहित्यका चौतर्फी विधामा कलम चलाउने विशिष्ट साधक तथा प्रतिभावान् व्यक्तिका रूपमा प्रसिद्ध छन् । लोकगीत गायक, लेखक, गीतकार, सम्पादक तथा नेपाली साहित्य र संस्कृतिको अन्वेषक र सङलकका रूपमा स्थापित थापा मुर्धन्य प्रतिभाशाली व्यक्ति हुन् । नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको योगदानको मूल्याङ्कन समग्रमा देहाय बमोजिम गर्न सकिन्छ ।

### ६.२. १ मेचीदेखि महाकालीसम्म स्थलगत भ्रमण गरी सामग्री सङ्कलन गर्ने पहिलो अध्येता

धर्मराज थापा नेपाली लोक साहित्यको क्षेत्रमा प्रवेश गर्दा लोक साहित्य पुरै बाँझो, सुख्खापन भएको अवस्थामा थियो । यसबेलामा लोक साहित्यलाई उर्वर बनाई फलाउने फूलाउने काम थापाले गरेको पाइन्छ । यसरी सामग्री सङ्कलन गर्ने क्रममा यातायातको कठिन परिस्थितिमा पनि थापाले २००९ सालदेखि आफ्नो निजी प्रयासबाट नेपालका विभिन्न अर्थात प्राय: सबै भागको भ्रमण गरी विभिन्न जातजातिमा भएका अनेक लोकगीत तथा संस्कृतिको सङ्कलन गरेर पुस्तकका रूपमा सुरक्षित गरी व्यापकता ल्याइ प्रचार-प्रसारलाई तीव्रता दिएकाले थापा लोक साहित्य सामग्री सङ्कलन गर्ने पहिलो अध्येता हुन् ।

थापाले सर्वप्रथम खोज अन्वेषण सम्बन्धी पुस्ताकार कृतिका रूपमा प्रकाशित गरेको पुस्तक **मेरो नेपाल भ्रमण** (२०१६) मा पूर्व मेची देखि पश्चिम महाकालीसम्मका लोप हुन लागेका लोकगीत तथा लोक संस्कृतिको अन्वेषण प्रस्तुत गरेका छन् । यसैगरी **हाम्रो लोकगीत** (२०२०) मा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका लोकगीतको सङ्कलन पनि थापाले गरेका छन् । तत्कालीन विषम परिस्थितिमा पनि थापा प्रथमपटक लोक साहित्य अन्वेषणमा मेचीदेखि महाकालीसम्म स्थलगत भ्रमण गरी सामाग्री सङ्कलन गर्ने अध्येता हुन् ।

### ६.२.२ सामग्री सङ्कलनमा आधिकारिकता दिने प्रयास

धर्मराज थापाद्वारा सङ्कलित लोकगीत, लोक संस्कृति, लोकनाटक तथा लोकगाथा कुन-कुन स्थान तथा समाजबाट सङ्कलन गरिएका हुन् प्रष्ट रूपले थाहा पाइन्छ । थापाले प्रष्ट रूपमा यसरी उल्लेख गरेबाट पनि सामग्री सङ्कलनमा आधिकारिकता दिने प्रयास गरेका छन् । सामग्री सङ्कलनमा भ्रमण गरेका स्थान, उनले पाएको दु:ख, पीडा, सुखद क्षण, वास वस्दाका क्षणहरू, यात्राको वर्णन आदिको उल्लेख भएबाट पनि उनका सामग्रीले आधिकारिकता दिने प्रयास गरेका छन् ।

थापाले लेखेका तथा प्रकाशित गरेका कृतिहरू तथा उनले रेकर्ड गरेका, गाएका गीतहरू समेतमा स्थान तथा मिति उल्लेख छ । जुन संस्कृति गीत, नाच आदि समाजमा प्रचलित छ त्यहीँ गएर समाजमा  घुलमिल भई सामाग्री सङ्कलन गरेबाट पनि आधिकारिकता पाउन सकिन्छ । उनले त्यहीको भाषा, स्थानीय बोलचाल आदि तोडमोड नगरी जस्ताको त्यस्तै उल्लेख गरेको पाइन्छ ।

### ६.२.३ पछिल्ला अन्वेषकका लागि आधार सामाग्री प्रदान

धर्मराज थापाले नेपाली जनजीवनमा गाइने लोकगीत तथा लोक संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि नेपालका विभिन्न जिल्लाहरू तथा नेपालीहरू बसोबास गरेको प्रवासमा समेत गई त्यहाँका जनजीवनलाई नेपाली गीतहरू सुनाउँदै गीतहरूको सङ्कलन गर्ने कार्यमा आफूलाई समर्पित गरे । यसरी खोज-अन्वेषण र सङ्कलन गर्ने क्रममा थापाले आफ्नो जीवनमा अनेक संकट र नमिठा अनुभव सङ्गालेको पाइन्छ । थापा यस्ता संकट र घटनाहरूबाट कहिल्यै पनि हतास भएनन् बरु उनी नयाँ-नयाँ अनुभव बटुल्दै निरन्तर लोक साहित्यमा अगाडि बढेको पाइन्छ । लोक साहित्य नै आफ्नो सम्पूर्ण क्षेत्र ठान्ने थापाले लोक साहित्यसम्बन्धी विभिन्न कृतिहरू, लेख रचनाहरू प्रकाशित गरेका छन् । ती कृतिहरू पछिल्ला अन्वेषकका लागि आधार सामाग्री बनेको पाइन्छ । यस्ता सामग्रीले पछिल्ला अन्वेषकका लागि आधारस्तम्भको काम गरेको छ ।

धर्मराज थापाका कृतिहरूले अध्ययन तथा विश्लेषण गहन रूपमा गरेर अन्वेषणमा अगाडि बढ्न पछिल्ला पिँडीका लोक साहित्यकारहरूलाई पथ प्रर्दशकको काम गरेका छन् । थापाका यस्ता कृतिहरू वास्तविक भ्रमणबाट समेटिएका तथा सङ्कलित भएका हुनाले आधार सामग्री बन्नेमा दुविधा छैन ।

### ६.२.४ कुनै पेशा, व्यवसाय नअङ्गालिकन स्वतन्त्र रूपमा लोक साहित्यको सङ्कलनमा समर्पित व्यक्तित्व

धर्मराज थापाले कुनै पेशा व्यवसायमा नलागीकन स्वतन्त्र रूपमा लोक साहित्यको सङ्कलन गरेको पाइन्छ । शुरुका दिनहरूमा अर्थात २००१ सालतिर केही समय जागीर खाएता पनि जीवन दीन-दुःखी असहायको सेवामा लगाउने चोला सम्भेर उनले जागीर छोडी जागरणका गीतहरू रचेर आफैं गाइ विभिन्न ठाउँमा प्रस्तुत गर्दै हिंडे । थापाले २००९ सालमा लोकगीत सङ्ग्रहालय स्थापना गरी ‘डाँफेचरी’ पत्रिकाको प्रकाशन गर्न थाले ।

थापाले स्वदेश तथा विदेशका विभिन्न ठाउँहरूमा निजी भ्रमण गरी नेपाली लोकगीत सङ्गीत तथा लोक संस्कृति सम्बन्धी कृतिहरू प्रकाशित गरे । विभिन्न जाति तथा समुदायमा भिजेर उनीहरूको ढुकढुकी बन्न सफल थापाले नेपाली लोक साहित्यलाई दिएको योगदान अविस्मरणीय छ । जीवनका आशा-उमङ्ग, आँशु-हाँसो, बह-वेदना, माया-प्रितिका सुक्ष्म अनुभूतिलाई सफल रूपमा चित्रण गरी आफ्नो व्यक्तित्वलाई थापाले उच्च बनाएका छन् । लोक संस्कृति र लोकगीतका सङ्कलक तथा अन्वेषक व्यक्ति थापा कसैको कुनै लोभलालच, पेशा, व्यवसायमा सामेल नभई सदा लोक साहित्य सङ्कलनमा समर्पित भएर नेपाली लोक साहित्यलाई लगाएको गुणको भारी तिरिनसक्नु छ । त्यसैले थापा लोक साहित्य सङ्कलनका समर्पित व्यक्तित्व हुन् ।

## ६.३ निष्कर्ष

लोक साहित्यको अन्वेषण गर्ने क्रममा धर्मराज थापाले नेपालका विभिन्न क्षेत्र तथा विदेशमा समेत नेपाली वस्तीमा गएर खोज-अन्वेषण तथा सङ्कलन गरेर

पुस्तकहरू प्रकाशित गरेका छन् । यस्ता लोक साहित्य अन्वेषण तथा सङ्कलन सम्बन्धी पुस्तकहरूबाट उनको अन्वेषणात्मक क्षमता उच्च रहेको थाहा पाइन्छ । उनका यस्ता पुस्तकहरूबाट त्यस क्षेत्रमा मात्र सिमित लोक साहित्य तथा लोक संस्कृति जनता समक्ष पुऱ्याउन विशेष योगदान दिएका छन् । उनका अन्वेषणत्मक पुस्तकहरू लोक साहित्य तथा संस्कृतिका बारेमा जानकारी लिन चाहने सबैका लागि उपयोगी छन् ।

## परिच्छेद – सात

# शोध निष्कर्ष

### ७.१ शोधसार

यस शोधपत्रमा छ वटा परिच्छेद प्रस्तुत गरी नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको योगदानको बारेमा वर्णन गरिएको छ । पहिलो परिच्छेदमा शोधपत्रको विषय परिचय, पूर्वकार्यको समीक्षा एवम् रूपरेखा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा धर्मराज थापाको सङ्क्षिप्त जीवनी अध्ययन गरिएको छ । वि.सं. १९८१ सालमा पोखराको बाटुले चौर भन्ने ठाउँमा जन्मिएर उनले जीवनलाई नै लोक साहित्य क्षेत्रमा समर्पण गरेको देखिन्छ । उनले केही समय जागीर खाएपनि विभिन्न सामाजिक सांस्कृतिक संस्थामा रहेर बढी समय बिताएको पाइन्छ । मध्यम वर्गीय वित्तीय स्थिति भएका थापाका तीन छोरा र दुई छोरी सहितको पारिवारीक स्थिति देखिन्छ र उनको दाम्पत्य जीवन पनि सुखमय नै रहेको पाइन्छ । केटाकेटी अवस्था देखिनै लोक साहित्यमा तल्लीन रहेका थापा लेखपढ गर्न जान्ने भएपछि नेपाली झ्याउरे काव्यहरू पढ्न थाले र तत्कालीन जल्दाबल्दा साहित्यकारहरूसँग पनि उनको सम्पर्क बढ्न थाल्यो । उनको बालककालको सुरिलो स्वरले गर्दा नै लोकगीतमा अझबढी सक्रिय भएको पाइन्छ ।

नेपाल लगायत विभिन्न देशको भ्रमण गरेका थापाले रेडियो नेपाल, प्रज्ञा प्रतिष्ठान, प्रगतिशील लेखक संघ आदिमा रहेर कार्य गरेका थिए । बालककालदेखि नै नेपालका अभिन्न अंगका रूपमा रहेका भजन, कीर्तन, चुट्का, दोहरी, लोककथा आदि परिवेशवीचमा हुर्केका थापा नेपाली लोकगीत र लोक संस्कृतिको क्षेत्रमा सक्रिय भई ख्याती प्राप्त गरेको पाइन्छ । लोक संस्कृतिबाट निर्देशित साहित्यिक सिर्जनशीलता नै उनका जीवनको गौरवमय पक्ष रहेको देखिन्छ ।

तेस्रो परिच्छेदमा उनको लोक साहित्यको अन्वेषण यात्रा प्रस्तुत गरिएको छ । उनले लोक साहित्यमा खोज तथा अन्वेषण गरेका मुख्य-मुख्य विषयवस्तुहरू समेटिएका छन् । २००१ सालतिर उद्योग पत्रिकामा 'कुवा' कविता लिएर धर्मराज थापा

नेपाली साहित्य लेखनमा सार्वजनिक रूपमा प्रकट भएको देखिन्छ । प्रकाशनको आरम्भदेखि २००७ सालसम्म उनी स्वच्छन्दतावादी भएर देखापर्दछन् । यस समयमा थापाले प्रकृति प्रेम, अतितको स्मरण, भविष्यको कल्पना, जीवन र जगतका स्वतन्त्र चिन्तन आदि व्यक्त भएका स्वाच्छन्दतावादी कृतिहरू सिर्जना गरेको पाइन्छ । २००८ देखि २०१५ को अवधिमा उनी स्वच्छन्दतावादी-प्रगतिवादी देखा पर्दछन् । यस समयमा थापाले न्याय, समानता र स्वतन्त्रताका भाव व्यक्त भएका गीत कविताको रचना र प्रकाशन बढी गरेको पाइन्छ । आर्थिक असमानता प्रति चिन्ता र अमानवीयता विरोधी मानवतावादी धारणाका साथै क्रान्ति र संघर्षको आह्वान गरिएका थापाका गीत-कविताहरू यस समयमा बढी पाउन सकिन्छ । २०१६ देखि २०२४ को अवधिमा थापा खोज-अन्वेषणमा उन्मुख रहेको पाइन्छ । यस समयमा थापा सत्ता स्तुतितर्फ पनि ढल्केको पाइन्छ । २०२५ पछि थापाको लेखन विशिष्टतातर्फ उन्मुख रहेको पाइन्छ । थापाका २०२५ पछिका रचनाहरू तथा खोज अन्वेषणात्मक ग्रन्थहरूले २०२४ भन्दा अगाडिका रचना तथा खोज-अन्वेषणले भन्दा विशिष्ट उत्कर्ष प्राप्त गरेको पाइन्छ । त्यसैले खोज-अन्वेषण र सङ्कलनका क्षेत्रमा उनको नाउँ अविश्मरणीय रहेको छ ।

चौथो परिच्छेदबाट यो कुरा प्रष्ट हुन्छ कि कुनै पनि राष्ट्रको आफ्नो भन्नु त्यस देशको आफ्नै मौलिक लोक साहित्य तथा संस्कृति हो । लोक साहित्य छुट्टाछुट्टै शब्दहरूको संयोगबाट बनेको र लोक साहित्य लोकमा रहने सर्वसाधारण जनताको प्रत्यक्ष क्रियाकलापमा सुख-दुःख हाँसो-रोदन, मिलन-बिछोड आदिलाई सरस तथा सरल भाषामा गाइने वा सुनाइने र चाडपर्व, मेला, संस्कृति आदि नै लोक साहित्य भएको पाइन्छ ।

लोक साहित्यका बारेमा पश्चिमेली जगतका अंग्रेजी साहित्यकारहरू देखि लिएर भारतीय विद्वानहरूले आ-आफ्नै किसिमले परिभाषा गरेका छन् । नेपाली लोक साहित्यमा पनि विभिन्न विद्वानहरूले आफ्नै तरिकाले परिभाषा गरेको पाइन्छ । वास्तवमा लोक साहित्यका सामाग्री मानव संस्कृतिकै धरातल अन्वेषण गर्ने स्रोतका रूपमा रहेको पाइन्छ । मौखिक परम्परा, सामुहिकता, काल्पनिकता र यथार्थता, सरस र सरलता, मनोरञ्जकता आदि विशेषताहरू लोक साहित्यमा भएको पाइन्छ । नेपाली लोक साहित्यमा बहुचर्चित र चिर परिचित हुँदै आएका विधाहरू लोकगीत, लोककथा,

लोकनाटक, लोकगाथा, उखान टुक्का र गाउँखाने कथा हुन् र यिनै लोक साहित्यलाई वर्गीकरण गरी अध्ययन अनुसन्धान अगाडी बढाएको पाइन्छ ।

पाचौं परिच्छेदमा धर्मराज थापाले लोक साहित्यका विधाहरूमा दिएको योगदान उल्लेख गरिएको छ । फुटकर कविताबाट नेपाली साहित्यमा प्रवेश गरेका थापा नेपाली साहित्यको सृजनात्मक फाँट, खोज अन्वेषण र सम्पादनको क्षेत्रमा समेत सक्रिय रहेको पाइन्छ । उनका प्रकाशित कृतिहरूबाट उनलाई खण्डकाव्यकार, अन्वेषक तथा सम्पादकका रूपमा स्वीकार्न सकिन्छ । लेखनका हिसाबले थापाको योगदान केलाउँदा लोक संस्कृति एकठाउँमा बसेर मात्र होइन, नेपालका कुनाकुना, गाउँ-गाउँमा घुमेर लोकगीत सङ्कलन गर्ने, लोक संस्कृति बुझ्ने र सङ्कलन गर्ने जस्ता विषयमा थापाको योगदान विशिष्ट रहेको छ । थापाका रचनामा बहुसंख्यक जीवनले भोगेका सुख-दुःख, आवश्यकता र आकांक्षा, चिन्तन र स्पन्दन देख्न पाइन्छ भने सामाजिक जीवनका भोगाइलाई परिवर्तनगामी तीव्र स्वर दिएको पाइन्छ । थापाका गीत कविताले शास्वत् पक्ष भन्दा तज्जन्य मनिस्थितिबारे बढी चाख लिएका हुन्छन् र त्यसमा रतिएका हुन्छन् ।[८४]

पत्रपत्रिका, साहित्य सङ्कलन र स्मारिका आदिमा प्रकाशित थापाका फुटकर रचनाहरू प्रशस्त छन् । उनले ६१ वटा गीतहरू सार्वजनिक रूपमा गाएको पाइन्छ । अझै अरू रचनाहरू पनि प्राप्त हुन सक्ने सम्भावना छ । उनका रचनाहरू गीतिकाव्य साथै लोक साहित्यका अन्वेषण सम्बन्धी लेख छन् । उनका यी रचनाहरूबाट लोक साहित्य र लोक संस्कृतिको झल्को बढी पाउन सकिन्छ । उनका समसामयिक पत्रिकामा प्रकाशित तथा प्रसारित रचनाले थापा उत्कृष्ट प्रतिभा भएका कवि, अन्वेषक तथा उच्च गायन क्षमता भएका प्रतिभाका रूपमा देखापर्दछन् ।

छैटौं परिच्छेदमा थापा नेपाली लोक साहित्यका खोज अन्वेषणका क्षेत्रमा सक्रिय रहेको पाइन्छ । थापाको खोज अन्वेषणसम्बन्धी पहिलो पुस्तक **मेरो नेपाल भ्रमण** (२०१६) सालमा प्रकाशित भयो भने अर्को पुस्तक **हाम्रो लोकगीत** (२०२०) सालमा देखा पर्दछ । उनका यस्ता खोज-अन्वेषण सम्बन्धी पुस्तकहरूमा **गण्डकीका सुसेली**

---

[८४] राममणि रिसाल, **पूर्ववत**, पृ. ३४४ ।

(२०३०) **लामीछाने थापाको वंशावली** (२०३९) **लोक संस्कृतिको घेरामा लमजुङ्ग** (२०४१) **नेपाली लोक साहित्यको विवेचना** (सहलेखन) (२०४१) **सगरमाथाको सेरोफेरो** (२०४४), **चितवन दर्पण** (२०५०) आदि देखापर्दछन् । उनका यी खोज अन्वेषणले विदेशी साहित्य विदेशी चलचित्र र विदेशी संस्कृतिको नक्कलले गर्दा लोप हुन लागेका हाम्रा संस्कृति र लोक साहित्यका संरक्षणमा विशेष टेवा पुऱ्याउन खोजेका छन् । लोक संस्कृतिको स्वतन्त्र अध्ययन चिन्तन मननका साथै तिनको खोज-अन्वेषण र सङ्कलनबाट थापामा समालोचकीय र अन्वेषणात्मक क्षमता रहेको मान्न सकिन्छ ।

धर्मराज थापाले लोकगीत, लोककथा, लोकगाथा, सवाई, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा समेत खोज तथा सङ्कलन गरेका छन् । थापाले सोरठी, घाटु, बालुन आदि विभिन्न क्षेत्रमा छरिएर रहेका विषयहरूलाई एकत्र गरी आफ्ना कृतिहरूमा सङ्कलन गरेर लोक साहित्यलाई संरक्षण तथा संवर्द्धन गर्ने काम गरेका छन् । जसले गर्दा एकै ठाउँमा सिमित यस्ता सामग्रीहरूलाई जनसमक्ष प्रकाशित गर्न सहयोग पुऱ्याएको देखिन्छ । नेपाली लोक साहित्यको अन्वेषणमा मेचीदेखि महाकालीसम्म स्थलगत भ्रमण गरी सामग्री सङ्कलनमा आधिकारिता दिने प्रयास थापाबाट भएको छ । कुनै पेशा, व्यवसाय नअङ्गालिकन स्वतन्त्र रूपमा समर्पित भएर पछिल्ला अन्वेषकका लागि आधार सामग्री प्रदान गर्ने थापाको योगदान अविश्मरणीय रहेको छ ।

### ७.२ निष्कर्ष

नेपाली लोक साहित्यको अन्वेषण, सङ्कलन र सम्पादनका क्षेत्रमा योगदान दिएर थापाले आफ्नो जीवन नै समर्पित गरेका छन् । नेपाली साहित्यको फाँटमा धर्मराज थापालाई लोकगीत, सङ्गीत, लोक संस्कृति तथा लोकगाथा, लोककथा, लोक नाटक आदिका क्षेत्रमा निरन्तर लागि पर्ने कुशल प्रतिभाशाली अन्वेषक व्यक्तिका रूपमा चिनिन्छ । नेपाली जनजीवन र संस्कृतिको गहिरो प्रभाव नेपाली लोक साहित्यमा परेको छ । त्यसैले  लोकसंस्कृतिको संरक्षण गर्दा लोक साहित्यको संरक्षण गर्नु नितान्त आवश्यक छ । राष्ट्र र राष्ट्रियतासँग यस्तो महत्त्वपूर्ण सम्बन्ध राख्ने हाम्रो नेपाली लोक साहित्य तथा संस्कृतिको जगेर्ना गर्नु आवश्यक थियो, जुन काम धर्मराज थापाले गरेका छन् ।

नेपाली लोक साहित्यमा धर्मराज थापाले दिएको योगदान ज्यादै गहकिलो छ । विभिन्न संस्कृतिको नजिकबाट खोज अन्वेषण गरी सङ्कलन, गायन र लेखन गरेर थापा नेपाली र नेपालीत्व चिनाउने तथा सचेत बनाउने कार्यमा निरन्तर लागिरहे । थापा लोक साहित्यको अध्ययन, अनुसन्धान, सङ्कलन र यसको प्रचार-प्रसारमा संलग्न रहेर लोक साहित्यका क्षेत्रमा बलियो स्तम्भका रूपमा देखिएका छन् ।

समग्रमा धर्मराज थापाले गरेको नेपाली लोक साहित्य तथा संस्कृतिको सम्र्बद्धन गर्ने काम अविस्मरणीय छ । धर्मराज थापाको योगदान नेपाली लोक साहित्यको इतिहासमा उच्च रहेको छ । लोक साहित्य र लोक संस्कृति रहेसम्म धर्मराज थापाको नाम अमर तथा कालजयी भएर रहिरहने छ ।

## सन्दर्भ सामग्री सूची


ओझा, कृष्ण प्रसाद, "धर्मराज थापा र नेपाली लोक साहित्यमा उनको योगदान", काठमाडौं, अप्रकाशित स्नातक शोधपत्र रत्न राज्यलक्ष्मी क्याम्पस, २०४१ ।

कुँवर, उत्तम, **स्रष्टा र साहित्य** काठमाडौं : साझा प्रकाशन, तेस्रो संस्करण, २०५० ।

थापा, धर्मराज, **कालीको लहर** पोखरा : सावित्री थापा ।

................., **कोशेली** दार्जीलिङ : रविन्द्रनाथ मित्र, सन् १९५३ ।

................., **बत्तिमनि अँधेरो** काठमाडौं : लोकगीत सङ्ग्रहालय, २०१० ।

................., **शीतलपाटीमा** पाल्पा : लाकौल ब्रदर्श, २०१० ।

................., **वन-चरो** काठमाडौं : रत्न पुस्तक भण्डार, २०१४ ।

................., **पहाडी संगीत** काठमाडौं : रत्न पुस्तक भण्डार, दो.सं. २०१४ ।

................., **निर्वाचन लहर** काठमाडौं : निर्वाचन आयोग प्रचार विभाग, २०१५ ।

................., **शहीद सम्झना** झापा : नेपाली साहित्य सदन, दो.सं. २०१५ ।

................., **श्री ५ पृथ्वीको अर्ति** काठमाडौं : रत्न पुस्तक भण्डार, १०१६ ।

................., **नेपाली गीत** काठमाडौं : भाग्योदय चिठ्ठा कार्यालय, २०१६ ।

................., **मेरो नेपाल भ्रमण** काठमाडौं : रत्न पुस्तक भण्डार, २०१६ ।

................., **रत्न जुनेली** पोखरा : लेखक स्वयं, दो.सं. २०१७ ।

................., **श्री ५ महेन्द्रको सवाई** काठमाडौं : रत्न पुस्तक भण्डार, २०१७ ।

................., **रानी पोखरा** पोखरा : लेखक स्वयम्, दो.सं. २०१८ ।

................., **मिरमिरेको रन्को** पोखरा : सावित्री थापा, २०१९ ।

................., **हाम्रो लोकगीत** काठमाडौं : श्री ५ को सरकार पञ्चायत मन्त्रालय, रेडियो नेपाल २०२० ।

................., **मंगली कुसुम** पोखरा : सावित्री थापा, २०२५ ।

................., **हिमालको आँसु** पोखरा : सावित्री थापा, २०२९ ।

................., **गण्डकीका सुसेली** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३० ।

................., **दिव्य चौतारी** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३५ ।

................., **गोलसिमल** काठमाडौं : साझा प्रकाशन, २०३६ ।

................, **लामिछाने थापाको वंशावली** पोखरा : मदनराज थापा र कुञ्जराज थापा, २०३९ ।

................, **लोक संस्कृतिको घेरामा लमजुङ** काठमाडौं : साझा प्रकाशन, २०४१ ।

................, **सगरमाथाको सेरोफेरो** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०४४ ।

................, **नल-दमयन्ती** पोखरा : श्री शुक्ला साहित्य समिति, २०४८ ।

................, **मुक्तिनाथ दर्शन** पोखरा : श्री शुक्ला साहित्य समिति, २०४८ ।

................, **चितवन दर्पण** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५० ।

..............., 'पुष्पलाल एक संस्मरण' **क. पुष्पलाल स्मृति अङ्क** काठमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान, २०५२ ।

.............., 'नेपाली साहित्य जागरण अभियानका केही स्मरणहरू' **डाँफेचरी** २०५३ साउन ।

..............., **अभिनन्दन ग्रन्थ** काठमाडौ : जनकविकेशरी धर्मराज सावित्री थापा गुठी, स्वयम्भू २०६७ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोक साहित्यको विवेचना** काठमाडौं : पाठ्यविकास केन्द्र त्रिभुवन विश्वविद्यालय, २०४१ ।

थापा, सावित्री (प्रका.) **भेटघाट** (अभिनन्दन सङग्रह) : स्वयम् २०२० ।

दर्नाल, रामशरण, **नेपाली संगीत साधक** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३० ।

पन्त, दामोदर, "नेपाली लोक साहित्यको सम्बर्द्धनमा धर्मराज थापाको योगदान" अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०३८ ।

पराजुली, कृष्णप्रसाद, 'नेपाली लोकगीतको परम्परा' **सुनकोसी** काठमाडौं : सुनकोसी साहित्य प्रतिष्ठान, सङग्रह १, २०५१ ।

पराजुली, कृष्ण प्रसाद, **नेपाली लोकगीतको आलोक** विणा प्रकाशन प्रा.लि., त्रिपुरेश्वर काठमाडौं नेपाल (२०५७) ।

पौडेल, खुमलाल, **पोखरेली समाजलोचना** गण्डकी साहित्य संगम, पोखरा २०६५ ।

बराल, ईश्वर, 'भूमिका' **हिमचुली** काठमाडौं : साझा प्रकाशन, तेस्रो संस्करण, २०४३ ।

बन्धु, चुडामणि, **नेपाली लोक साहित्य** काठमाडौ : एकता बुक्स, प्रथम संस्करण २०५८ ।

भट्टराई, घटराज, **प्रतिभै प्रतिभा र नेपाली साहित्य** काठमाडौं : एकतावुक्स डिस्टिव्युटर्स, दो.सं. २०५१ ।

रिसाल, राममणि, **नेपाली काव्य र कवि** काठमाडौं : साझा प्रकाशन, चौ.सं. २०५१ ।

लोहनी, हिमाल, 'जनकविकेशरी' **पुकार** वर्ष ४ अङ्क १५-१६ ।

शर्मा, बालचन्द्र, 'नेपालको लोक साहित्य र धर्मराज' **डाँफेचरी** : वर्ष १ अङ्क १, २०१० ।

शर्मा, रामकृष्ण, **दशगोर्खा** काठमाडौं : साझा प्रकाशन, चौ.सं. २०५१ ।

शर्मा, ताना, **नेपाली साहित्यको इतिहास** काठमाडौं : नवीन प्रकाशन, तेस्रो संस्करण, २०५१ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास** काठमाडौं : साझा प्रकाशन दोस्रो संस्करण २०४० ।

सम, बालकृष्ण, 'एक नेपाली कवि' **डाँफेचरी** वर्ष १ अङ्क २, २०१० ।

सापकोटा, विष्णुप्रसाद, "धर्मराज थापाको जीवनी, व्यक्तित्व र कृतित्व" अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. २०५४ ।

सुवेदी, हंसपुरे र अरूहरू (सम्पा) 'सम्पादकीय' **डाँफेचरी**, २०५३ साउन ।